# प्रहरी PRAHARI

ISSN 0266-1616

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६२, अङ्क ३ भदौ - असोज २०७७







विभिन्न स्थानमा नागरिकलाई सेवा प्रदान गर्दै नेपाल प्रहरी ।

अनुशासन, व्यवहारिकता र समयको पालना,

निश्पक्ष र निश्वार्थ सेवा प्रहरीको चाहना ।

- नेपाल प्रहरी ।

## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरू को आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरू बाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरू का साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरू लाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमुलक मौलिक ताजा लेख र विशुद्व साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ बैशाख - जेठ अंकदेखी नेपाल प्रहरीको वेबसाइट : www.nepal-police.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक

**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६२ अङ्क : ३ २०७७, भदौ-असोज



प्रमुख सल्लाहकार

प्र.ब.उ. कुबेर कडायत

सल्लाहकार

प्र.उ. मधुसुदन लुइटेल
प्र.उ. रमेश थापा

प्रधान सम्पादक

प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक

प्र.नि. होमबहादुर थापा
प्र.ना.नि.सरस्वाती बुढाथोकी

कम्प्युटर

प्र.नि.कल्पना अधिकारी
प्र.ना.नि.संगीता कार्की

आवरण

अनुराग

प्रकाशक

प्रहरी प्रधान कार्यालय,
नक्साल ।


सम्पादकीय. . .

## नेपाल प्रहरीका गौरवमय ६५ वर्ष

नेपाल प्रहरी २०७७ असोज मसान्तदेखि विधिवत स्थापनाको गौरवमय ६५औं वर्षमा प्रवेश गर्दैछ । विसं २०१२ असोज मसान्तमा प्रहरी ऐन, २०१२ लागू भई नेपाल प्रहरीले वैधानिकता प्राप्त गरेको दिनलाई नेपाल प्रहरीले प्रत्येक वर्ष प्रहरी दिवसको रूपमा मनाउँदै आएको छ । प्रहरी संगठनलाई अपराध पत्ता लगाउने, अपराधको रोकथाम तथा नियन्त्रण गर्ने सुयोग्य साधन बनाउने परिकल्पना उक्त ऐनमा राज्यले गरेको थियो । ६५ वर्ष पहिले गरिएको यस परिकल्पनाले युगानुकूल कुन हदसम्म साकार रूप लियो वा लिएन, त्यसको समीक्षा प्रहरी दिवसका दिन गर्ने गरिन्छ ।

कोभिड-१९ को विश्वब्यापी रूपमा बढ्दो प्रकोप र संक्रमणका कारण यस वर्ष सदाभैं भव्यताकासाथ प्रहरी दिवस समारोह आयोजना गर्न नसकिएला तथापि प्रहरी दिवसको गरिमा, उचाइ र प्रभावकारितामा निश्चय पनि किञ्चित कमी आउनेछैन । सदाभैं तराई, पहाड र हिमालका नागरिक तथा प्रहरीबीच सेतुको रूपमा प्रस्तुत हुन हौसला मिल्ने नै छ । ह्वात्तै बढ्दै गरेको जनअपेक्षालाई सम्बोधन गर्न प्रहरी दिवसले थप प्रेरणा प्रदान गर्नेछ ।

नेपाल प्रहरीले स्थापनाकालदेखि नै शान्ति सुरक्षा, राष्ट्रसेवा र जनसेवा तथा सुरक्षालाई लक्ष्य बनाई काम गर्दै आएको छ । जिम्मेवारीप्रति अझै प्रतिवद्ध, कानुन कार्यान्वयनमा दृढ, प्रकृयामा

सरलीकरण र नतिजामा उत्तरदायी बनाउन विविध प्रयास भएका छन् । यस क्रममा प्रहरी कार्यलाई नयाँ शैलीबाट परिचालन गरी नागरिकमैत्री सेवा प्रदान गर्न वर्तमान प्रहरी महानिरीक्षकज्यूबाट नेपाल प्रहरी कार्ययोजना-२०७७ र नेपाल प्रहरीका कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धि कार्यदिश, २०७७ लागू गरी संगठन सुधारको विशेष पहल भएको छ । नेपालको संविधानबमोजिम नेपाल प्रहरी संगठनको पुनः संरचना, सुदृढीकरण तथा प्रहरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरी संगठनको विकासको लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्नु कार्ययोजनाको उद्देश्य रहेको छ । साथै प्रहरी नियमावलीबमोजिम जारी गरिएको आचार संहिताले प्रहरी व्यवहार शिष्ट, मर्यादित, जबाफदेही, कर्तब्यनिष्ठ, नैतिकता र अनुशासनप्रति प्रतिवद्ध बनाउन मद्दत पुर्‍याउने निश्चित छ ।

कोभिड-१९ को कारण सिर्जित विषम परिस्थतिमासमेत शान्ति सुरक्षाको अवस्थामा सुधार, सामाजिक अपराध र विकृतिहरूको नियन्त्रण तथा न्यूनीकरण, लागूऔषधको नियन्त्रण तथा अवैध मदिरा निषेध, विपद् व्यवस्थापन, ट्राफिक व्यवस्थापन, गुनासो व्यवस्थापन लगायतका सम्पूर्ण कार्यमा प्रहरीको सकृयतामा कुनै कमी हुन नदिई उच्च मनोबलकासाथ स्वच्छ, व्यावसायिक, जनसेवामुखी र पारदर्शी सेवा प्रदान गर्न तल्लीन हुनु नेतृत्वको सक्षमता हो । अवैध चोरी निकासी नियन्त्रण, प्रविधिमैत्री प्रहरी सेवा प्रदान, आर्थिक अनुशासन र मितव्ययिता, आन्तरिक सुपरीवेक्षणमा लक्ष्यसहित कामको परिणाम दिन सक्नु निश्चय नै सकारात्मक पक्ष हुन् । यसले प्रहरी सेवाको वर्तमान यथार्थलाई चित्रण गर्दै प्रहरी सेवा समयानुकूल सशक्त हुँदै गएको पुष्टि गर्दछ । यसप्रकार सामुहिक भावनाको बिकास गरी राज्यद्वारा सुम्पिएको दायित्वलाई परिणाममुखी दिशावोध गराउने क्रमलाई नेपाल प्रहरीले निरन्तरता दिँदै आएको छ, यो क्रम आजपर्यन्त छ र जारी रहनेछ ।

हजारौं व्यक्तिहरू एउटै लक्ष्य र उद्देश्य लिएर कर्तव्यपथमा अगाडि बढ्ने संगठित संस्था हो, नेपाल प्रहरी । संस्थाको गरिमा कायम राख्न, प्रहरीको शिर उँचो पार्न अमर प्रहरीको योगदान अमूल्य छ । राष्ट्र र नागरिकको सेवामा हरप्रहर खटिँदा वीरगति प्राप्त प्रातः स्मरणीय अमर सहिदप्रति प्रहरी दिवसका अवसरमा श्रद्धाञ्जली समारोहको आयोजना गरिन्छ । दुवैलाई आ-आफ्नो मर्मअनुरूपको महत्त्व र न्याय दिन सकियोस् भन्ने अभिप्रायले त्यस्तो निर्णय गरिएको हो ।

६५औं प्रहरी दिवस २०७७ ले कर्तव्य कर्ममा जुटेका पाइलाहरूलाई थप हौसला प्रदान गरोस् प्रहरी द्वैमासिक प्रकाशन परिवार हार्दिक शुभकामना व्यक्त गर्दछ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ थुनछेक, धरौट तथा जमानत सम्बन्धी व्यवस्था | ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी | १ |
| ♦ अभियोजन र यसका सिद्धान्तहरु | ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी | ८ |
| ♦ जनता र देशको चिन्ता | ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' | ४० |
| ♦ दुःखका भरपर्दा साथी प्रहरी र लकडाउन.. | ✍ गंगा कर्माचार्य पौडेल | ५३ |
| ♦ प्रहरीमा बढ्दो कोरोना संक्रमण र यसको... | ✍ प्रनि जनार्दन घिमिरे | ७१ |
| ♦ प्रहरी अनुशासनमा नयाँ व्याख्याको खाँचो | ✍ विद्या प्रसाद घिमिरे | ७९ |
| ♦ पछुतो | ✍ प्रनि भोजराज पाण्डेय | ९४ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ किरिङमिरिङ बाटोमा सिमुतु | ✍ युवराज नयाँघरे | १४ |
| ♦ कर्मयोगको महत्व | ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत | २० |
| ♦ मुखौटो | ✍ श्रीराम राई | २३ |
| ♦ नेपालमा सामाजिक समावेशीकरणको ... | ✍ गम्भीर बहादुर हाडा | २४ |
| ♦ आत्मविश्वास | ✍ पूर्व प्रवउ किरम गुरुङ | ३६ |
| ♦ मुन्टो | ✍ छायादत्त न्यौपाने बगर | ४५ |
| ♦ अबला र सबला | ✍ गोपाल चन्द्र भट्टराई | ४६ |
| ♦ संगतले अन्त्य भएको जिन्दगी | ✍ मिम बहादुर लामा | ६१ |
| ♦ बुढ्यौली साहित्य | ✍ बद्री प्रसाद ढकाल | ७४ |
| ♦ फोन नम्बर १०४ | ✍ घन बहादुर थापा | ९१ |
| ♦ त्यो भयङ्कर रात | ✍ होमनाथ खनाल | १०२ |
| ♦ आमा | ✍ प्रनानि नेत्रहरि काफ्ले | १०६ |
| ♦ पुरस्कार | ✍ अरुण बहादुर खत्री नदी | १०९ |

## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ प्रहरी | ✍ प्र स नि मनिष अर्याल | ७ |
| ♦ गीत | ✍ केशवराज भट्ट | १३ |
| ♦ बुबाको आशिर्वाद | ✍ भावना लामिछाने | ३५ |
| ♦ मुक्तक | ✍ राधा लामिछाने | ६० |
| ♦ बा ! | ✍ भुपि सरोवर | ७० |
| ♦ यस्तै लाग्यो | ✍ प्रनानि घनश्याम नेपाल | ७८ |
| ♦ नेपालीको महिमा | ✍ श्रिया रिजाल | ९० |
| ♦ आमाको सम्झनामा | ✍ नर बहादुर वि सी | १०१ |
| ♦ गजल | ✍ टीकाराम ढुलाल | १०५ |
| ♦ गजल | ✍ लीलाराज दाहाल | १०८ |
| ♦ गजल | ✍ आर्दश पुरुष | ११२ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦ रसबस | सङ्कलन : प्र ह शरणजंग भण्डारी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलनः प्र स नि जनक आचार्य | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# थुनछेक, धरौट तथा जमानत सम्बन्धी व्यवस्था



सहन्यायाधिवक्ता संजीवराज रेग्मी

## १. थुनछेक

नेपाल सरकार वादी भई दायर हुने फौजदारी मुद्धामा अनुसन्धान अधिकारीबाट अनुसन्धान सम्पन्न भएपछि सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन सहित मिसिल, प्रमाण अभियोजन सम्बन्धी कार्यका लागि प्रस्तुत हुन्छ । सम्बन्धित सरकारी वकीलले मिसिल अध्ययन गरी अनुसन्धानबाट संकलित कागज प्रमाणका आधारमा अभियोजन गर्ने वा नगर्ने निर्णय गर्दछ । प्रमाणका आधारमा अभियोजन गर्ने निर्णय भएकोमा अभियुक्त उपर उल्लघंन गरेको कानून अनुसारको कसूरमा हुने कानून बमोजिमको सजायको दावी लिई मुद्धा हेर्ने अधिकारी वा अदालत समक्ष सरकारी वकीलले अभियोगपत्र दायर गर्दछ । यसरी अदालत वा मुद्धा हेर्ने निकाय समक्ष कानून अनुसारको अभियोगपत्र दायर भए पश्चात सो अभियोगपत्रमा दावी गरिएको कसूर आरोपित व्यक्तिले गरेको हो होईन र भएमा सजाय के कति हुने हो भन्ने विषयमा सुनुवाई प्रारम्भ हुन्छ । अर्थात मुद्धाको कारबाही शुरू हुन्छ । मुद्धाको प्रारम्भिक कारबाही थुनछेकबाट आरम्भ हुन्छ । थुनछेक भनेको अभियोग लगाईएको मुद्धाको पूर्पक्ष वा कारबाहीका सम्बन्धमा आरोपित व्यक्तिलाई थुनामा राख्ने वा धरौटी वा जमानत लिई अदालतले तोकेको दिन उपस्थित हुने शर्तमा छाड्ने वा तारिखमा राख्ने कार्य हो ।

नेपाल सरकार वादी हुने फौजदारी कसूरको अभियोग लागेको व्यक्तिलाई मुद्धाको पूर्पक्षका क्रममा मुद्धा हेर्ने निकायले पूर्पक्षका लागि थुनामा राख्ने वा धरौट वा जमानत लिने वा तारिखमा राख्ने कार्य गर्नुपर्ने कानूनी व्यवस्था मुलुकी फौजदारी (कार्यविधि) संहिता, २०७४ को परिच्छेद ७ मा गरिएको छ ।

## २. थुनछेकको उद्धेश्य

सरकार वादी हुने फौजदारी

कसूर सम्बन्धी मुद्दामा अभियुक्तलाई मुद्दाको कारबाहीका लागि थुनछेक गर्नुको उद्धेश्य सो मुद्दामा हुने फैसला कार्यान्वयनलाई सहज बनाउनुहो । यसका अलावा अभियुक्तलाई पुनः अपराध गर्न नपाउने अवस्था सिर्जना गर्नु, आरोपित कसूर सम्बन्धी मुद्दाका प्रमाण लोप हुन नदिने, अभियुक्तको अदालतमा उपस्थिति सुनिश्चित गर्ने, पिडित पक्षलाई न्याय दिने तथा आरोपित व्यक्ति, अपराध पीडित तथा साक्षीलाई सुरक्षित गराउनु पनि हो ।

**३. थुनछेक सम्बन्धी कानूनी व्यवस्था**

सावीक मुलुकी ऐन, अदालती बन्दोबस्त महलको ११८ नं. मा थुनछेक सम्बन्धी व्यवस्था रहेको थियो । जुन हाल कायम रहेको छैन । विशेष अदालत ऐन, २०५९ को दफा ७ यस सम्बन्धी व्यवस्था रहेको छ भने मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा ८ मा सो ऐन अन्तर्गत कसूरको अभियुक्त कसूरदार देखिएकोमा थुनामा राख्नुपर्ने व्यवस्था रहेको छ । यसैगरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ४१ मा सो ऐन अन्तर्गत दायर मुद्धामा अभियुक्तलाई थुनामा राखी पूर्पक्ष गर्न सकिने व्यवस्था गरिएको छ । वन ऐन, २०७६ ले एक वर्ष वा सो भन्दा बढी कैद हुने कसूरमा कसूरदार देखिएको अभियुक्तलाई पूर्पक्षका लागि थुनामा राख्नु पर्ने र पटके कसूरदारलाई थुनामा राख्ने व्यवस्था रहेको छ । कसूरको प्रकृतिका आधारमा थुनछेक सम्बन्धमा विशेष कानूनी व्यवस्था गरिएको देखिन्छ भने संहिताको व्यवस्था सामान्य व्यवस्थाको रूपमा रहेको छ ।

**४. मुलुकी फौजदारी (कार्यविधि) संहिता, २०७४ को थुनछेक सम्बन्धी व्यवस्था**

संहिताले पूर्पक्षका लागि थुनामा राख्ने सम्बन्धमा कसूरको प्रकृति, कसूरदार देखिएको अवस्था, कसूरमा हुने सजाय, अभियुक्तको स्थायी बसोबासको अवस्था जस्ता कुरालाई आधार बनाएको छ । यो व्यवस्थाले जुनसुकै मुद्धामा अभियुक्त स्वतः थुनामा जाने अवस्था भने रहदैन तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने देखिएमा वा कसूरदार हो भन्ने मनासिव आधार भएमा र तीन वर्ष भन्दा बढी कैद सजाय हुने मुद्धामा थुनामा राख्नुपर्ने देखिन्छ ।

**४.१ पूर्पक्षको लागि थुनामा राख्ने कसूर**

- जन्म कैदको सजाय हुन सक्ने कसूर,
- तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने कार्यविधि संहिताको अनुसूची -१ वा अनुसूची-२ अन्तर्गतका कसूर,

- उक्त कसूरको उद्योग, दुरूत्साहन वा आपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर ।

**४.२. पुर्पक्षको लागि थुनामा राख्ने आधार**

- तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा,
- कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा,

**४.३. तत्काल प्राप्त प्रमाण वा कसूरदार हो भन्ने देखिने आधारहरू**

अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले विधिपूर्वक संकलन गरेको अपराधको सूचना वा जाहेरी दरखास्तको भनाई, कसूरसँग सम्बन्धित रितपूर्वकका मुचुल्काहरू, प्राविधिक तथा वैज्ञानिक परीक्षण प्रतिवेदनहरू, भौतिक चीज वस्तुहरू, दशी प्रमाणहरू, कसूर देख्ने थाहा पाउने साक्षीहरूको भनाई, अभियुक्तको बयान, अन्य प्रमाणहरू(लिखत, श्रेस्ता, अभिलेख, विद्युतीय अभिलेख आदि) तत्काल प्राप्त प्रमाण मान्न सकिन्छ ।

**४.४. थुनामा राख्ने विशेष व्यवस्था**

कार्यविधि संहिताको दफा ६७ को उपदफा (२) ले निम्न अवस्थामा पूर्पक्षका लागि अभियुक्तलाई थुनामा राख्नुपर्ने व्यवस्था गरेको छ । यी अवस्थामा कसूरमा हुने सजायको प्रकृति लगायतका कुरा महत्वपूर्ण आधार हुने देखिदैन ।

- अभियुक्तले आफू उपर लगाइएको अभियोग अदालत समक्ष स्वीकार गरेकोमा,
- एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेकोमा,
- अदालतबाट जारी भएको पक्राउ पूर्जी बमोजिम म्यादभित्र हाजिर नभई अभियुक्त पक्राउ भई आएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा,
- अभियोग लाग्नु भन्दा तीन वर्ष अघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा,

**४.५. धरौट जमानतमा छाड्न सकिने थुनाको अपवादात्मक व्यवस्था**

संहिताको दफा ६७ को उपदफा (३) ले दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक निम्न प्रकारका कसूरका अभियुक्तलाई अदालतले धरौट जमानतमा छाड्न

सकिने अपवादजनक व्यवस्था गरेको छ ।

- ♦ बालबालिका, शारीरिक वा मानसिक रोग लागि अशक्त भएको,
- ♦ सात महिनाभन्दा बढीकी गर्भवती महिला वा, पचहत्तर वर्ष माथिको वृद्ध,

**४.६. अभियुक्तसँग धरौट वा जमानत वा बैङ्क जमानत लिने**

संहिताको दफा ६८ ले संहिताको दफा ६७ को अवस्थामा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिव आधार भएमा अदालतले निजसँग धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्ने, धरौट, जमानत वा बैङ्क जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्न सक्ने व्यवस्था गरेको छ । यसैगरी कुनै अभियुक्तबाट लिएको धरौट, जमानत वा बैंक जमानतको रकम पछि अपर्याप्त भएको देखिन आएमा अदालतले निजसँग थप धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्छ ।

**४.७. धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्ने आधार**

संहिताको दफा ७२ ले धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्ने देहायका आधार निर्धारण गरेको छ ।

- ♦ कसूरको प्रकृति र गम्भीरता, अभियुक्त वा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति, अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,
- ♦ निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको, निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,
- ♦ निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति, कसूरबाट सृजित परिणाम,
- ♦ कसूरमा साबिती भए वा नभएको, असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएकी महिला अभियुक्त रहेको

**४.८. कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने**

मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई थुनामा राख्न, वा धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्छ । कसूरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि सुनुवाई गरी अदालतले थुनाबाट छोड्ने आदेश दिन सकिन्छ । यसैगरी खास अवधिभित्र मुद्दा फैसला नभएमा धरौटी वा

जमानत लिई थुनाबाट छाड्न सकिन्छ भने प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र फैसला नभएमा धरौटी वा जमानत लिई थुनाबाट छाड्न सकिन्छ । अभियुक्त उपरको अभियोग प्रमाणित भएमा हुन सक्ने सजायको अधिकतम अवधिभन्दा बढी अवधि पूर्पक्षका लागि थुनामा नराखिने सिद्धान्तलाई संहिताले स्वीकार गरेको छ ।

**४.९. तारिखमा राख्ने व्यवस्था**

थुना वा धरौटीमा राख्नुपर्ने संहिताको दफा ६७ र ६८ को अवस्थामा बाहेक अन्य अवस्थामा अभियुक्त अदालतमा हाजिर भएपछि तारिखमा राखी पूर्पक्ष गर्नुपर्ने हुन्छ । तारिखमा राख्ने आधार तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने नदेखिएकोमा अवस्थामा मात्र हुने देखिन्छ ।

**५. थुनछेक आदेश उपर पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सकिने**

अभियुक्तलाई थुना वा धरौट, जमानत वा बैङ्क जमानतमा राख्ने गरी अदालतबाट आदेश भएकोमा चित्त नबुझ्ने व्यक्तिले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ । तर जन्मकैद वा दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा एक तहभन्दा माथिको अदालतमा पनि निवेदन दिन सकिन्छ । न्याय प्रशासन ऐन, २०७३ को दफा १५(२) दश वर्ष भन्दा बढी कैद हुनेमा मात्र सर्वोच्च अदालतमा निवेदन गर्न सकिने व्यवस्था रहेको छ ।

**६. अनुसन्धानको क्रममा धरौट लिन सक्ने व्यवस्था**

कार्यविधि संहिताको दफा १५ ले कसूरको अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिसँग धरौटी वा जमानत लिई तारिखमा छाड्न सक्ने व्यवस्था गरेको छ । यसका लागि अनुसन्धान अधिकारीले सरकारी वकीलको सहमति लिई वा तत्काल सहमति लिन नसकिने अवस्था भएमा कारण सहितको पर्चा खडा गर्नुपर्ने हुन्छ । अनुसन्धानको क्रममा शंकित व्यक्तिसँग धरौट वा जमानत लिन सकिने नयाँ व्यवस्था कानूनले गरेको छ । यसको व्यवस्थाको उद्धेश्य हिरासतमा राखिरहनु नपर्ने अवस्थाका शंकित व्यक्तिलाई थुनाको विकल्पको रूपमा धरौट वा जमानत लिई थप अनुसन्धान कारबाही गर्नु भन्ने हो । तर यसको प्रयोग कसूरको अनुसन्धानको सिलसिलामा आवश्यक र उपयुक्त देखिएको अवस्थामा मात्र गर्नुपर्ने हुन्छ ।

**७. न्यायिक दृष्टिकोण**

**१. राजिव बास्तोला वि. जिल्ला बन कार्यालय समेत ने.का.प, २०६६ अंक ८, नि.नं. ८२०२**

थुनछेकलाई निषेध गर्ने हो भने कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान प्रक्रिया नै संचालन गर्न सकिदैन । त्यसरी शंकित वा आरोपित व्यक्ति खुल्ला रूपमा हिंड्न सक्ने भई समाजले नै असुरक्षित महसुस गर्नु पर्ने तथा प्रमाण नष्ट गर्न सक्ने उच्च संभावना रहन जानुका साथै कतिपय अवस्थामा त्यस्ता अभियुक्तको ज्यूज्यान नै खतरामा पर्न सक्छ ।

यदि समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागि अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट कसूरदारको अवस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाडदै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न सक्तैन ।

**२. सुशिला थाम्सुहागं वि.का.जि.अ समेत नेकाप २०७६ अंक ४ नि.न.१०२३५**

प्रतिवादीले कसूर गर्दाको परिस्थिति, अवस्था, वारदातमा निजको भूमिका, कसूरबाट प्राप्त हुन गएको फाईदा, पीडितलाई पर्न गएको क्षति तथा प्रतिवादीको आर्थिक हैसियतलाई ध्यानमा राखेर कानूनी आधारसँग मेल खाने गरी थुनामा राख्ने वा धरौट जमानतमा राख्ने वा तारिखमा राख्ने गरी थुनछेक आदेश गर्नुपर्ने ।

**३. सेवकदास वि.बारा जिल्ला अदालत समेत ने.का.प.०४९, पृ ६९२**

थुनछेकको आदेश गर्दा प्रत्येक अभियुक्तको प्रतिव्यक्ति तत्काल प्राप्त प्रमाण खुलाउनु पर्ने, केवल गोश्वारा रूपमा कसूरदार हो भन्ने मनासिब प्रमाण भएको भनी आदेश गर्नु पर्याप्त नहुने ।

**८. निष्कर्षः**

नेपाल सरकार वादी हुने फौजदारी मुद्धामा मुद्धा हेर्ने अधिकारी वा अदालत समक्ष सरकारी वकीलले अभियोगपत्र दायर गरे पश्चात अदालतमा मुद्दाको कारबाही प्रक्रिया शुरू हुन्छ । मुद्धाको प्रारम्भिक कारबाही थुनछेक सम्बन्धी कार्यबाट हुन्छ । अभियोग दायर भएको मुद्धाको कारबाहीका सम्बन्धमा आरोपित व्यक्तिलाई थुनामा राख्ने वा धरौटी वा जमानत माग गर्ने कार्य थुनछेक हो । मुद्धाको कारबाहीमा थुनछेक गर्नुको उद्धेश्य सो मुद्धामा हुने फैसला कार्यान्वयन गर्न सजिलो बनाउनु हो । अभियुक्तलाई पुनः अपराध गर्नबाट रोक्न, मुद्धाको प्रमाण लोप हुन नदिन,अभियुक्तको अदालतमा

उपस्थिति सुनिश्चित गर्नु पनि हो । नेपालको कानूनले तीन वर्षभन्दा बढी कैद सजाय हुने सरकार वादी मुद्दामा तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने देखिएको अवस्थामा थुनामा राख्नुपर्ने र तीन वर्ष भन्दा कम सजाय हुने कसूरमा अभियुक्तसँग धरौट वा जमानत लिई तारिखमा राख्ने व्यवस्था गरेको छ । थुनछेकको सम्बन्धमा गरिने आदेशमा थुनामा राख्दा वा धरौट माग गर्दा आधार र कारण उल्लेख गर्नुपर्ने हुन्छ भने आदेश बेरीतको देखिएकोमा माथिल्लो अदालतमा निवेदन गर्न सकिन्छ । अनुसन्धानका सिलसिलमा पनि आवश्यक र उपयुक्त देखिएकोमा अनुसन्धान अधिकारीले सरकारी वकीलको सहमति लिई वा अवस्था अनुसार नलिई आरोपित व्यक्तिसँग धरौटी वा जमानत लिन सक्छ । यसको प्रयोग गर्दा मनासिव आधार र कारण भने देखिनुपर्दछ । ♦♦♦

कविता

## प्रहरी



✍ **प्र.स.नि.मनिष अर्याल**

ढुङ्गा वर्षाउनेलाई फूल दिने प्रहरी
चोट दिनेको पीडा भूलदिने प्रहरी
पानी पनि पिउन नदिनेको लहरमा
प्यासीलाई सहाराको मूल दिने प्रहरी ।।

मल्हम पट्टि पनि गरिदिन्छ डाक्टरै सरी
तिम्रै लागि लड्छ, आफ्नो पर्वाह नगरी
एक प्याकेट चाउचाउ र पानीको आडमा
तिम्रै बचाउ गर्छ उसले आफू मरिमरि ।।

आफ्नो समस्या नागरिकको मुस्कानले हर्ने
जटिलता बीच पनि दुरूस्त डिउटी गर्ने
कर्तव्यको पथमा कुनै गल्ति हुँदा मात्र
नागरिक नै उसको ज्यानको पछि पर्ने ।।

तिम्रै सुरक्षाको खातिर आफ्नै दिन्छ बलि
भयावह परिस्थितिमा पनि रत्तिभर नगली
सुरक्षाको आधार स्तम्भ ऊ राष्ट्रकै छ छहारी
नागरिक सुरक्षामा हरदम तत्पर जय नेपाल प्रहरी ।।

# अभियोजन र यसका सिद्धान्तहरू



✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी °

अभियोजन गर्ने निर्णय आफैं न्यायिक प्रकृतिको भएको हुँदा अभियोजनका चरणमा पनि फौजदारी न्यायका सिद्धान्तलाई अंगीकार गरी निर्णय गर्नु पर्दछ । अभियोजनको निर्णय स्वच्छ, निष्पक्ष हुनु पर्दछ । सरकारको तर्फबाट गरिने अभियोजनको मुख्य जिम्मेवारी संविधानले महान्यायाधिवक्तालाई प्रदान गरेको छ । नेपालको संविधान, २०७२ को धारा १५८ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्दै उपधारा (२) मा यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई प्रदान गरिएको छ । महान्यायाधिवक्ताले उपधारा (७) बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने संवैधानिक व्यवस्था बमोजिम अभियोजनको कार्य मातहतका सरकारी वकीलबाट हुँदै आएको छ ।

कुनै पनि व्यक्तिले राज्यको फौजदारी कानूनले निषेधित गरेका क्रियाकलाप गरेमा कानून बमोजिम अभियोजन गर्ने गरिन्छ । अभियोजन (Prosecution) भन्नाले फौजदारी अभियोगका सम्बन्धमा कुनै पनि व्यक्तिका विरुद्ध कानूनी कारबाही शुरू गर्ने चलाउने कार्य लाई बुझाउँछ (Prosecution is the institution and conducting of legal proceedings against someone in respect of a criminal charge) । कुनै अपराधको अभियोग लागेमा व्यक्ति कानूनको आँखामा निर्दोष मानिने भए

°एलएलएम्, फौजदारी र संवैधानिक कानून, उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

पनि जनताको आँखामा अपराधी ठानिन्छ । अपराध अनुसन्धानबाट संकलित प्रमाणबाट कुनै पनि व्यक्तिले अपराध गरेको पुष्टि भएमा सम्बन्धित तथ्य, संकलित प्रमाण र प्रचलित कानूनको आधारमा सक्षम न्यायिक निकाय समक्ष राज्यको तर्फबाट अपराध गरेको आरोप लगाउने गरी भएको निर्णय अभियोजन हो । अभियोग लागेको व्यक्तिले फैसला हुँदा अन्त्यमा सफाई नै पाए पनि कारबाही चलिरहँदा थुनामा बस्नुपर्ने हुन्छ । थुनामा बस्दा निजको स्वतन्त्रता राज्यको नियन्त्रणमा हुन्छ । तसर्थ राज्यको तर्फबाट अभियोजन गर्ने निर्णय गर्दा निश्चित सिद्धान्त अवलम्बन गरिनु पर्छ । यसरी अभियोजन गर्दा अवलम्बन गरिने सिद्धान्तहरूलाई अभियोजनका सिद्धान्त भनिन्छ । जुन निम्न रहेका छन्:

**१.** अभियोजनकर्ताको स्वायत्तता र स्वतन्त्रता (Autonomy and Independence): अभियोजनकर्ताले वस्तुनिष्ठ र निष्पक्ष भई अभियोजनको कार्य सम्पादन गर्न उनीहरूलाई निर्णय गर्ने कुरामा स्वायत्तता र स्वतन्त्रता प्राप्त हुनु पर्दछ । यसको निमित्त उनीहरूको छनौट निष्पक्ष रूपमा हुनुपर्ने, सेवाका शर्तहरू सुरक्षित हुनुपर्ने र दवाव विना निर्णय गर्न सक्ने अवस्थामा रहनु पर्ने हुन्छ ।

**२.** स्वच्छताको सिद्धान्त (Principle of Fairness): अभियोजनकर्ताले मुद्दाको पक्षको रूपमा अभियोजनको निर्णय गर्ने नभएर सार्वभौम राज्यको प्रतिनिधिको रूपमा हो । उसको स्वार्थ मुद्दा जित्नेमा होइन की न्याय परोस् भन्नेमा हुने मानिन्छ । इमान्दारिता, कानूनी नियम र कार्यविधिको पालना, व्यवहारमा निष्पक्षता, आचरणका नियमहरूको पालनाबाट अभियोजनकर्तामा स्वच्छता कायम हुन्छ ।

**३.** मानव अधिकारको सम्मानको सिद्धान्त (Principle of Respect of Human Rights): अभियोजनकर्ताहरूले शंकित वा अभियुक्तको मानव मर्यादाको सम्मान र मानव अधिकारको सम्मान र संरक्षण गर्नु पर्दछ । यसले कानूनको उचित कारबाही र फौजदारी न्याय प्रणालीको सहज सञ्चालनको प्रत्याभूति गर्दछ । नेपालको संविधानको धारा २० ले प्रदान गरेको न्याय सम्बन्धी हकको संरक्षण हुने गरी अभियोजन सम्बन्धी कार्य गर्नु पर्दछ ।

**४.** उपयुक्त अभियोजनको सिद्धान्त (Principle of Right Prosecution: अभियोजनकर्ताले उपयुक्त अभियोग लगाउनु पर्दछ । सबुद प्रमाणबाट समर्थित नभएको वा पुष्टि हुन नसक्ने अभियोग लगाउनु हुँदैन ।

यसबाट अनावश्यक दुःख हुनुको साथै श्रम र समय व्यतित हुने हुन्छ । अनुसन्धानबाट संकलित प्रमाणबाट जुन अपराध घटेको देखिन्छ सोही अभियोग र जसका विरूद्ध प्रमाण पुग्दछ सोही व्यक्तिका विरूद्ध मात्र अभियोजन गर्नु पर्दछ । उपयुक्त अभियोजन भित्र दुई कुरा पर्दछन् : पहिलो उपयुक्त व्यक्तिलाई अभियोजन गर्ने (Prosecution to the right person) हो । अभियोजनकर्ताले अभियोजनको निर्णय गर्दा उपयुक्त व्यक्तिलाई अभियोजन होस् भन्ने कुराको प्रत्याभूति दिनु पर्दछ । दोस्रो उपयुक्त अभियोग (Right or proper prosecution) हो । अभियुक्तका विरूद्ध लगाइएको आरोप निजले गरेको आपराधिक कार्य वा अपराधिक कार्यमा उसको संलग्नताको अनुपात मिल्दो हुनु पर्दछ ।

**५.** मुद्धाको विशिष्टताको सिद्धान्त (Principle of Uniqueness of Cases): सबै मुद्धाको तथ्य, प्रकृति, परिस्थिति, पीडितलाई पार्ने प्रभाव एउटै हुँदैनन् । प्रत्येक मुद्धालाई फरक र विशेष खालको वा नयाँ छ भन्ने मानेर अध्ययन गर्नु पर्दछ । तथ्य, प्रकृति, परिस्थिति, प्रभाव आदि तथा संकलित प्रमाणको आधारमा अभियोजनको निर्णय गरिनु पर्दछ ।

६. कानून बमोजिम कर्तब्य पालनाको सिद्धान्त (Principle of Legally Performance of Duty): अभियोजनकर्ताले अभियोजनको कार्य गर्दा कानून बमोजिम गर्नु पर्दछ । कानूनको सही प्रयोग गर्ने कुराको प्रत्याभूति गर्नु पर्छ । कानूनको कार्यविधि पालन गर्नुपर्दछ । अभियोजन कार्यको साथसाथै अपराधको अनुसन्धान समेतको वैधता हुनु पर्दछ ।

७. प्रमाणको पर्याप्तताको सिद्धान्त (Principle of Sufficiency of Evidence): अभियोजनकर्ताले अभियोजनको निर्णय गर्दा प्रत्येक अभियुक्तका विरूद्धमा लगाइएको अभियोग पुष्टि गर्नका लागि आवश्यक पर्ने पर्याप्त प्रमाणहरू छन् भन्ने कुरामा सन्तुष्ट हुनु पर्दछ । अभियोजनको निर्णय गर्दा लिइएको आधार, प्रमाणले निज उपरको अभियोग पुष्टि गर्ने सम्भावना छ, छैन भन्ने समेत विचार गर्नु पर्दछ । प्रमाणको पर्याप्तता नभएको मुद्धा जतिसुकै संवेदनशील भए पनि अगाडि बढाउनु हुँदैन

८. सार्वजनिक हितको सिद्धान्त (Principle of Public Interest): अभियोजनकर्ताले अभियोजनको निर्णय गर्दा प्रत्येक अभियुक्तका विरूद्धमा लगाइएको अभियोग पुष्टि गर्न पर्याप्त प्रमाण छन् भन्ने कुरामा सन्तुष्ट भए

पछि सार्वजनिक हितका दृष्टिले अभियोजन आवश्यक छ छैन ? भन्ने कुराको विचार गर्नुपर्छ । प्रमाणको पर्याप्तताले मात्र स्वतः अभियोजन गर्ने कुराको पुष्टि गर्दैन । अभियोजन गर्नु भन्दा नगर्नुमा सार्वजनिक हित संरक्षण हुने अवस्था भएमा प्रमाण पर्याप्त भए पनि अभियोजन नगर्ने निर्णय गरिन्छ । कतिपय अवस्थामा अभियोजन गर्नुपर्ने धेरै आधारहरू हुँदाहुँदै पनि सार्वजनिक हितका लागि अभियोजन नगर्न सकिन्छ । तर त्यसको आधार कारण भने उल्लेख गर्नु पर्दछ ।

सरकारवादी फौजदारी मुद्दाको औपचारिक शुरुवात अभियोगपत्रबाट हुन्छ । कुनै कसूरको सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले कसूर गरेको शङ्का गरिएका सबै वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा निजलाई कुन कानून अन्तर्गत सजाय हुनु पर्ने हो सो कुरा खुलाई तथा कसूर नभएको देखिएको वा कसूर भएको भए पनि त्यस्तो कसूर गर्ने व्यक्ति यही हो भन्ने यकीन हुन नसकेको वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई अनुसन्धान अधिकृतले अनुसन्धान प्रतिवेदन तयार गर्दछ । अनुसन्धान अधिकृतले तयार गर्ने अनुसन्धान प्रतिवेदनको ढाँचा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१९ मा रहेको छ । सो प्रतिवेदन अनुसन्धान अधिकृतले अभियोजन सम्बन्धी निर्णयका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा मिसिल सहित पेश गर्नु पर्दछ ।

अनुसन्धान अधिकृतको प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले मिसिल अध्ययन गरी अनुसन्धानको सिलसिलामा सङ्कलित सबूद प्रमाणको मूल्याङ्कन गरी मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दछ । मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सम्बन्धमा मिसिल संलग्न सङ्कलित सबूद प्रमाणबाट मुद्दा चल्ने पर्याप्त प्रमाण देखिएमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको सरकारी वकीलले कसूरमा संलग्न व्यक्ति उपर अभियोजन गर्ने निर्णय गर्दछ । सरकारी वकीलको अभियोजनको निर्णय अनुसार अभियोगपत्र तयार गरी सम्बन्धित अदालतमा कानूनले तोकेको हदम्यादभित्र पेश गर्नु पर्दछ । मुद्दा नचल्ने निर्णय भएकोमा सो निर्णय उच्च सरकारी वकील कार्यालयमा पठाउनु पर्दछ । सो कार्यालयले पनि मुद्दा नचल्ने निर्णय गरेकोमा अन्तिम निर्णयका लागि महान्यायाधिवक्ता समक्ष पेश गर्नु पर्दछ ।

महान्यायाधिवक्ताले पनि मुद्धा नचल्ने निर्णय गरेमा सो वारदातमा कुनै व्यक्ति उपर मुद्धा चलाइदैन ।

अभियोगपत्र दायर गर्दा निर्णयको आधार, प्रमाण, साक्षी प्रस्तुत गर्ने, अभियुक्तलाई कुन अपराधमा कुन ऐनको कुन दफा बमोजिम सजायको मागदाबी लिइएको हो उल्लेख गर्नु पर्दछ । अभियुक्तको नाम, थर वतन स्पष्ट खुलाउनु पर्दछ । मुद्धाको तथ्य र प्रमाण, कानून र आरोपित कसूर बीच तादाम्यता हुनुपर्छ । एकभन्दा बढी कसूर कायम भएमा प्रत्येक कसूरको प्रष्ट उल्लेख गरी मागदाबी उल्लेख गर्नु पर्दछ । अभियोगपत्रको भाषा स्पष्ट, सरल र बोधगम्य हुनुपर्छ । पीडितले कानून बमोजिम प्राप्त गर्नुपर्ने सुविधा वा क्षतिपूर्तिको स्पष्ट उल्लेख हुनुपर्छ । आरोपित व्यक्तिले गरेको कसूर वा आरोप, माग गरिएको दण्ड, सजाय र व्यहोर्नु पर्ने क्षतिपूर्ति समेतको लागि स्पष्ट रूपमा कानूनी व्यवस्था सहित उल्लेख गर्नु पर्दछ ।

उल्लेखित कानूनी व्यवस्थाबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र अनुसूची-२ का सबै कसूरमा अभियोजनको निर्णय सम्बन्धित सरकारी वकीलबाट हुन्छ । सरकारी वकीलबाट अभियोजनको निर्णय हुँदा मुद्धा चलाउने गरी निर्णय भएकोमा अभियोगपत्र दायर गर्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ का सबै कसूरका हकमा सम्बन्धित सरकारी वकीलबाट अभियोगपत्र दायर गरिन्छ । अनुसूची-२ का कसूरका हकमा विशेष ऐनमा अभियोगपत्र दायर गर्ने सम्बन्धमा अधिकार प्रदान गरी अधिकारी तोकिएकोमा सोही अधिकारीले अभियोगपत्र दायर गर्दछ । कानूनमा त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले अभियोगपत्र दायर गर्दछ ।

अभियोगपत्रमा शीर्षक खण्ड, तथ्य खण्ड, अभियोग खण्ड, विविध (कागजात, सबुद प्रमाण आदि) खण्डहरू रहेका हुन्छन् । सरकारी वकीलले अदालतमा पेश गर्ने अभियोगपत्रमा देहायका विवरणहरू उल्लेख गर्नु पर्ने कानूनी व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (१) मा गरिएको छ :

**(क)** अभियुक्तको पूरा नाम, थर, ठेगाना, हुलिया, उमेर, पेशा वा व्यवसाय,

**(ख)** अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम,

**(ग)** अभियुक्त बसोबास गरेको गाउँपालिका वा नगरपालिका,

वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,

**(घ)** अभियुक्तको वास्तविक पहिचान हुने विवरण, निजको फोटो, नागरिकता वा राहदानी, सवारी चालक इजाजतपत्र वा निजको वास्तविक परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि,

**(ङ)** अभियुक्तको भएसम्मको दुबै हातको चोरी औंलाहरूको छाप,

**(च)** अरूको घरमा डेरा गरी बसेको भए घरधनीको नाम, थर र ठेगाना सहितको विवरण,

**(छ)** कसूरसँग सम्बन्धित सूचनाको व्यहोरा,

**(ज)** कसूर सम्बन्धी विवरण,

**(झ)** अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दसी, प्रमाणको विवरण,

**(ञ)** अभियुक्त उपर लगाइएको अभियोग र त्यसको आधार र कारणहरू,

**(ञ१)** कुनै अभियुक्त फरार रहेका भए निजको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण,

**(ञ२)** अभियोग लगाइएको कसूरबाट अभियुक्तको नैतिक पतन हुने भएमा सो को लागि मागदाबी,

(ट) प्रयोग हुनु पर्ने सम्बन्धित कानून र त्यसको कारण,

(ठ) अभियुक्तलाई हुनु पर्ने सजायको माग दाबी र त्यसको कारण,

(ड) कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए त्यस्तो क्षतिपूर्तिको रकम,

(ढ) कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुनै कुरा भए त्यसको विवरण । ♦♦

## गीत



✍ **केशवराज भट्ट**

समय त छँदै थियो तिमी हतारिएर गयौ
आँसुकै सागर पनि तिमीले सुकाएर गयौ

फर्किन्नौ अब त तिमीले माया मारेर गयौ
शोकमग्न छौं अझै तिमीले रूवाएर गयौ
बल्नै लागेको दियो तिमीले निभाएर गयौ
यो दिलको पोको तिमीले फटाएर गयौ

कसैको सिउँदो तिमीले रित्याएर गयौ
आँगनभरिका फूल तिमीले सुकाएर गयौ
समय त छँदै थियो तिमी हतारिएर गयौ
आँसुकै सागर पनि तिमीले सुकाएर गयौ ।

*-अत्तरिया, कैलाली ।*

नियात्रा

# किरिङमिरिङ बाटोमा सिमूतु



✍ युवराज नयाँघरे

घाम छिप्पिदै गएथ्यो लाहुरेचौरमा !

दाङकै उत्तरी कुना यो । तुलसीपुरबाट हुर्दुराएका हामी तल बेगिएको पातु खोला हेरेर मन सङ्लो पारिरहेथ्यौं । पहाड, खोंच, उकालीले डाक्न छोडेन । बत्तिन, बेगिन र बुर्कुसिन नि हामीले छोडेनौं ।

'रूकुम्न्वा कुनाकोप्चेरा देख्नापत्त आया पाउनालाई हींदेखिन् स्वागत गर्चम् !'

मेरा छेवैका पूर्णले हार्दिकता पोखे ।

उज्यालो भयो मन ।

मेरा खुशीसँग कमल, अश्विनी, नयन र भुपिन पनि जोडिए । कसैले थपडी मारे, कसैले आँखा नचाए, कसैले कुम हल्लाए । आँतको माया पाइयो । अब चाहियो के र !

त्यसपछि खोलाको तीरैतीर हाम्रो साथी भो । वन, बस्ती र उज्यालोसँग हामी गफ चुटिरहेथ्यौं । जीवन यी सबैसँग गाँसिएको अर्को नाम रहेछ । नाम जोगाउनलाई पनि पैताला खियाइरहनु पर्ने । हृदयमा पखेटा हालिरहनु पर्ने ।

फेरि भयानक उकालो सुरू भयो ।

त्यही बीचमा भेटिई- राम्री । नाम मात्रै राम्री नि ! भीर र सातो लैजाने छाँगाछुर भिरालोमा आँखा थिग्रिन सकेन । कस्तो बिब्ल्याँटो नाम !

'बड्डा, केही खाने होइन ?'

मैले निकै अघिदेखि नै भनिरहेको थिएँ ।

अघिल्तिर बसेकी देवकुमारीले पनि हाम्रा भोक तिर्खामा सही थापिन् । तैपनि चारपाङ्ग्रे थामिएन । बेगिएको बेगिएकै भयो । पाङ्ग्रासँगै कुदिरह्यो भोकको आकुलव्याकुल ।

लामै समय गन्जागोल र गाजेमाजे भयो रूकुमको संसार । यतातिर पाइला टेकुँला र मनमन्थन गरूँला भन्ने उत्पातको रहर बल्ल थिग्रिंदै थियो । जम्मै कुराको जोरजाम कमल र पूर्णको जोडीले मिलाएपछि म

झरेथें यतातिर ।

बाटो त निकै उकालो र मोडैमोड थियो । उकालोमा बनेका मोड र घुम्ती देखेर कथा सुनाउनेहरू थुप्रै थिए । मुलुकैभरि छन् यस्ता कुइनेटा र चेप ।

एक जना विदेशी इन्जिनियरलाई साँघुरो बाटो देखेर गाउँलेले सोधे रे-'यो बाटो त निकै साँघुरो छ । कसरी भयो नि यस्तो ?'

विदेशी इन्जिनियरले उत्तर दिएछ- 'एकातिरको पाँच फिट तपाईंको मान्छेले, अर्कोतिरको पाँच फिट मैले खाएँ !'

राम्रीको उकालो चढुन्जेल यही कुरा मनमा लगातार छड्किरह्यो भुक्लुक-भुक्लुक । निकै हम्मे-हम्मे भो उकालीको छेउकुना छिचोल्न । आत्तिने यै मन छ, खुबै आत्तिइरा' छ बाटो देखेर ।

मनमनै भन्छु- 'यो बाटो यत्ति दुईले मात्र खाए होलान् त !'

खाल्डा र भ्वाङ त झन् बेपत्तै छन् ।

देवकुमारी अघि लागेपछि अरू सबै अधबैंसेहरू पनि कपुरकोटमा झऱ्यौं । सल्यानको यो ठाउँमा चिसोले कान, गाला र कन्चटमा मायाले मुसारेन- राम्रैसँग हिर्कायो । मैले चाँडचाँडो ढोका खोलेर ज्यान पसाएँ कटेरोमा ।

खान बसियो । दाल थपे, भात आउँदैन । भात थपे, तरकारी टुप्लुकिँदैन । अचार, मोही र अरू सितन त कता हो कता ! जाडोले लगलगाएको ज्यानमा तातो अन्नपातको खोजी भएकोभएकै छ । भकाभक खाउँला भनेको त आइपुगेन थपुवा चिजबिज !

'हामी चार त चाख्न मात्र आएका आज । भोलि ५०-६० जनाको हुल लिएर आउँछौं हामी । त्यतिखेर यै ताल हो भने के खुवाउन सक्नु होला र तपाईंहरूले !'

कमलले यति भनिसक्दा पसलकी बूढिया एकाएक जरक-मरक गरिन् । हुरी भएर भित्रबाहिर गर्न थालिन् उनी । फऱ्याकफुरूक चर्कै देखाइन् । पटुकी कसेर ताप्केमा घिउ हालिन् । अनि आगोमा पटट ऽऽ-पटट ऽऽ घिउ खारेर हाम्रा भातमा हालिदिइन् भ्वाँइय ऽऽ ।

गदगद भएर हामीले तातातातो घिउ भात खायौं खपाखप ।

'बड्डा, बठ्याइँ देखाउन नि जान्नुपर्छ !'

कमलका कुराले हामीलाई हँसायो ।

साथीहरू भनिरहेथे-'५०-६० जना नलिई आए अर्को दिन हातखुट्टा भाँच्नेछिन् बयीले !'

त्यसपछि लगातार ओरालीमा हामी हुइँकियौँ । बाटो घुमाउरो र तेर्पेमा एकोहोरो गुडुल्कियौँ । पहाड र बाटोको बातचितमा मन पनि गाँसिन्थ्यो पटक-पटक । उत्तर, पूर्वका घुम्तीसँग हात मिलाई मिलाई हुइँकिन्थ्यौँ हामी ।

अनि फाँट र पातला बस्ती नाघेर सोलबाङ पुगेथ्यौँ । बाटोभन्दा अजङ्गको ठूलो ट्रकले घुम्ती छिचोल्न नसकेर पछारिएछ । ऊ तेर्छिएपछि बाटो छेकियो सबैको । के पो गर्ने होला ! मन पाक्यो बिछट्टै ।

लौ त लौ पसारिइराख ! अनि आफ्नो चारपाङ्ग्रे त्यत्तिकै छाडेर खोलाको तीरैतीर हामी लर्कियौँ । बाक्लो वन, तरेली परेका गरा र आपट्टे जङ्गलसँग जुधिरहेका पहरा हेर्दै निकै पर पुग्दा थन्केको चारपाङ्ग्रे आइपुग्यो ।

त्यसपछि हामी पुछार अरिङ्गाले फेदीमा सुस्ताउन पुगेका थियौँ । लुहाम नाघेर शीतलपाटी पुग्दा पनि दिन सकिएको छैन ।

बाटोमा पहिरिएका भीरले जाँच्न छोडेको छैन मन र आँटसँग ।

बाटैदेखि चिया चमेना गरूँ भनेर सबै ताते पनि वलीले औँला हुत्याएर 'अलिक पर, अलिक पर' भन्न छोडेनन् । हाम्रा बोली नि आइरहे, उनका छलनीति नि भइरहे । बल्ल श्रीनगर नाघेर खरीबोटमा रोकियो मोटर घ्याच्च । हाम्रा अमिलिएका अनुहार वलीले नहेरी-नहेरी जिते ।

'अँ, चिया खानु पर्ला !'

कन्दै थिए वली ।

हामी सबैले छाप्रामा राखिएका पकौडा, अम्बा, केरा, पाउरोटी केही बाँकी राखेनौँ । बिहान अधकल्चो खाएको खाना उहिल्यै दमपच भइसकेथ्यो । यो डुब्दो घामसम्म धन्न थेगियो । जाडो गम्केको थियो । चिया त कति सुर्काइयो कति !

खरीबोट रमाइलो बजार । सल्यानको सुन्दर र भुरूप्प उत्तर-दक्षिण लमतन्निएको किनमेल केन्द्र रहेछ ।

त्यसपछि बाटो अलिक साँघुरिएको देखियो । शिखरनाथको पहाड भनेर देवकुमारीले चिनाइन् । जताततै थिए पहाडका ताँती । फनफनी घुमेको पहाडमा वली जोडी व्यथित थिए । देवकुमारी थला परिन् । उनको थलाले वलीलाई झन् थिलथिलायो । दिग्दारियौँ हामी पनि ।

'हप्ता दिन लगाएर दाङ पुग्थेँ म त !'

पूर्णले आफ्नो बितेका दिन यी पहाडतिरका गोरेटा देखेर भने ।

हामी एकोहोरो ओरालो भएर पेदीखोला पुगेका थियौँ । एकान्त, चकमन्न र मौनताले पौडिएका वन र

पहाडको अनुहारमा हृदय खन्याउँछु । किरिङमिरिङ भएर गएको देख्छु बाटो ।

सीमा खोलीसम्म बाटो खोलाको किनारैकिनार दगुऱ्यो । त्यो दगुराइमा हाम्रा मन, ज्यान पनि जोडिए । जलेखर्क पुग्न उकाली चढ्नु पऱ्यो । ससाना झुप्राले वनबाट मुख देखाउँथे झुलुक्क । तिनका पिँढी र आँगनमा भुराभुरी खल्र्याङखुट्टी खेलेको देख्दा मन गएर जोडिन्थ्यो त्यहीँ ।

देशको भविष्य सम्झेर हामी भावुक भइरहन्थ्यौँ । खल्र्याङखुट्टीभन्दा बढ्ता गति थिएन उन्नतिको । अझ, त्यो गति कहिले आइपुग्ला यी पहाडहरूमा ?

एकपछि अर्को पहाडी रनवन र चहकमा मेरो मन पुगेर गम्किरहेको थियो । आँखाले पहाडको उज्यालोमा खोजे ओझेल परेका अँध्यारामा थोप्लाथोप्लीहरू ।

समयमा थुप्रै कोर्रा र चड्कन यी बस्तीमा बर्सेका थिए । मेरा छातीमा इतिहासले सहेका कहालीलाग्दा छटपटी एकचोटि फेरि सरर्र आए परेली वरपर ।

बाटोमा ठूलो द्वार थियो । हामीले सल्यानमा टेकेर पारि देखिएको रूकुमको सिस्ने हिमाललाई नमस्कार गऱ्यौं । थाप्लामा हिउँको पगरी गुथेको सिस्नेसँग रूकुमको उज्यालो संसार गम्किरहेथ्यो चहकिएर ।

खौला थियो त्यो । त्यसयता सल्यान र उता रूकुमको भूमि ।

दक्षिण-पश्चिमको पाखा र वन खारा रहेछ ।

खौलामा पुगेपछि पनि साथीहरूले क्यामेरा चलाए- किलिक किलिक । कोही एक्लै, कोही बथानमा तस्वीर खिच्नमा मग्न-मस्त ।

'चेतनाले हेरोस्, मनले खिचोस् !' यसै भने मैले ।

'देशमा परिवर्तन ल्याउन धेरै खालका मन चलेको ठाउँ नि यो !'

अश्विनी फऱ्याक फुरूक गरिरहेथे ।

साथीहरू तन्त्रबारे कुरा गर्थे । मेरो तन लल्याकलुलुक भएथ्यो । गएको ३-४ दिनदेखि बिहानको झिसमिसेदेखि नै म दगुरिरहेकै थिएँ । आजै पनि बिहानको चार बजे भैरहवाबाट हुइँकिएको थिएँ म ।

त्यसपछि तेर्सो भेटियो झुलनेटा ।

बाक्लो वनसँग मन र आँखाको मितेरी भइरह्यो । रूकुमका यी रूखसँग मेरो घाइते मनले खोजेको चित्रको कथा पटक-पटक खोतलिरहन्छ । हरेक रूखपातसँग

पुरानो इतिहासले सास फेरेर नयाँ समयको मूल्याङ्कन गरिरहेथ्यो ।

ओरालो मात्र होइन चिप्लो थियो बेस्सरी । पानी सिमसिमाएको बाटोले माथिल्लो खारा पुऱ्यायो । केही टार र बस्ती भेटिए । बाक्लै थिए रूखपात नि ।

'खारा !'

युद्धको पुरानो घाउ र खिल पल्टेको समाज छ खारामा । खाराको नाम सुन्ने बित्तिकै विध्वंस, बिजोग र विपतका तस्वीर आए भरर मनैभरि । खाराको अनुहार टिपिहालें मैले ।

सिङ्गो गाउँ आगोले निलेको थियो । खारासँग जोडिएको छ आगोको परिचय । खरानी भएको थियो खारा ।

आगो र खरानीको त्यही विध्वंस कथाले भस्किएको मनमा ढुकढुकिँदै म पुगें तल्लो खारा ।

'तमाईका आँखा के देख्नन् र ह्याँका दुःख ।

बलै ता भइयो नि भाराबैरागउ मर्नु ।'

वलीले भनिरहँदा नि म यो विकटताको अभाव र दुःख निहालिरहेको थिएँ । यी बिजोग र बेहालका सुस्केरा सुनिरहेथें ।

पहाडहरू, गराहरू र रूखहरूले पनि हामीलाई एकैसाथ भने- 'तमाईका आँखा के देख्नन् र ह्याँका दुःख !'

बाटो बटारिन छोडेन । घुम्ती घुम्न छोडेन । पहाडसँग अभाव, अविकास र अस्तव्यस्त जताततै हाई काढेर बसेका थिए । परिवर्तन र रूपान्तरण कतै भित्तातिर नारा भएर लेखिएका लेखिएकै थिए ।

अभाव, आकुलता र अर्थहीनतासँग रूकुमका यी पखेराले नबोलेका होइनन् । निर्माण, नयाँपन र न्यायपूर्ण स्वर नउरालेका पनि होइनन्-यी विकटताले । तर थोरै सुनियो । सुने पनि ख्याल गरिएन । केही फन्को मारेपछि ओरालो आयो । झमक्क साँझ परिसकेथ्यो । थकाइसँग ज्यानले साउती माऱ्यो । चौध घण्टे कच्याककुचुक दगुराइले बिसाउनी पाएकै थिएन ।

'सिम्रुतु !'

अगाडि बसेकी देवकुमारी बिस्तारै फुसफुसाइन् ।

'उसो भया हामी पनि पक्का रूकुम्या भइयौं हेर्नोइ !'

कुन बेलादेखि शब्द जोडजाड गरिरहेका कमलले यति भनिसक्दा हामी सबै रमायौं । किनभने यत्ति शब्दले अनन्त प्रेम, अथाह हार्दिकता र अपार आत्मीयता बोलेको लाग्थ्यो ।

सिम्रुतु-पहाडको चेपमा बसेको थियो । कुनै समय सिमसारले झपक्कै छोपिएको यो ठाउँमा हिजोआज १००

घर जतिको भीडभाडले कल्याङमल्याङ उरालिरहेकै रहेछ । घर, पसल, विद्यालय र सडकसँगै बिलाइरहेथ्यो सिमसारको सौन्दर्य ।

छालै लुछ्ने ठिहीमा म उभिइरहन सकिनँ । आँखाले ओत खोजिहाले ।

'के बित्पातको जाडो !'

अरूका ओठ नि सकपकाए ।

छेवैको पसलमा पस्दा निधारभरि सेतै अछेताले निधार छपक्कै ढाकेको नयाँ दुलहा-दुलहीका जोडी देखिए । एउटा कुनामा हातले छोपेको पानी खाएर दुलहा रन्किरहेथ्यो । अर्को कुनाकी दुलही भोक मेट्न ठूल्ठूला गाँस चाँडचाँडो हालिरहेकी थिई ।

मैले तिनको पोशाक, अनुहार, गरगहना हेरें खराखरी । त्यहाँ मध्य पश्चिमको पहाडी संस्कृति फुलेल थियो । जगमगाइरहेथ्यो संस्कृतिको सुवास ।

'यी मगर दुलहादुलही !'

वलीले सुटुक्क पारे मेरा कानमा ।

यतिन्जेलमा हाम्रा छातीमा न्याना माला थमाइसकेथे- मनलाल वली, टेकबहादुर पाण्डे, प्रकाश केसी, मोहनराज घर्ती, रामलाल गौतम, कुबेर मल्ल र तुलसीराम बूढाथोकीहरूले । बिहानैदेखि यो हुल हाम्रा पर्खाइमा बसिरहेथे ।

छाती ढक्क फुल्यो । मायाले हृदय फुल्यो ढकमक्क । बोली, शब्द र पाइलामा फेरि केही गमक आएर बस्यो ।

रूकुमको यो पहिलो अँगालोले धुकधुकीमा तातो ओर्लियो । रूकुमको यो पहिलो स्पर्शले ढुकढुकीमा स्नेह पोखियो ।

अक्षरको यात्राले यो विकटतामा ल्याइ पुऱ्याएथ्यो । सिर्जनाले घचेटेर यो अनकन्टारमा मलाई टेकाएथ्यो ।

मेरा छातीमा लहरायो- 'यतिकाउ टारा र कुनाकाप्चालाई म काँबाट भन्यालो गर्न सक्दाउँ र बलै !'

वलीले भने- 'यो विकटता र अन्कटारलाई सहजै बुझ्न सक्ने अरू को होला ? तपाईंहरू जस्ता बाहेक !'

म मौन थिएँ । चुपचाप थिएँ । घनघोर शान्तले मलाई निलिरहेको थियो । रूकुमको यो अन्कन्टार धर्तीले मलाई थिचेको थिचेकै थियो उखर्माउलिएर ।

सिम्रुतुको साँझसँग स्याँठ थियो, सिरेटो थियो र लेकाली ठिही थियो । त्यसमा घोलिएको थियो मुसुमुसे माया !

♦♦♦

# कर्मयोगको महत्व



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

"कर्मयोगफलत्यक" कर्मयोगको नै अर्को नाम हो । किनकि कर्मयोगमा कर्मफल त्याग नै मुख्य कुरा हो । कार्मयोग वास्तवमा भगवान् श्रीकृष्णको अवतार भएर आउनु भन्दा धेरै पहिले समाजबाट लुप्त प्रायः भईसकेको थियो । (गिता-४-२) । भगवान श्रीकृष्णले अर्जुनलाई निमित्त बनाएर कृपापूर्वक यस कर्मयोगलाई पुनः प्रकट गर्नुभयो । (गिता-४-३) । भगवानले त्रेता युगमा प्रकट अवतार लिएर, फेरि कर्मयोगलाई प्रकट गर्नुभयो । यसरी प्रत्येक परिस्थितिमा प्रत्येक मानिसहरूलाई कल्याणको अधिकार प्रदान गर्नुभयो । अन्यथा आध्यात्मक मार्गको विषयमा कहिले पनि यो सोच जाँदैन थियो कि एकान्त बिना कर्मलाई नछोडिकन, वस्तुहरूको त्याग गरे बिना स्वजनहरूको त्याग बिना परिस्थितिमा मानिस आफ्नो कल्याण गर्न सक्दछन् ।

कर्मयोगमा फलोशक्तिको त्याग नै मुख्य हो । स्वस्थता- अस्वस्थता धनवत्ता निर्धन, मान- अपमान स्तुति-निन्दा आदि सबै अनुकूल-प्रतिकूल परिस्थितिहरू कर्मको फलको रूपमा आउदछन् । यिनीहरूसँग राग-द्वेष रहनाले कहिल्यै पनि परआत्माको प्राप्ति हुन सक्दैन । (गिता (२-४२,४३,४४) । उत्पन्न हुनेवाला वस्तुहरू मात्र कर्मफल हो । जो कर्मफलको रूपमा कि जब कर्म सँधै रहँदैन, तब त्यसबाट उत्पन्न हुनेवाला फल सदैब कसरी रहन्छ ? त्यसैले त्यसमा आशक्ति ममता गर्नु भूल हो । जुन फल अहिले पाएको छैन, त्यसको कामना गर्नु पनि भूल हो ।

अतः फलाशक्तिको त्याग कर्म योगको बीज हो । कर्मयोगमा क्रियाहरूको प्रधानता प्रतीत हुन्छ र शरीरादि जड पदार्थ बिना क्रियाहरूको हुनु सम्भव हुँदैन । यसैकारण कर्म एवं फलहरूबाट छुटकारा पाउन गाह्रो जस्तो लाग्दछ । वास्तवमा हेर्नें भन्ने जो हामीले पाएको कर्म सामग्री (शरीरादि जड पदार्थ) लाई आफ्नो तथा आफ्नो लागि मान्नाले नै फलाशक्ति

गीता फलाशक्तिको त्यागमाथि जति जोड दिन्छ, त्यति अरू कुनै साधनमा दिँदैनन् । अरू साधनहरूको वर्णन गर्दा पनि कर्मफल त्यागलाई अरू साधनहरूसँग राखिएको छ । भगवानको मत अनुसार त्याग त्यही हो, जसमा निष्कर्म भावबाट आफ्नो कर्तव्यको पालन होस् र फलमा कुनै प्रकारको आशक्ति नहोस् (गीता-१८-६) । उत्तमभन्दा उत्तम कर्महरूमा पनि आशक्ति नहोस् र साधारण भन्दा साधारण कर्महरूमा द्वेष नहोस् । किनकि कर्म त उत्पन्न भएर समाप्त भईहाल्दछ । तर उनीहरूमा हुनेवाला आशक्ति (राग) र द्वेष रहिरहन्छ । जो बन्धनको कारण हो यसको विपरित अहंभाव तथा राग-द्वेषरहित मानिसको अगाडि समस्त प्राणीहरूको संहार रूप कर्तव्य कर्म पनि आउँछ भने पनि ऊ बाँधिन सक्दैन (गीता-१८-१७) ।

यसकारण भगवान् "कर्मफल -त्याग" लाई तप, ज्ञान कर्म, अभ्यास, ध्यान आदि साधनहरू भन्दा श्रेष्ठ बताउनुहुन्छ । अरू साधनहरूमा कृयाहरू उत्तम प्रतित हुन्छन् तर विशेष लाभ देखाई दिदैन । साथै मेहेनत पनि गर्नुपर्दछ । तर फलाशक्ति त्याग गर्नाले न त कुनै नयाँ कर्म गर्नुपर्दछ । न त आश्रम, देश आदि कुराहरूको परिवर्तन गर्नुपर्दछ । बरू साधकहरू जहाँ छन्, त्याग कठिन जस्तो लाग्दछ । शरीरादि प्राप्त- समग्रमा किनै प्रकारको आशक्ति नराखेर कर्तव्य कर्म गर्नाले परआत्मा प्राप्ति भइहाल्दछ । (गीता ३-१९) । वास्तवमा क्रियाहरू कहिल्यै पनि बन्धकारी हुँदैनन् । बन्धकको मल हेतु कामना र फलाशक्ति हो । कामना र फलाशक्ति मेटिए पछि सबै कर्म अकर्म भईहाल्दछन् (गीता (४-१९-२०,२१-२२) ।

भगवानले कर्मयोगलाई कर्मसन्यास भन्दा पनि श्रेष्ठ बताउनुभएको छ (गीता-५-२) । भगवानको मत अनुसार स्वरूपबाट कर्मलाई त्याग गर्नेवाला शक्ति सन्यासी होईन । बरू कर्मफलको आश्रय नलिएर कर्तव्य कर्म गर्नेवाला कर्मयोगी नै सन्यासी हो (गीता ६-१) । आशक्ति रहित कर्मयोगी सबै संकल्पहरूबाट मुक्त भएर सुगमता पूर्वक योगारूढ भईहाल्छन् (गीता-६-४) । यसको विपरित जुन कर्महरू तथा उनीहरूको फलहरू आफ्नो र आफ्ना लागि मानेर सुख-भोगको इचछा राख्दछन् । तिनीहरू वास्तवमा पापको नै भोग गर्दछन्(गीता-३-१३) । अतः फलाशक्ति नै संसारको बन्धनको कारण हो । "फलेशक्तो निबध्यते" (गीता-५-१२) । यसैको त्याग नै वास्तविक त्याग हो (गीता-१८-११) ।

जे गर्दछन्, जस्तोसुकै परिस्थिति होस् त्यसबाट (फलाशक्तिको त्यागबाट) धेरै सुगमतासँग आफ्नो कल्याण गर्न सक्दछन् ।

नित्यप्राप्त परआत्माको अनुभूति हुन्छ, प्राप्ति होइन । जहाँ "परमात्मा प्राप्ति" भनिन्छ । वहाँ त्यसको अर्थ नित्य प्राप्तको प्राप्ति या अनुभव नै मान्नुपर्दछ । यो प्राप्तीको साधनद्वारा हुँदैन, बरू जडताको त्यागबाट हुन्छ । ममता, कामना र आशक्ति नै जडता हो । शरीर, मन, इन्द्रियहरू, पदार्थ आदिलाई 'म' वा "मेरो" मान्नु नै जडता हो । ज्ञान, अभ्यास ध्यान, तप आदि साधना गर्दा-गर्दा जब जडतासँगै सम्बन्ध बिच्छेद हुन्छ तब नित्य प्राप्त परआत्माको अनुभूति हुन्छ । यस जडताको त्याग जति कर्मफलत्यागबाट अर्थात कर्मयोगबाट सुगम हुन्छ, त्यति ज्ञान, अभ्यास, ध्यान, तप आदिबाट हुँदैन । किनकि ज्ञानादि साधनहरूमा शरीरादिलाई आफ्नो र साधनलाई आफ्नो लागि मानिरहने हुनाले जडता (शरीर, मन, बुद्धि, इन्द्रियहरू) सँग विशेष सम्बन्ध बनिरहन्छ ।

यी साधनहरूको लक्ष्य परआत्मामा प्राप्ति हुनाले आखिरमा सफलता त मिल्दछ नै, तर त्यसमा ढिलो र कठिनाई हुन्छ । तर कर्मयोगमा अरूबाट नै जडताको त्यागको लक्ष्य रहन्छ । जडताको सम्बन्ध नै नित्य प्राप्त परमात्माको अनुभूतिमा बाधा हो, यो कुरा अन्य साधनहरूमा स्पष्ट प्रतीत हुँदैन । जब मानिसले यो दृढ निश्चय गर्दछ कि, मलाई कहिले कुनै पनि परिस्थितिमा मन, वाणी, अथवा क्रियाबाट चोरी, झुट, व्यभिचार, हिंसा, छलकपट, अभक्ष्य-भक्षण आदि कुनै शास्त्र विरूद्ध कर्म गर्नु छैन, तव उसद्वारा स्वतः बिहित (शुद्ध) कर्म हुन थाल्दछन् ।

मानिसले निषिद्ध कर्महरूलाई त्याग गर्ने निश्चय गर्नुपर्दछ, न कि बिहित कर्महरू गर्ने । किनकि यदि मानिसले बिहित कर्महरू गर्ने निश्चय गर्दछ भने तब उसमा बिहित कर्म गर्ने अभियान आइहाल्दछ, जसले गर्दा उसको 'आत्मा' सुरक्षित रहन्छ । बिहित कर्म गर्ने अभिमान रहनाले निषिद्ध कर्म हुन जान्छ । तर म "निषिद्ध कर्म गर्दैन" यस निषेधात्मक निश्चयमा कुनै योग्यता सामार्थ्यको अपेक्षा नरहनाको कारण मानिसमा अभिमान आउँदैन । निषद्ध कर्महरूको त्यागमा पनि मूर्खताले अभिमान आउन सक्छ । अभिमान आएमा बिचार गर्नुपर्दछ कि त्यो गरिएन यसमा विशेषता कुन कुराको छ ? फलको कामना तब गरिन्छ, जब कुनै कुरा गरिन्छ । जब

केही पनि गरिएको छैन, खाली निषिद्ध कर्म त्याग मात्र गरिएको हो । त्यसमा फलको आशा हुने कुरै भएन । अर्थात त्याग स्वतः भईहाल्दछ। फलशक्तिको त्याग भए पछि शान्ति स्वतः सिद्ध छ ।

♦♦♦

लघुकथा

## मुखौटो



✍ **श्रीराम राई**

धनेसले आँखा तर्दै भन्यो, ओई किन तैंले सधैं हाम्रो अगाडि तमासा देखाउँछस् ? कहीं नभएको तेरो मुखौटो व्यापार ! हाम्रै दोकानको छेउमा आएर बेच्नुपर्ने ?

धनेसको आँखा तराइले अचानक ईशानको अनुहार औंसीको रातजस्तै अँध्यारो देखियो । उसले नरम हुँदै बाध्यता बतायो, 'के गर्नु हजुर, पेट पाल्नु नपरे किन गरिन्थ्यो यस्तो दुःख ! यहाँ चोकमा जस्तो राम्रो व्यापार अरू कुन ठाउँमा हुन्छ र हजुर !'

धनेसले बडप्पन देखाउँदै फेरि हप्कायो, 'जाबो मुखौटो बेचेर कसरी पाल्छस् पेट ? बरू मेरामा भाँडा माझे जित्लास् !'

ईशानले फुरूक्क पर्दै सोध्यो, 'हुन्छ नि हजुर, मलाई सेवा गर्ने मौका दिनुस् । म जस्तो गरिबको उद्धार हुनेछ हजुर ।'

धनेसले पिच्च भुइँमा थुक्दै भन्यो, 'म जस्ताकोमा नोकरी पाउनु त नसिब राम्रो लिएर जन्मिनु पऱ्यो नि । मेरो पसलको के कुरा गर्नु, स्टाफ मात्रै बाइस जना मैयाँ रानी छन् ।'

ईशानले दुखेसो पोख्यो, 'नगरपालिकाले विश्वभर कोरोना महामारी फैलिंदै छ । ज्यानभन्दा ठूलो पैसा हैन । भोलिदेखि फुटपाथे व्यापार नगर्नु भनेको छ । कसरी बाँच्नु होला अब ?'

अचानक सरकारले लकडाउनको घोषणा गऱ्यो । लकडाउनसँगै धनेशले पनि पसल बन्द गर्नुपऱ्यो । ईशानले झोलामा बोकेर पनि मुखौटो व्यापार गरेर जीवन चलायो । तर, धनेसको पसल बन्द भएकाले ऊ आर्थिक संकटमा पऱ्यो ।

एकदिन धनेशले नरम हुँदै भन्यो, 'ईशान, सबै पसल बन्द छन् । हातमुखकै समस्या पऱ्यो अब त । म पनि ओल्टोकोल्टो परेर मुखौटो बेच्छु ।

# नेपालमा सामाजिक समावेशीकरणको आवश्यकता तथा महत्व



✍ गम्भीरबहादुर हाडा

## परिचय

नेपालमा जाति, आदिवासी र जनजातिको उत्पत्ति र विकासका दृष्टिले ठूलो अन्तर नभएका कारण मौलिकताका आधारमा यिनीहरूलाई अलगअलग गर्न कठिनाइ पर्दछ तापनि यिनीहरूको समानता र भिन्नता सम्बन्धमा फरक फरक दृष्टिकोण राखिएको छ । सन् १९२३ मा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले आदिवासी श्रमिकहरूका अधिकारका बारेमा कुरा उठायो । १९९३ मा संयुक्त राष्ट्र संघले आदिबासी वर्ष नै मनायो । सर्वप्रथम टिबेटो बर्मन भाषा बोल्ने सिनो मङ्गोल जाति ५००० वर्ष अगाडि नेपालमा आएको थियो । नेवारहरू गौतम बुद्धको समयमा कपिलवस्तुमा बनारसका राजा विरूदेवले हमला गर्दा भागेर काठमाडौं उपत्यकामा आएका थिए । जयस्थिति मल्लको समयमा यिनीहरूको बौद्धमार्गी भिक्षु भिक्षुणीसँग वैवाहिक सम्बन्ध कायम भयो । मल्ल राजाहरूले लिचछवीहरूलाई हराई उनीहरूलाई ज्यापूमा मिलाएका थिए । यसरी हेर्दा जातिहरूमा एक अर्का बीच सम्मिश्रण भएको पाइन्छ । त्यसकारण संयुक्त राष्ट्र संघले राज्यको मूल प्रवाह समातेर बसेका जातिभन्दा पहिले आएकालाई आदिवासी मानेको हो । नेपालमा आदिवासी र जनजाति यी दुई शब्द एकसाथ प्रयोग हुँदै आएका छन् । यिनीहरूलाई शासक वर्गहरूले जबरजस्ती वर्ण व्यवस्थाको प्रवाहभित्र पारेर सांस्कृतिक रूपमा शोषित र उत्पीडित बनाएका थिए । यिनीहरूलाई आफ्नो मौलिक संस्कृति विहीन बनाउने प्रयासहरू समेत भए । यिनीहरू भाषा, धर्म, संस्कृतिका आधारमा विभेदयुक्त र उत्पीडित भएका छन् । राज्यको मूल प्रवाहमा क्षेत्री ब्राह्मणहरूको एकाधिकार कायम भई यिनीहरू यसबाट अलग भएका हुन् । राज्यको मूल प्रवाह कब्जा गरी बसका यी क्षेत्री ब्राह्मण जातिभन्दा पहिले आएका मगर, गुरूङ, राई, लिम्बु, नेवार, तामाङ, शेर्पा,

थकाली र थारूहरू आदिवासी हुन् । खस जातिहरूको भन्दा भिन्न भाषा, धर्म, संस्कृति भएकाले उनीहरूलाई जनजाति पनि भनिएको हो । आदिवासी जनजातिको अर्थ प्रस्ट्याउँदै इच्छापूर्ण राई भन्दछन्, "वास्तवमा आदिवासी र जनजातिलाई कतिपय सन्दर्भमा एउटै माने पनि यिनीहरू पृथक् विशेषता बोकेका पदावली हुन् । आदिवासी भन्नाले शाब्दिक रूपमा सबैभन्दा पहिले त्यो भूमिमा खनजोत गरी बस्ती बसाउने जातिलाई बुझाउँछ र उनीहरू सोझै जमीनको स्वामित्वसँग सम्बन्धित हुन्छन् भने जनजातिहरू भाषा, संस्कृति, रीतिरिवाज र परम्परासँग सम्बन्धित छन् । नेपालको सन्दर्भमा जनजातिहरू नैआदिवासी हुन् र आदिवासी नै जनजाति पनि त्यसैले यहाँ बसोबास गर्ने जनजातिहरू आदिवासी नै हुन् यसमा कुनै शङ्का छैन ।"

नेपालमा विगत ५० वर्षदेखि सामाजिक परिवर्तनले तीव्रता लिएको छ । तापनि सामाजिक कल्याणको क्षेत्रमा जति प्रगति हुनु पर्ने हो त्यति हुन सकिरहेको छैन । यतिसम्म चाहिं के भन्न सकिन्छ भने नेपालमा योजनाबद्ध परिवर्तनको क्रममा ग्रामीण पुनर्निमाण, श्रम कल्याण, दलित जातिहरूको उत्थान, जनजाति एवं महिलाहरूको स्थितिमा सुधार गर्ने हेतुले केही कार्यहरू निःसन्देह गरिएका छन् तर योजनाहरूको प्रगति भने राखिएको लक्ष्य अनुसार भएको छैन । योजनाबद्ध परिवर्तनको अधिकांश लाभ साधारणतया ती मानिसहरूले पाएका छन् जो पहिलेदेखि नै सम्पन्न थिए ।

विभिन्न समाजशास्त्रीय अध्ययनहरूबाट के स्पष्ट भएको छ भने योजनाबद्ध परिवर्तनले विभिन्न क्षेत्रमा इच्छित सफलता प्राप्त गर्न सकेको छैन । यसका केही मौलिक कारणहरू छन् जुन यसप्रकार छन् :

**(स्रोतः वासु बराल, सामाजिक संस्थाहरूको विश्लेषण र प्रक्रियाहरू "भुवन प्रकाशन, प्रथम संस्करण २०५८, पेज नं. ३४६(३४७)**

(क) अशिक्षा (ख) लक्ष्य र साधनमा असन्तुलन (ग) व्यवहारिक पक्षमा कम ध्यान (घ) प्रशासनको अकुशलता र स्वार्थपरता (ङ) गुटबन्दी र दरबन्दी (च) मानवीय तथा सांस्कृतिक कारकहरूको उपेक्षा (छ) रूढी एवं अन्धविश्वास (ज) राष्ट्रिय चरित्रको अभाव (झ) विश्वासीलो तथ्याङ्कको अभाव (ञ) समाज वैज्ञानिक र प्रशासक बीच सहयोगको अभाव (ट) साधारण जनतामा उत्साह एवं सहयोगको अभाव ।

प्रत्येक समाज सधैं स्थिर, संगठित, एकीकृत, सन्तुलित एवम्

समतुल्य अवस्थामा राख्नका लागि त्यसका अंगहरू अथवा संरचनाका तत्वहरू क्रियाशिल रहन्छ । यसरी सामाजिक व्यवस्थालाई स्थिर राख्नका लागि संरचनात्मक तत्वहरूको प्रकार्यात्मक सम्बन्धको निकै नै महत्वपूर्ण भूमिका रहन्छ । मानव पनि सामाजिक एवम् सांस्कृतिक व्यवस्थाको एक एकाई हो । परिवर्तन शब्दले कुनै तथ्य, वस्तु वा संरचनामा आउने फेरबदललाई संकेत गर्दछ । संसारका सबैजसो भौतिक एवम् अभौतिक वस्तुहरू परिवतर्नशील छन् । त्यसैले समाज र संस्कृति पनि निरन्तर रूपमा समय, परिस्थिति, आवश्यकता र मानव विकाससँगै परिवर्तन भईरहेको छ । सांस्कृतिक परिवर्तन भित्र निम्न कुराहरूलाई समावेश गर्न सकिन्छ : (क) सांस्कृतिक परिवर्तन, धर्म, ज्ञान, कला, विश्वास, साहित्यप्रथा कानून आदि सबै क्षेत्रमा हुने परिवर्तन हो । (ख)सांस्कृतिक परिवर्तनबाट संस्कृतिका विभिन्न पक्षहरूमा हुने परिवर्तनको बोध हुन्छ । (ग) सांस्कृतिक परिवर्तनको विशेष गरी सचेत प्रयत्न वा घटनाबाट हुने गर्छ । (घ) सांस्कृतिक परिवर्तनको गति प्रायः तिव्र हुन्छ । हरेक समाजका आ-आफ्नै आवश्यकता हुन्छन् । सामाजिक आवश्यकता र स्थिति अनुसार मानवीय आवश्यकता निर्धारण हुन्छन् । अधिकांश समाजहरूमा सांस्कृतिक परिवर्तन ल्याउने केही तत्वहरू यसप्रकार छन्ः (क) आविस्कार (ख) खोज (ग) नवीकरण (घ) प्रसार ङ)परसंस्कृति ग्रहण (च) निर्देशित परिवर्तन ।

जसरी सांस्कृतिक परिवतर्नका लागि केही महत्वपूर्ण संयन्त्रहरू क्रियाशील हुन्छन् । त्यसैगरी सामाजिक परिवर्तनमा पनि केही प्रभावकारी तत्वहरू आफ्नो भूमिका निर्वाह गरिरहेका हुन्छन् । यस्ता तत्वहरूमा जैविक तत्व, प्राविधिक तत्व, भौगोलिक तत्व, आर्थिक तत्व राजनीतिक तत्व, मनोवैज्ञानिक तत्व, सांस्कृतिक तत्व आदि रहेका हुन्छन् । सामाजिक परिवर्तनलाई सांस्कृतिक परिवर्तन एउटा पक्ष मान्न सकिन्छ । तर संस्कृतिको प्रभाव समाजका सबै पक्षहरूमा पर्दछ । संस्कृतिले सामाजिक सम्बन्धमा मात्र प्रभाव पार्ने होइन कि यसले प्रविधिको परिवर्तनको दिशा एवं स्वरूपको समेत निर्धारण गर्दछ । परिवर्तन एक निरन्तर चलिरहने प्रक्रिया हो । यो समाजका विभिन्न पक्षहरूमा फरक फरक किसिमबाट देखा पर्दछ । ग्रामीण सामाजिक परिवर्तनका आफ्नै आयामहरू छन् । जस्तैः (क) संरचनात्मक आयाम (ख) सांस्कृतिक आयाम (ग) अन्तरक्रियात्मक आयाम ।

ग्रामीण सामाजिक परिवर्तनका कारणहरूलाई A.R. Deshai ले मुख्यतया दुई भागमा विभाजन गरेका छन् :

(क) चेतन कारणहरू :-प्राकृतिक भौतिक पर्यावरण, प्राद्योगिकीकरण, सांस्कृतिक तत्व आदि हुन् ।

(ख) अचेतन कारणहरूमा :-प्रोत्साहन पद्धति, अनिवार्य पद्धति, शिक्षण पद्धति, प्रदर्शन पद्धति, सामाजिक दबाब पद्धति आदि ।

आजकल ग्रामीण समाजमा व्यक्तिको हैसियत उसको परिवारको प्रतिष्ठा, जाती र सम्पत्तिको आधारमा नभईकन उसको व्यक्तिगत क्षमता र व्यक्तित्वको आधारमा गरिन्छ । अथवा योग्यताको आधारमा व्यक्तिको स्थिति निर्धारण हुन्छ । नेपाली ग्रामीण समाजमा पनि आधुनिकीकरणको प्रभावले गर्दा सामाजिक संगठनमा पारिवारिक महत्वमा कमी आएको छ । ग्रामीण समाजमा आधुनिकीकरणको प्रभावलाई हेर्दा मुख्यतया यसको प्रभाव परिवार, विवाह, संस्कार एवं वैयक्तिक व्यवहारहरूमा परेको देखिन्छ ।

“समावेशीकरण” अङ्ग्रेजी शब्द "Inclusion" को नेपाली रूपान्तर हो । जो १७ औं शताब्दीमा ल्याटिन शब्द (Includere) बाट अङग्रेजीमा (Shwin) भित्र बन्द गर्ने भन्ने मनसायबाट बुझ्दै २२ शताब्दीको अन्तिम दशकमा समावेशीकरण समाहितीकरण, संवेतीकरणजस्ता शब्दावलीमा रूपान्तरित भएर अहिले सबैभन्दा प्रिय शब्दावलीमा स्थापित भएको छ । राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र जातीय दृष्टिले भिन्न समाजका प्रत्येक जनताले राज्य सञ्चालनका सबै क्षेत्रमा समानुपातिक सहभागिताको अवसर पाउनुपर्छ भन्ने मान्यताका साथ समावेशीकरणको अवधारणा आएको हो । हालैका वर्षहरूमा लोकतन्त्रले निकै चर्चा पाएको र समावेशी लोकतन्त्र भन्ने शब्दावलीहरूको प्रयोग गर्ने गरिएको छ । समावेशीकरणको अवधारणाले महिला, पिछडिएको वर्ग र क्षेत्र, जनजाति, आदिवासी तथा अल्पसंख्यकहरूको राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिक लगायतका क्षेत्रहरूमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने विषयलाई अघि सारेको छ । यसरी विशेष व्यवस्था गरी समावेश गर्ने व्यवस्थालाई संविधानमा उल्लेख गरेर छुट्टै कानूनको निर्माण गरेर र राजनीतिक दलहरूले आफ्नो विधानमा व्यवस्था गरेर सुनिश्चित गर्ने गरिएको पाइन्छ । समावेशीकरणको दर्शन तीनओटा सिद्धान्तबाट निर्देशित छ ।

(क) समतामूलक पहुँच (Equitable

Access), (ख) पूर्ण सहभागिता (Full Participation) (ग) विविधताको स्वीकृति र सम्मान (Approval and respect for Diversity)

उपर्युक्त सिद्धान्तहरूलाई समावेशीकरणका निर्देशन सिद्धान्त मानिने हुनाले यिनैका आधारमा समावेशीकरणलाई यसरी परिभाषित गरिएको छ "समावेशीकरण समतावादी" धारणा हो । जसले सबै मानिसलाई व्यक्तिका रूपमा स्वीकार गरी उनीहरूलाई पृष्ठभूमिको आधारमा वर्गीकरण नगरी समान महत्व दिएर वर्गीकरणमा आधारित मान्यताको अन्त्य गर्दछ । (फर्न एफिस्की, १९९५) । सोही सिद्धान्तको आधारमा शैक्षिक व्यवस्थापनको दृष्टिकोणले यसरी परिभाषित गर्न सकिन्छ ।

उपर्युक्त दार्शनिक र सैद्धान्तिक पक्षहरूलाई मध्यनजर राखी निम्न लिखित बुँदाहरूका आधारमा सामाजिक समावेशीकरणको औचित्यलाई पुस्ट्याई गर्न सकिन्छः

१. प्रतिनिधित्व (Representation),
२. सहभागिता (Participation),
३. स्रोतमाथिको पहुँच (Access over resource)
४. सम्प्रभुता (Sovereignty),
५. पहिचान (Identity)

समावेशीकरणको मुख्य आशय राज्य सञ्चालनका हरेक क्षेत्रमा विशेष व्यवस्था गरी महिला लगायत समाजका पिछडिएका वर्गको सहभागिता अभिवृद्धि गर्ने भन्ने हो ।

यसै अनुरूप विश्वका कतिपय देशहरूले यस सम्बन्धी व्यवस्था गर्ने प्रयास गर्दै आएका छन् । यस्ता प्रयासहरूमध्ये आरक्षण (Reservation) को व्यवस्था गरिएको छ । यस किसिमको आरक्षण गर्दा राजनीतिक, शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक क्षेत्रमा सबै वर्गका जनताको संलग्नतालाई आधार मान्ने गरिन्छ :-

(क) राजनीतिक क्षेत्र :-राजनीतिक दृष्टिले समावेशीकरण विषय निकै चर्चामा रहेको छ । राजनीतिक रूपमा महिला लगायत अन्य पिछडिएको वर्ग र जातिको सहभागिता बढाउने विभिन्न उपायहरू अपनाउने गरिन्छ ।

(ख) शैक्षिक क्षेत्र :-महिला र अन्य पिछडिएका वर्गलाई सशक्तिकरण गर्ने प्रमुख आधार शिक्षामा जोड दिनु हो ।

(ग) प्रशासनिक क्षेत्र :- समावेशीकरणको अवधारणाले जोड दिएको अर्को प्रमुख क्षेत्र हो प्रशासन यन्त्र । प्रशासन यन्त्रको निर्णायक तहमा महिलालगायत अन्य पिछडिएका वर्गको सहभागिताको प्रश्न हालका वर्षहरूमा धेरै अगाडि बढेको छ ।

(घ) आर्थिक क्षेत्र :- आर्थिक क्षेत्रमा पनि समावेशीकरणको अवधारणा अघि

सारिएको छ । भूमिसुधारको माध्यमबाट सम्पत्तिको समानुपातिक वितरण गरेर समावेश गर्न सकिन्छ ।

(ङ) सामाजिक क्षेत्र :- सामाजिक विभेदको अन्त्य गर्ने, सामाजिक सुरक्षाको व्यवस्था गर्ने, रोजगारीमा आरक्षणको व्यवस्था गर्ने विधिहरूको माध्यमबाट सामाजिक क्षेत्रमा समावेशीकरण गर्न सकिन्छ ।

(च) स्थानीय स्वायत्त शासन :-देशको विभिन्न भागलाई प्रशासनिक रूपले विभक्त गरी सोही अनुरूप केन्द्रमा रहेका अधिकारहरू निक्षेपण गर्ने प्रक्रिया हो । यस अवधारणा अनुसार जिल्ला, नगर, गाउँ र वडाहरूमा विभाजन गर्ने गरिएको छ ।

(छ) संघीय राज्य प्रणाली :- संघीय राज्य प्रणालीलाई दुई किसिमले हेर्ने गरिन्छ । एउटा भौगोलिक आधारमा अधिकारको बाँडफाँड र अर्को जुन क्षेत्रमा जुन जाति, धर्म र वर्गको बाहुल्यता छ । सो क्षेत्रमा तिनकै लागि मात्र स्वायत्तता दिने गरी मिलाइने व्यवस्था । **(स्रोतः शारदा प्रसाद त्रिताल, समावेशीकरण (अवधारणा र व्यवहार, शसक्तीकरण (Empowerment), वर्ष ३, अंक ६, २०६१ पौष, नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं, पेज नं. २(३) ।**

**समावेशीकरण र असमावेशीकरण अथवा सामाजिक वञ्चितीकरणको लागि महत्वपूर्ण उपायहरू**

१. सकारात्मक विभेदका कार्यतर्फ नीति निर्माणका तहहरूमा विशेष गरेर प्रशासनिक क्षेत्रहरूमा, मनोनयन वा नियुक्ति हुने आयोगहरूमा र स्थानीय निकायहरूमा सबै वर्गको प्रतिनिधित्व गराउन क्षमता अभिवृद्धिका साथै सकारात्मक विभेदको नीति लिनुपर्छ । निजामती सेवालाई थप समावेशी बनाउन अल्पकालमा अर्थात पाँच वर्षका लागि अभियानकै रूपमा नियुक्ति पूर्व तालिम कार्यक्रम, तयारी कक्षाहरू र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

२.सामान्य रूपमा असमावेशी कार्यहरूलाई स्थगित गरी असमावेशी र सुविधा सम्पन्न वर्गबीचको विभेद भत्काई असमावेशी र सुविधा सम्पन्न वर्गबीचको दूरी कम गर्दै जान सकिन्छ । यसै क्रममा समावेशी र असमावेशीबीच अन्तरसम्बन्ध र सहकार्य बढाउँदै विकासका आयामहरूलाई समानुपातिक रूपमा बढाउने तहगत श्रृङ्खला बनाई समावेशीकरण गर्न सकिन्छ ।

३.समावेशीकरणका सम्बन्धमा नीतिगत रूपमा सरकार स्पष्ट हुनुपर्दछ । राज्यले कस्तो नीति लिने र त्यसको

कार्यान्वयन कसरी र कहिले सम्ममा गर्ने भन्ने सन्दर्भमा राज्यको नीतिगत धारणा स्पष्ट हुनुपर्छ । नेपाल जस्तो बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक र विभिन्न वर्ग र समुदायले बसोबास गरेको देशको सन्दर्भमा राज्यले विशेष व्यवस्था गरी सबैलाई समान अवसर प्राप्त हुने स्थिति सिर्जना गर्नु अति आवश्यक छ ।

४. समावेशीकरणको अवधारणाको कार्यान्वयनमा राजनीतिक प्रतिबद्धताको आवश्यकता पर्दछ । ज्ञान र सीपका क्षेत्रमा हरेक नागरिकलाई सशक्त नबनाई समावेशीकरणको अवधारणा व्यवहारमा उतार्न सकिँदैन । यसैले शैक्षिक क्षेत्रमा बढी भन्दा बढी आरक्षणको व्यवस्था गर्नु आवश्यक छ । सामाजिक परम्परा र देखावटी तडकभडकले महिला तथा पिछडिएका अन्य वर्गले सम्मानपूर्वक बाँच्नमा कठिनाई परिरहेको छ । यस्ता गलत प्रवृत्तिहरूमा तुरुन्त रोक लगाई आफ्नो हैसियतअनुरूपको कार्य गर्ने वातावरणको सिर्जना गर्न सरकार, राजनीतिक दलहरू, नागरिक समाजका संस्थाहरू लागि पर्नु आवश्यक भएको छ ।

५. महिला, दलित र जनजातिको पहुँचमा बाधा पुऱ्याउने तत्वहरू पत्ता लगाउनका लागि मूलधारका सबै कार्यक्रमको व्यवस्थित ढंगले विश्लेषण गर्ने र ती बाधा पन्छाउनका लागि उपयुक्त संरचना तयार गरी त्यसका लागि प्रोत्साहन दिने । समावेशीकरणका लक्ष्य प्राप्तिका निमित्त सबै क्षेत्रलाई जिम्मेवारी दिई जवाफदेही बनाउनुका साथसाथै विभिन्न जाति र जनजाति लिङ्गका क्षेत्रमा भएका उपलब्धि स्पष्ट देखिने सूचक तयार गर्ने र सुधारका लागि नीतिगत कदमहरूलाई प्रभावकारी बनाउनका लागि क्षेत्रगत अनुगमन र मूल्याङ्कन प्रणालीलाई गरिबी अनुगमन तथा विश्लेषण प्रणालीसँग जोड्ने गर्नुपर्दछ ।

६. विभिन्न मन्त्रालयले उठाएका समावेशी कदमहरूबीच समन्वय र तिनको अनुगमन गर्नका लागि राष्ट्रिय योजना आयोगमा समावेशी कार्यदल गठन गर्ने र यसलाई गरिबी निवारण रणनीति पत्रको केन्द्रीय अनुगमन प्रणालीसँग समन्वय गराउने र यस कार्यदलले पछि गएर समावेशीकरणका सम्बन्धमा दशौं योजनाले हासिल गरेका उपलब्धिको मूल्याङ्कन गर्नुका साथै अरू योजनाहरूको लागि प्रस्ताव तयार गर्ने कामको नेतृत्व लिन सक्छ ।

७. सम्बन्धित सबै मन्त्रालयका नीति तथा कार्यक्रमलाई समावेशी बनाउनका लागि लैङ्गिक सम्पर्क व्यक्तिलाई क्षेत्रगत सामाजिक समावेशीकरण एकाइको अङ्का लैङ्गिक दलित र जनजाति

विषयका विशेषज्ञ नियुक्त गर्ने अधिकारप्राप्त वरिष्ठ सरकारी अधिकारी यस एकाइको प्रमुख हुनुपर्छ । जिल्लास्तरमा रहेको महिला विकास कार्यालयको क्षमताको उपयोग गर्दै जिल्लामा लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यालय स्थापना गर्ने यसको सार्थक समन्वयका लागि क्षेत्रगत मन्त्रालयहरू, प्रतिनिधिमूलक राष्ट्रिय संगठनका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय आदिवासी जनजाति प्रतिष्ठानका स्थानीय निकायसँग सम्पर्क स्थापना गर्नुपर्दछ ।

८. औपचारिक तथा अनौपचारिक बाधाहरूले गर्दा सरकारले विभिन्न मन्त्रालय तहमा भएका प्रयासहरूलाई समावेशीकरणका दिशामा समन्वयात्मक ढङ्गबाट अगाडि बढाउन सकेको छैन । समावेशीकरण अन्तर्गतका नीति र कार्यक्रमलाई प्रभावकारी ढंगले समन्वय गर्ने हो भने कार्यक्रमको प्रभावकारीता धेरै मात्रामा बढ्छ, कामको दोहोरोपना घट्छ र सबै तहमा अझ बढी प्रभाव बढ्छ । समावेशी कार्यक्रम सुनिश्चित गर्नका लागि हरेक ठोस संयन्त्रको सिफारिस गर्नुपर्दछ । जि.वि.स. र गा.वि.स.को बजेट र कार्यक्रमलाई महिला, दलित र जनजातिप्रति उत्तरदायी बनाउने निगरानी समिति गठन गरिने प्रतिबद्धता पूरा भएको छैन । धेरै समूहले महिला विकास अधिकृतलाई कार्यक्षेत्र थपेर सामाजिक समावेशीकरणका सबै पक्ष हेर्न सक्ने बनाउन सकिन्छ कि ? भन्ने सुझाव दिएका छन् । महिला विकास शाखामा एक जना यस्तो कर्मचारीको व्यवस्था गर्न सकिन्छ । जसलाई स्थानीय निकायहरूले गर्ने कार्यक्रमबाट दलित र जनजातिले पनि फाईदा पाएका छन् भन्ने सुनिश्चित गर्ने जिम्मेवारी दिनुपर्छ ।

९. राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गठन र सञ्चालन सम्बन्धी ऐन जारी गर्ने र यी आयोगहरूलाई अर्धस्वायत्त संवैधानिक निकायका रूपमा काम गर्न सक्ने बनाउने, यिनीहरूलाई अर्थमन्त्रालयबाट बजेट र दाताहरूबाट सोझै सहयोग लिन सक्ने व्यवस्था मिलाउनुपर्दछ । यी आयोगले वञ्चित समुदायमा आएका परिवर्तनका सम्बन्धमा जानकारी राख्ने कुरा सुनिश्चित गर्ने र यसका लागि उनीहरूले नागरिक समाज र प्रस्तावित जिल्लातहको लैङ्गिक तथा सामाजिक समावेशीकरण एकाइका कुरा सुन्ने खालको वातावरण तयार गर्नुपर्दछ ।

१०. आफ्नो संस्थाभित्रको समावेशीकरणको अवस्था थाहा पाउन र त्यसमा सुधार गर्नका लागि दातृ संस्था र गैरसरकारी

संस्थाले आफ्नो संस्था र तिनका विभिन्न पक्षहरूमा समावेशीकरणको परीक्षण र समीक्षा गर्नुपर्छ । दातृ संस्थाले आफूले सहयोग गरेका गैर सरकारी संस्थाहरूलाई माथिकै जस्तो परीक्षण गर्न र त्यसका नतिजा सरकारलाई उपलब्ध गराउन लगाउनुपर्छ । दातृ संस्थाहरूलाई आफ्नो सम्बन्धको दायरा बढाउन र समावेशीकरणको ज्ञान अझ गहिरो बनाउन प्रोत्साहन दिनुपर्दछ । यसका लागि सामान्यतया दातृ संस्थासम्म आफ्ना कुरा पुऱ्याउन नसक्ने विविध समूहसँग छलफल गर्ने र उनीहरूबाट जानकारी लिने गर्नुपर्दछ ।

**वर्तमान पन्ध्रौ योजना २०७६ (२०८१ मा समावेशीकरण कार्यक्रम**

**सोच**

राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सभागितामा समावेशी विकास

**लक्ष्य**

मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको शसक्तिकरण र समानुपातिक विकास गर्ने,

**उद्धेश्य**

आर्थिक सामाजिक तथा राजनैतिक अवसरबाट वञ्चितीमा परेका वर्गका लागि मुलुकमा उपलब्ध साधन स्रोत सुविधामा समानुपातिक समावेशी पहुँचको सुनिश्चितता गर्नु

**रणनीति**

१. मुलुकमा उपलब्ध स्रोत सधानहरूमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने
२. राज्यका तीन तहमा हुने निर्णय प्रक्रिया तथा यसमा प्रशासनिक संरचनामा सकरात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सचनिश्चित गर्ने,
३. सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम बनाउने
४. आदिवासी, जनजाती, दलित ,मधेशी मुस्लीम समुदाय तथा पिछडिएका वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम सर्म्वद्धन गर्ने ।

**कार्यनीति**

१. मुलुकमा उपलब्ध स्रोत साधनहरूमा महिला, आदिवासी जनजाती दलित मधेशी तथा पछाडि पारिएका नागरिकको पहुँच बढाइनेछ ।
२. सीमान्तकृत तथा पिछडिएका क्षेत्रमा नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
३. शासन सञ्चालन तथा विकासका सबै क्षेत्रको निणर्य प्रक्रियामा सबै

सरोकारवालाहरूको सहभागिताता सुनिश्चित गरिनेछ ।

४. आर्थिक समाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागिता सुनिश्चित गरिनेछ ।

५. संघ, प्रदेश र स्थानीय तह र यसका कार्यक्षेत्रभित्र उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन आर्थिक सामाजिक रूपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

६. विभिन्न जाति तथा समुदायको लोपउन्मुख भाषा एवम संकृतिहरूलाई संरक्षण । प्रवद्धन गर्न आवश्यक अनुसन्धान, राम्रा सिकाइको अनुसरण, सम्बन्धित वर्गको संग्लग्नता र त्यसप्रति जागरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

यही लक्ष अनुरूप राज्य संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुग्नेछ, प्रत्यक्षरूपले लैंङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात २५ प्रतिशत पुग्नेछ र महिला विकास कार्यक्रम सबै स्थानिय तहसम्म विस्तार हुनेछ । महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ऐन, नियम, कार्ययोजनाका साथै सबै जिल्लाहरूमा विभिन्न कार्यक्रमहरू मार्फत लैङ्गिक समानता तथा महिला सशक्तीकरण गर्ने प्रयास भएका छन् । पैतृक सम्पत्तिमा समान हक, सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा भएका प्रयासबाट केही सुधार देखिन थालेका छन् ।

राज्यले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धताहरूलाई कार्यान्वयनमा लैजान मानव बेचबिखन तथा ओसारपसार एवम् घरेलु हिंसा नियन्त्रण गर्न कानूनहरू कार्यान्वयनमा ल्याइएको छ । मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडितहरूको तत्काल उद्धार तथा सहयोगको लागि कोषहरूको स्थापना गरी व्यवस्थापन र परिचालन गरिएको छ । तर, महिला सशक्तीकरण अभियानलाई समुदाय स्तरमा पुर्‍याई राज्यका सबै अङ्गमा महिलाको सहभागिता सुनिश्चित गर्न नसकिनु, विकासका आयामहरूमा लैङ्गिक मूल प्रवाहीकरण अपेक्षा गरिए अनुसार प्रगति हुन नसक्नु र महिला विरूद्ध हुने शारीरिक, मानसिक वा अन्य किसिमका हिंसाजन्य कार्यलाई कानूनद्धारा दण्डनीय मानिए तापनि यसको प्रभावकारी नियन्त्रण हुन नसक्नु प्रमुख समस्या भएको छ ।

Bibliography


- ♦ आचार्य, शुरेस, पुडासैनी, उत्तम, (नेपाली अनुवाद), शरणार्थीहरू मानव अधिकारको सिमाना छैन, प्रकाशक एमनेष्टी इण्टरनेशनल, पहिलो संस्करण, अक्टोबर १९९७ ।
- ♦ श्री उक्याव, ताम्ला, श्री श्याम अधिकारी, नेपालका आदिवासी जनजातिहरू (Nationalities of Nepal), श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय, राष्ट्रिय जनजाति विकास समिति, अनामनगर, काठमाडौं, दोश्रो संस्करण २०५७ चैत्र ।
- ♦ एस एण्ड आर, ग्रामीण विकासमा साँस्कृतिक तथा मानवीय तत्वहरू (Cultural and Human factor in Rural Development), सुजाता प्रकाशन, काठमाडौं, संस्करण २०६३, फाल्गुण ।
- ♦ डा. कँडेल, पुष्पराज, राष्ट्र निर्माणमा जातियताको प्रश्न, बुद्ध एकेडेमिक पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स प्रा.लि., काठमाडौं, प्रथम संस्करण २०६४ ।
- ♦ डा. कँडेल, पुष्पराज, राष्ट्रनिर्माणमा जातियताको प्रश्न, बुद्ध एकेडेमिक पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स प्रा.लि., काठमाडौं, प्रथम संस्करण २०६४ ।
- ♦ खत्री प्रेम कुमार, नेपालका धार्मिक मत र सामाजिक संरचना, एम.के.पब्लिशर्स एण्ड डिस्ट्रीब्यूटर्स, भोटाहिटी काठमाडौं, संस्करण २०५८ ।
- ♦ प्रो. झा, हरिवंश, (सम्पादक), नेपालमा दलित उत्थानका रणनीति', सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टेजि र फ्रेडरिक रवर्ट स्टिफटुङ्ग, प्रथम संस्करण, अक्टोबर २०००।
- ♦ नेपाली, मोतीलाल, 'नेपालको दलित उत्थानमा आरक्षण व्यवस्था' राष्ट्रिय विचार गोष्ठी, नेपालमा दलित उत्थान, चुनौती र सम्भावना, फ्रेडरिक एवर्टष्टिक फटुंग (एफ.इ.एस.) को सहयोगमा सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज (सेटस) द्वारा आयोजित जुलाई ८ र ९, २००० ।
- ♦ प्रश्रित, मोदनाथ, "छुवाछुत रूपी कलङ्कको अन्त्य कसरी" विद्यार्थी समाचार प्रकाशक (अ.ने.रा.स्व.वि.यू केन्द्रीय प्रचार विभाग, वर्ष १८, अंक २६, जेष्ठ २०५८ ।
- ♦ पाण्डे, मधुसुदन, नेपालका दलितहरू, पैरवी प्रकाशन, दोस्रो संस्करण २०६३ ।
- ♦ पाँडे रामकुमार, नेपाल परिचय' भूँडी पुराण प्रकाशन, काठमाडौं सातौं

संस्करण २०५५ मार्ग ।

- पौडेल, तुल्सीराम, समाजका नमुनाहरू, निमा पुस्तक प्रकाशन, प्रथम संस्करण, २०५९ ।
- पाण्डेय, मधुसुदन, 'नेपालका जनजातिहरू' पैरवी प्रकाशन, काठमाडौं, प्रथम संस्करण, २०६० ।
- पौडेल, तुलसीराम, लैङ्गिक अध्ययनको रूपरेखा, (An outline of Gender sutdies) निमा पुस्तक प्रकाशन, काठमाडौं, प्रथम संस्करण २०५८ ।
- विश्वकर्मा, हीरा, 'दलित आन्दोलनमा हीरा विश्वकर्माका समसामयिक विचारहरू', जन उत्थान प्रतिष्ठान, दलित सेवा संघ, जनउत्थान सञ्चार सञ्जाल, न्यू प्लाजा, काठमाडौं प्रथम संस्करण २०५९ फाल्गुण ।
- वाग्ले, त्रिभुवनचन्द्र, साधन स्रोतमा दलित समुदायको पहुँच, विद्युत सन्देश, महाअधिवेशन विशेषांक, वर्ष ९ अंक ६ २०६४ कार्तिक, सातौं महाअधिवेशन विशेषांक, नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन केन्द्रीय समिति काठमाडौं ।
- सुवेदी, बाबुराम, 'सामाजिक परिचालनविकासर व्यवस्थापनको एक नयाँ आयामको रूपमा' प्रशासन, वर्ष ३५ २०६० माघ पूर्णाङ्क ९६ सामान्य प्रशासन मन्त्रालय ।

♦♦♦

**कविता**

## बुबाको आशीर्वाद



✍ **भावना लामिछाने**

दुई अक्षरको बुबा शब्द,
दुई अक्षरको आमा शब्द
जत्तिकै प्यारो छ,
सन्तानको भविष्य भनेरै
दौडिएका बुबा जो
पिपलको बोटमुनि विश्रामको सुस्केरा
लिन सम्म भ्याएका छैनन्
सन्तानकै निम्ति परदेशीएका
बाबाको संघर्ष
कलमले पनि लेख्न सक्दैन ।।

सन्तानकै लागि सोच्दा सोच्दै
बाबाले आफ्ना रहरहरूलाई
तिलाञ्जली दिंदा पनि
बुबा किन ओझेलको पात्र ?
बुबाले पनि आमाले झैं
गाँसमा छोराछोरी सम्झन्छन्
बुबाले पनि पुरानै लुगामा
जीवन टारेका छन्
फेरि किन लेख्दैन कलमले
आमा जस्तो बुबाको कहानी ?

कथा

# आत्मविश्वास



✍ पूर्व प्र.व.उ.विक्रम गुरुङ

बच्चालाई जन्म दिएर बेहोस भएकी मेनुका होशमा आएपछी नर्सले नवजात छोरालाई काखमा राख्न खोज्दा मेनुकाले बच्चालाई लिन इन्कार गरिन र भनिन "मलाई यो बच्चा चाहिदैन, जसलाई चाहिएको हो त्यसलाई दिनु, यसले गर्दा मेरो जीवन बर्बाद भयो । यसलाई मेरो आँखा अगाडिबाट हटाऊ ।"

मेनुका रिसले चिच्याउँदै जोडजोडले रूदै बच्चालाई आफ्नो अगाडि नराख्न भन्दै थिईन । रूदै उनले बारम्बार "मैले यसलाई जन्म दिनुनै हुँदैनथ्यो, मेरो जिन्दगीमा अर्को एउटा समस्या थपियो ।"

नर्सले पनि दिक्क मानेर मेनुकालाई कराई "यो कस्तो पागलपन हो । तपाईको बच्चा भएपछि तपाईले लिनुपर्छ । हामीसँग अरू पनि काम छ, धेरै बिरामीहरू लाइनमा छन् । एक त तपाईको घरबाट कोही पनि आएका छैनन् कसलाई यो बच्चा दिऊँ । जब तपाई होशमा आउनुभयो बच्चा लिन अस्विकार गर्नुहुन्छ । आखिर कुरो के हो ?"

मेनुकाले नर्सको कुरालाई बेवास्ता गर्दै आफ्नो लोग्नेलाई फोन गर्छिन् । दुई-तीन पटक गरेपछि उसको लोग्नेले फोन उठाउँछ । रूदै लोग्नेलाई अस्पतालमा आउन बिन्ती गर्छिन् । मेनुकाले अनुरोध गरी "एकपटक हामी दुवैलाई घर लैजानु अनि बसेर समस्याको समाधान खोजौंला । म तिमीलाई बचन दिन्छु कि जे भन्छौं त्यही हुनेछ । तर एकपटक यहाँ आऊ । अहिले मलाई यहाँ तिम्रो आवश्यकता छ ।" मेनुकालाई लागेको थियो उसको लोग्नेले एकपटक बच्चालाई देखेपछि मन पग्लिनेछ र बच्चालाई घर लैजान तयार हुनेछ ।

तर मेनुकाले बारम्बार अनुरोध गर्दा पनि उसको लोग्नेमा कुनै प्रभाव परेन । लोग्नेले त्यही कुरा दोहोराई रह्यो "तिमी घर आउने भए आउ तर बच्चालाई त्यही छोडेर आउनु ।" त्यति भनेर लोग्नेले फोन राखिदियो ।

हताश, चिन्तित मेनुकाले सोच्नै

सक्दिनन् कि अब के गर्ने ! कतै न कतै मनको एक कुनाबाट त्यो बच्चा प्रति भावुक बनिरहेकी थिइन् । तर अर्को तर्फ उनी लोग्नेलाई पनि छोड्न चाहँदैन थिइन । ठीक त्यही समयमा बिरामी कोठामा ठूलो आवाज सुनेर एक वरिष्ठ महिला डाक्टर आएर हल्लाको कारण सोधिन। कारण थाहा पाएपछि डाक्टर पनि केही दुःखित भइन । तर बडो बुद्धिमानी पूर्वक मेनुकालाई शान्त पार्दै लोग्नेले यस्तो व्यवहार गरिनुको कारण सोधिन् । मेनुका निरन्तर चिच्याइरहिन तर कारण भनिनन् यसर्थ ती डक्टरले काउन्सिलिङ डाक्टर कृषालाई बोलाइन् । डाक्टर कृषा र मेनुकालाई एक्लै छोडेर त्यहाँबाट सबै जना बाहिर निस्किए ।

डाक्टर कृषाले बारम्बार सोधिरहँदा... मेनुकाले आफुलाई सम्माल्दै भनिन् "मैले परिवारको सहमती नहुँदा नहुँदै विवाह गरेको हुं । मेरो लोग्नेलाई बच्चा चाहिएको थिएन । घर परिवारले पहिला मेरो पढाई पूरा होस् भन्ने चाहन्थे । तर मैले उनीहरूको कुरालाई वेवास्ता गरे । शुरू शुरूमा त सबै ठिक थियो तर बिहे गरेपछि सबै कुरामा परिवर्तन आयो । आर्थिक असन्तुलनले गर्दा लोग्ने र मेरो बिचमा हरेक कुरामा भगडा हुन थाल्यो । शैक्षिक योग्यताको कारणले भने जस्तो नोकरी पनि पाइएको थिएन । धेरै प्रयास पछि बल्ल तल्ल एउटा सानो नोकरी पाएँ र केही सुधारको आशा गरें । गत वर्ष म गर्भवती भएँ र सबै परिवर्तन भयो । म बिरामी पर्न थाले, काममा जान सकिन । त्यस माथी अस्पतालको खर्च। यी सबै कारणले गर्दा हामी बीच फेरि भगडा हुन थाल्यो । मेरो स्वास्थ्य खराब भएको कारणले यसलाई गर्भपात पनि गराउन सकिन । यसमा मेरो लोग्नेले भन्यो, अब एक मात्र समाधान छ यदि मसँग बस्ने मन छ भने, यस बच्चालाई जन्म त दिनु, तर यसलाई लिएर घरमा नआउनु । अन्यथा मसँग कुनै सम्बन्ध रहने छैन। अब मैले के गर्ने मलाईनै थाहा छैन।"

डाक्टर कृषाले भनिन् "त्यसोभए यदि तपाईले बच्चालाई अनाथालयमा दिने बिचार गरिसक्नुभयो भने अनि के समस्या छ?"

"तर अब म यो बच्चालाई छोड्न चाहन्न । म यो दुविधामा छु, कि म गरू त के गरू ? मनमा लाग्छ यसलाई मार्छु र आफू पनि मर्छु ।" मेनुकाले अत्यन्त दुःखी स्वरमा जवाफ दिइन "कहाँ जाउँ के गरू भनेर मैले सोच्नै सकेको छैन ।"

त्यसपछि, मेनुकाको कुरा सुनेर डाक्टर कृषाले सोधिन् "तपाईंलाई किन

बाच्नु भन्दा मर्न सजिलो लागिरहेको छ ? र बाँच्नको लागि तपाईंलाई किन अरूको सहयोग चाहिन्छ?''

मेनुकाले भनिन "बाँचेर पनि के गर्नु ? मेरो कसैलाई वास्ता छैन ।"

डाक्टर कृषाले केही कडा लवजमा सोधिन् "के आफ्नै वास्ता आफैले गर्नुभएको छ ? यो बच्चा तपाईको शरीरको अंश हो तपाईले यसको बारेमा सोच्नु भएको छ ? अरूबाट आशा गर्नु सजिलो हुन्छ तर त्यो आशामा बाँच्न त्यतिनै गाह्रो हुन्छ । हो मलाई लाग्छ जब जीवनमा कुनै नराम्रो समय आउँछ, व्यक्ति निराश हुन्छन् र उसलाई लाग्छ कि सबै कुरा गुमाउँदैछु । तर यो बिर्सनु हुँदैन कि यो मुस्किल समय पश्चात तपाईंको जीवनमा पनि केही नयाँ हुन गइरहेको छ । त्यसकारण यो परिवर्तन र नयाँपनसँग आत्तिनु हुँदैन, बरू धैर्यताका साथ त्यो समयको प्रतिक्षा गर्नुपर्दछ कि जीवनले त्यस मोडमा के देखाउन चाहन्छ । भविष्यको गर्भमा लुकेको नयाँ बाटोतर्फ ध्यान दिनु पर्दछ । समयले कसैको लुकेको वास्तविक अनुहार देखाउन चाहन्छ, जस्तो तपाईको लोग्नेको । उसको वास्तविक अनुहार देखिएको छ जुन वास्तमा तपाईको लोग्ने नै होइन । उसले तपाईको पनि वास्ता गरेन । ऊ मात्र तपाईको शरिरसँग खेलिरहेको थियो । तपाई भने आफ्नो बहुमूल्य जीवन र तपाईं यो निर्दोष बच्चाको जीवन त्याग गर्न चाहनुहुन्छ ।"

डक्टर कृषाले आफ्नो बारेमा भन्न लागिन् "मेरो आमा बुबा धेरै गरिब थिए । हामीलाई जीवनयापन गर्न एकदमै गाह्रो थियो । खाना पिउन गाह्रो भएको अवस्थामा, उनीहरूले मलाई कसरी पढाउन सक्थे ? जब म १४ वर्षको थिएँ, मेरो एउटा अधवैशें उमेरको मानिससँग विवाह भयो । ऊ सधैं रक्सीको लतमा लिप्त हुन्थ्यो । लाग्थ्यो विवाह पछि गरिबी हट्नेछ, तर जीवन अझ पीडादायी भएको थियो। समय बित्दै जाँदा एक दिन म एक छोरीकी आमा पनि भएँ । यस बीच, मेरो श्रीमानको अत्यधिक मद्यपानको कारण मृत्युभयो। त्यसबेला म केवल २० वर्षकी थिएँ । मेरो काखमा दुई वर्षकी छोरी थिई र मलाई कुनै काम गर्न आउँदैनथ्यो । म मेरा माइतीमा पनि जान सक्दिनथें किनकि म आफू र मेरो बच्चाको बोझ दिन चाहन्नथे । त्यसपछि, मैले पनि आफु र छोरीलाई मार्ने विचार गरें । त्यो साँझ, मेरो छिमेकमा बस्ने शिक्षिका जो हाम्रो गाउँमा केटाकेटीलाई पढाउँथिन्, मेरो अवस्थाको बारेमा सोध्न मेरो घरमा आएकी थिईन। मैले रूदैं आफ्नो मनको

कुरा उनलाई भने। उनी केही समय चुप लागिरहिन । केहिबेर हामी बिच मौनता छाएको थियो । त्यसपछि बडो शान्तपूर्वक मलाई भनिन्, "तपाईको मृत्यू तपाईको इच्छा हो । यो तपाईंको हातमा छ । तर यो पनि सत्य हो कि एक पटक तपाईको मृत्यु भएपछि तपाईले फेरि यो जीवन पाउनुहुने छैन। यसर्थ मेरो सुझाव यो छ कि तपाई मर्नु अघि एक पटक आफ्नो जीवन बाचेर हेर्नुहोस्। तर उही आत्मविश्वासको साथ जुन तपाईंले आफ्नो मृत्युको लागि बनाउनुभएको छ।"

"मैले उनकै सहयोगमा त्यही स्कूलमा सफा गर्ने काम गरें । त्यहाँ पढ्थें र काम पनि गर्थे। बिस्तारै यहाँसम्म लामो यात्रा गरे । यो यात्रा सजिलो थिएन। जब मैले मेरो दिमागमा सोचें कि जीवन र आफैलाई एउटा मौका दिनुपर्छ, अनि त्यो बाटो आफै बन्दै गयो । जब मैले अठोट गरे आफ्नो लक्ष्य कुनै हालतमा पूरा गरेर देखाउने छु, अनि गन्तव्य नजिक देखा पर्न थाल्यो । आज मेरी छोरी २० वर्षको भइन् र मैले त्यस दिनदेखि आजसम्म जीवनमा कहिल्यै हार मानेको छैन। अब तपाईको कुरा, तपाईं आफ्नो आमा र बुबाको साथ सहज जीवन बिताउन सक्नुहुन्थ्यो । तर जब तपाई आफैले जीवनको यो कठिन मार्ग रोज्नु भएको छ, त्यसोभए तपाई किन यसमा हिंड्न डराउनुहुन्छ ? यदि तपाईले मनै देखि केही गर्न सक्छु भनेर लाग्नु भयो भने आफ्नो गन्तव्य जसरी पनि प्राप्त गर्न सक्नु हुनेछ । हो, बाटोहरू कहिलेकाँही सिधा वा कहिलेकाँही अफठ्यारो मोडहरू पनि आउन सक्छ। मर्नु बाच्नु तपाईंको हातमा छ। मृत्यु भन्दा पहिला, एकपटक सम्पूर्ण शक्ति लगाएर बाँच्न कोसिस गर्नुहोस्।"

मेनुकाले आफ्नो आँसु पुछिन्, बच्चालाई काखमा लिईन् र आफू र डाक्टर कृषासँग वाचा गरिन कि जीवनमा कुनै पनि समस्याको उसले पक्कै समाधान गर्न सक्ने छ, तर उनी आफैं र बच्चालाई कहिल्यै असफल हुन दिने छैनन्। अस्पताल छोड्नु भन्दा पहिले मेनुकाले लोग्नेलाई आफूले बच्चालाई रोजेको फोनमा सूचित गर्छिन्। उसलाई त्यस्तो मानिस चाहिँदैन जोसँग मानवता छैन, पैसा पछि पनि कमाउन सकिन्छ मानवता सबैले पाउने कुरा होईन । पूर्ण आत्मविश्वाका साथ मेनुकाले बच्चालाई आफ्नो काखमा लिएर अस्पतालबाट निस्किन । एउटा यस्तो जीवनको यात्रा सुरू गर्दै थिईन जहाँ उनको जीवनमा उसको मात्र अधिकार थियो। डाक्टर कृषाले सन्तोषको स्वास लिंदै ओझेल नहुँदा सम्म मेनुका गएको हेरिरहिन् । ♦♦♦

# जनता र देशको चिन्ता



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

कोरोनाको सन्त्रासपछि विश्व रोएको बेला अबको समाज र सामाजिक अवस्था कस्तो होला समाज शास्त्रीय दृष्टिले सोच्नु पर्ने भएको छ । प्रथमतः आजको समाजमा हिजो अरू थिए, आज हामी छौं, भोलि अरू होलान् । यस धर्तीमा यसरी नै समाज चलिरहने हो । विश्व स्वास्थ संगठनको परिभाषा अनुसार हाम्रो शरीरको तीन पक्ष छ । शारिरिक, मानसिक र सामाजिक तीन पक्षले हामीलाई डोऱ्याइरहेको हुन्छ । समाजमा मानिस नैतिक र चारित्रिक हुनु जरूरी छ । स्वस्थ समाजका लागि मानिसको जीवनशैली सदैव सन्तुलित र सकारात्मक हुनु पर्छ । समाजमा एकले अर्कोप्रति दयाको भावना हुनुपर्छ । कोरोनाले देखायो शरीरमा मुख छ, नाक छ तर देखाउन पाइएन । पैसा छ प्रयोग हुन सकेन, छोराछोरी, परिवार सबै छन् तर सँगै बस्उठ् हुन पाएन । पद छ उपयोग भएन, प्रतिष्ठा छ त्यो पनि प्रयोगमा आएन, विद्यालय छ विद्या आर्जन भएन, अस्पताल छन् उपचार हुन सकेन । समाज छ, टोल, छर छिमेकी छन्, इष्ट मित्र छन्, सबै व्यर्थ भए । खेतबारी छन्, काम भएन सडक छ, हिंड्न पाइएन । मानौं उहीले विद्यालयमा पढ्दा गोल्डेन टच्को कथा पढिएको थियो अहिले हालत त्यही भयो ।

देख्दा एउटै देखिए पनि लाखौं कोशिकाहरूबाट हाम्रो शरीर बनेको हुन्छ । स्वतः यसले काम गरिरहेको हुन्छ हामीलाई पत्तै हुन्न । प्रकृतिका पाँच तत्वले बनेको शरीर  माटो, पानी, वायु, शब्द भनौं आकाश, तेज तत्वबाट यो बनेको हुन्छ र प्रकृति असन्तुलित हुँदा वातावरण बिग्रिएभैँ हाम्रो खानपान, भनौं आहार, विहार असन्तुलित हुँदा रोग लाग्छ । देख्दा एउटै देखिए पनि हाम्रो  तीन रूपको शरीर छ । बाहिरी देखिने शरीर स्थल हो, यो रोग व्याधीको घर हो, यसले सधैं सुख मात्र खोज्छ । यसभित्र रहेको अर्को

शरीर सुक्ष्म शरीर हो यो देखिदैन अनुभूति मात्र हुन्छ, यसलाई मन भनिन्छ यसले जहिले पनि शान्ति मात्र चाहन्छ । त्यस भित्र पनि अर्को अति सुक्ष्म शरीर छ त्यो आत्मा हो यसलाई कारण शरीर भनिन्छ, यसलाई आनन्द मात्र चाहिन्छ बाँकी केही विषय वासनामा यसको उपस्थिति रहन्न । यी तीनकै गति सन्तुलनले विचार प्रवाह गर्छ । यस्तै यस्तै मानिसको भीडबाट समाज बन्छ । मन बुद्धि र चेतनाको समिश्रण भन्नु मान्छेको उन्नतिको मार्ग हो । स्वस्थ आहारबाट शरीर स्वस्थ हुन्छ । समाजले कष्ट र हैरानी धेरै सहिसकेकाले अबको समाजले ज्यादै पिरा, टर्‍रा, अमिला, सडे गलेको ज्यादै पुरानो, गलेको, धेरै तारेको, भुटेको, बजारमा सजाइएको बट्टा बन्दी, फास्ट फुड, जन्क फुड, तयारी खाना, धुम्रपान, मदिरा, खैनी सुर्ति आदिको प्रयोग नगर्ला वा गरे पनि बहुत कम गर्ला । शरीरमा अत्यावश्यक षड्रसमा ध्यान देला । बजारका विषाक्त खानाले शरीरमा पोषण तत्वको कमी त हुन्छ नै जटिल रोगको पनि उदय हुन्छ र रोग प्रतिरोधात्मक शक्ति पनि क्षीण हुन्छ । रोग लागेर उपचार खोज्नु भन्दा सकेसम्म रोग नै लाग्न नदिइनु राम्रो हुन्छ ।

खानामा पोषण तत्वको कमीले अनेकौं व्यवधान, अनेकौं रोगको उदय हुन्छ, हामीलाई थाहै नभई शरीरले अनावश्यक वस्तुहरू बाहिर फालिरहेको हुन्छ । किटाणुहरूलाई पनि शरीरका विभिन्न निष्कासन प्रणालीबाट बाहिर फालिरहेको हुन्छ । स्वतः सञ्चालन हुने यस्तो प्रणालीमा अवरोध आउना साथ मानिस लाई रोग लाग्छ, बिरामी पर्छ, शरीर जीर्ण हुन्छ, आफू त समस्यामा हुन्छ नै, घर परिवार, समाज, राष्ट्र र संसार नै भयभीत बन्छ । फोहोर पानी, दुषित वातावरण, अस्वस्थकर खाना, आहार, विहार र जीवनशैलीले रोगका कीटाणुले आक्रमण गर्छन्, शरीर संक्रमण हुन्छ । अन्ततः समाज संक्रमित हुँदै समग्र राज्य प्रणालीमा असर पार्छ । कहिलेकाहीं सामान्य रूघा घोकी, ज्वरो, पातलो दिसा, वमनले शरीरमा जम्मा भएका विकार बाहिर पठाउने काम गरेको हुन्छ, आत्तिनु हुन्न तर लामो समय यस्तो भइरहे शीघ्र उपचार तर्फ अग्रसर हुनु पर्छ । सामन्यतया स्वस्थ्य शरीर यस युगका लागि सय वर्षको हो, जीवनशैलीको लापरबाहीले चाँडो रोग उदय हुन्छ र मानिसको पूर्ण आयु हुन पाउँदैन । क्रोध, आवेग, तनाव एक बाबुका ती सन्तान जस्तै हुन् । एक पछि अर्कोले आफ्नो उपस्थिति देखाइ हाल्छन्। यिनले शरीरमा सन्चित आधाभन्दा बढी शक्तिलाई क्षीण गराउँछन्। त्यसैले

मानिसले हर पल आफ्नो दिन चर्यामा याद गरिरहनु पर्छ । मानिसमा चार किसिमको पुरूषार्थको आशा हुन्छ । धर्म, अर्थ, काम र मोक्ष । अरूलाई बाधा नगरी आफ्नो स्वधर्ममा रहेर सात्विक धन आर्जन गर्ने, त्यसको सदुपयोग गर्ने, परोपकारी काममा प्रयोग गर्ने, पशुवत् व्यवहार नगर्ने, एक मानवले अरू मानवको र मानव हित हेतु रहेका समस्त जीवात्माको समेत माया, दया गर्ने, समग्र बसुधा भित्रकालाई कुटुम्ब सम्झने बसुधैव कुटुम्बकम्को सिद्धान्तले रहने मानिसको असल धर्म हो, देउताको नाम नै देवता हो । यतामात्रले भन्दा दानवीय भाव प्रकट हुन्छ । कलिमा पनि देवत्व पाउन पनि सकिन्छ जहाँ सत्य र सदाचार हुन्छ, मानवीय गुण हुन्छ त्यही स्वर्ग हो कलिमा पनि स्वर्ग देख्न समाजको चित्र असल हुनुपर्छ । अरूको खोसेर खानेलाई दानव भनिन्छ दानवको व्यवहारबाट माथि उठेर मानव हुन सक्नु उसको महानता हो । मानवले अरू प्रति सदैव विवेकपूर्ण व्यवहार गर्नु पर्छ । पशुभन्दा पृथक देखिने कारण नै उसको व्यवहार हो । आहार, विहार, व्यवहार र सदाचार मानिसका असल गहना हुन् ।

पापको कारण तृष्णाको अन्त हुँदैन । जब जब पाप नष्ट हुन्छ तब तब तृष्णा समाप्ति हुन्छ । मनमा राग पनि । पाप कर्म क्षय भएपछि ज्ञानको ज्योति प्रकाशित हुन थाल्छ । विषय र इन्द्रिय चंचल हुन्जेल दुःख आफै वरिपरि घुमिरहन्छ । खोजेको वस्तु प्राप्ति नहुँदासम्म मन दुःखी भईरहन्छ । मन सुखी बनाउन विषयको चंचलतालाई हटाउनु पर्ने हुन्छ । आत्मबोधको लागि इन्द्रियरूपी चंचल पदार्थहरूलाई हटाउनु पर्ने हुन्छ । इन्द्रिय भन्दा मन श्रेष्ठ छ, मन भन्दा बुद्धि श्रेष्ठ छ, बुद्धि भन्दा ज्ञान श्रेष्ठ छ, ज्ञान भन्दा आत्मा श्रेष्ठ छ । दुःखको चिन्तन गर्नाले दुःख बढ्छ । सुखको चिन्तन गर्नाले सुख बढ्छ । मानसिक दुःखलाई विचारले र शारीरिक दुःखलाई व्याधि चिकित्साले घटाउन सकिन्छ । विज्ञानको सामर्थ्य भनेको यही हो । आधिको रोग अभावको रोग मानसिक रोग हो । यौवन, रूप, शरीर, धन, आरोग्य, प्रिय मित्रसँगको समागम यी सबै कुरा चिरस्थायी होइनन्। विचारशील व्यक्तिले यी साधनहरूलाई साध्यको रूपमा प्रयोग गर्छ । मनुष्य जीवनमा सुखको अपेक्षा दुःख बढी छ । सुख चाहिँ क्षणभरको रूप र क्षणिक हाँसो समान मात्र छ । मनको एकाग्रता नभएसम्म यो अवस्थामा पुग्न सकिन्न । पृथ्वीभन्दा ठूलो जल छ, अर्थात माटो भन्दा धेरै पानी छ । जलभन्दा ठूलो तेज छ । जललाई

पनि सुकाउने तेज नै हो, तेज भन्दा ठूलो वायु छ । वायु भन्दा ठूलो आकाश छ, आकाश भन्दा पनि ठूलो मन छ, मन भन्दा ठूलो बुद्धि छ । बुद्धि भन्दा बलवान काल छ अर्थात समय ज्ञानद्वारा बुद्धि निर्मल पार्ने, बुद्धिद्वारा मनलाई सोधन गर्ने, मनले इन्द्रियलाई शोधन गर्नुपर्छ ।

यस धर्तीमा सबैको बाँच्न पाउने अधिकार छ । पशुपक्षी, कीट-पतङ्देखि मानवसम्म । सामाजिक प्राणी मानव सबैको सहारा पनि हो । बाँच र बाँच्न देऊ सबैको मान्यता हो । मानव सुरक्षाको महत्वपूर्ण पक्ष भनेको गरीबी न्युनीकरण नै हो । नाना, छाना, खाना, शिक्षा, स्वास्थ न्यूनतम आवश्यकता नै हो । हाम्रो देशमा संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा हेरेको छ । तर बाँच्न पाउने हक भने व्यवहारतः सुरक्षित छैन । बेरोजगारी समस्या विकराल छ । कोही मानव निर्मित साधनबाट दुर्घटना भएर, कोही अनायासै आएको संक्रमणबाट मर्छन्। अशक्त, असहाय, दीन, दुःखी, गरिब, विपन्न, वृद्ध-वृद्धाको हालत त झन् के भन्नु र ? आर्थिक रूपले अशक्त, विपन्न, असहायको कथा र व्यथा आफ्नै किसिमको छ । अपाङ्ग, एकल, बालबालिका, किशोर, किशोरीको दुर्दशा बिजोक खालको छ ।

लोक कल्याणकारी राज्य व्यवस्थाको निर्माण गर्ने, सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने, गर्भ अवस्थादेखि वृद्ध अवस्थासम्मको पुरा जीवनचक्रलाई नै सामाजिक सुरक्षामा आबद्ध गर्ने योजना सरकारले लिएको छ । गर्भ अवस्थामा स्वास्थ जाँच र आमालाई पोषण सुविधा दिने प्रतिबद्धताहरू छन् । बाल्य अवस्थामा खोपको सुविधा र पोषणयुक्त आहारको प्रतिज्ञा गरेको छ । बाल संरक्षणका लागि अनुदान, विद्यालय शिक्षा निःशुल्क हुने, छात्रवृत्तिको व्यवस्था, वयस्कमा रोजगारी सुरक्षा, वृद्ध अवस्थामा सामाजिक सुरक्षा भत्ता र निःशुल्क स्वास्थ्यदेखि सार्वजनिक यातायातमा भाडा दरमा छुटको प्रावधान समेत सरकारले घोषणा गरेको छ ।

ज्येष्ठ नागरिकका अनेकौ अनुभव सीप र ज्ञान हुन सक्दछ । जापानले गरेको विकास ज्येष्ठ नागरिकको सम्मानबाट हो । थाइल्याण्डले गरेको प्रगति नयाँ र जोसिला युवा पुस्ताप्रतिको विश्वासले हो । हामी कहाँ ज्येष्ठ नागरिकहरू बेसहारा हुँदैछन् भने नयाँ पुस्ता कोही शहरमुखी भएका छन्, कतिपय कुलतमा छन् भने लाखौं युवाशक्ति विदेशिएका छन् । बाबुले

जानेको सीप सन्ततिमा सर्न सकेको छैन पुस्तान्तरणमा ठूलो रिक्तता छ। सरकारले ज्ञान, सीप र अनुभवलाई अन्तर पुस्ता हस्तान्तरण हुने गरी संघ-प्रदेश र स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गर्ने भनेको छ । गरीबीको रेखामुनि रहेका परिवार र ज्येष्ठ नागरिकको निःशुल्क स्वास्थ बिमा गर्ने, सत्तरी वर्ष माथिका सबै ज्येष्ठ नागरिकको एक लाखसम्मको बिमांक रकमको स्वास्थ बिमा निःशुल्क गर्ने, स्वास्थ बिमा सेवाको दायरा बढाउने जस्ता नाराहरू पनि सरकारले लिएको देखिन्छ ।

सबै नागरिकलाई सुरक्षित भएको अनुभूति हुने गरी सरकारी कार्यक्रम सञ्चालन हुने घोषणा पनि सरकारले गरेको छ । पीडित परिवार, घाइतेको सामाजिक सुरक्षा उत्तिकै आवश्यक देखिएको छ । मुलुकमा गरीबीको मनोविज्ञान हटाउनु परेको छ, आत्मविश्वास जगाउनु परेको छ। भोकै कोही नमर्ने, कोही भोको पेट नरहने सरकारी नारा छ, मिठा । आफ्नो हेरचाह आफै गर्न नसक्नेहरू धेरै छन् हामी कहाँ । तिनको स्वास्थ उपचार, दिवा खाजा, विद्यार्थी छात्रवृत्ति, रोजगारी शिक्षा, व्यवसायिक तालिम जस्ता कार्यक्रमहरूबाट लाखौं नेपालीहरूलाई ढाडस् दिनु परेको छ ।

अवकाश प्राप्त कर्मचारीको अनुभव र सीप उनीहरूले पाएको व्यवसायिक ज्ञानको पनि सदुपयोग हुन जरूरी छ । निजामती कर्मचारी, प्राध्यापक, शिक्षक, सेना, प्रहरी लाखौं व्यक्तिहरू सामाजिक सुरक्षामा समेट्नु पर्ने छन् । वित्तिय रूपले दरो नभई यी सबै प्रति सहानुभुति राख्न कठिन हुन्छ । सामाजिक सुरक्षालाई आर्थिक र सामाजिक विकासको पक्षमा जोड्नु पर्छ । सबै कार्यक्रमलाई प्रभावकारी बनाई लोक कल्याणकारी समाजको सिर्जना गर्ने अभिष्ट पुरा गर्न जरूरी छ । युवाको जोस जाँगरलाई सदुपयोग गर्नु पर्दछ । लैगिंक, जातीय छुवाछुतको अन्त्य हुनु पर्दछ, अर्थात सामाजिक विभेदको अन्त्य हुनु पर्दछ । युवा परिचालनबाट मानवीय सेवा, विपद् व्यवस्थापन, वातावरण संरक्षण र वृक्षारोपण जस्ता व्यवहारिक कार्यक्रम सञ्चालन गर्न सकिन्छ । सबैको श्रमको मूल्यांकन हुनु जरूरी छ । समग्रमा भन्नुपर्दा उन्नति नभई मुलुक सम्बृद्ध हुन सक्दैन । सबै नउठी एक्लो देश उठ्न सक्दैन ।

♦♦♦

लघुकथा

# मुन्टो



✍ छायादत्त न्यौपाने बगर

एक दिन मैले बासँग सोधेँ-बा ! हाम्रा प्रचलित उखान-टुक्का धेरै चोटिला, घतिला, प्रभावकारी छन्, पढ्दा सुन्दा चित्त बुभ्छ तर ? मलाई रोकिन नदिई- तर के ? सोधिहाल्नुभो बाले ।

मैले थपेँ-सस्तो बेसाहा पेट लाग्छ भन्छन् तर मान्छे सस्तैका पछि लाग्छ । भनाइको अर्थ र व्यवहार मेल खाँदैन नि ! तर बाले त किन खाँदैन ? बेस्सरी खान्छ भन्नुभो !

मैले पनि ढिपी गर्न छाडिनँ । पेट लाग्छ भन्ने त्यसैको पछि दौडिने कसरी मिल्छ ? बा रिसाउनु हुन्छ कि फुच्चे ढिपी गर्छ भनेर डर लागेको थियो तर बा त मुसुक्क हाँसेर मलाई हेर्दै -छोरा तँ लाटो छस् जमाना अनुसार हुनुपर्ने ! दुःख पाउने भइस् !

मैले बाको कुरा बुझिनँ ।

उहाँले मेरो अलमले अनुहार हेर्दै बुझाउने उद्धेश्यले व्याख्या गर्नुभो -किन भन्छस् भने नि सस्तो सजिलो हुन्छ । कम पैसाले किन्न सकिन्छ । कम ज्ञानले लेख्न, पढ्न, सुन्न सुनाउन सकिन्छ । सस्तो कुरा बुझ्न बुझाउन सहज हुन्छ । ऊ देखिनस् अलिकति पढेका कति प्यार प्यार गर्छन् गुदी होस् नहोस् बोलिरहन्छन् । फेरि हेर त सस्तो समाचारका पछि लहैलहै मान्छे ! असजिलो बाटो कसले रोज्छ ? गहकिलो कुरा सुनाउन, परिपक्क समाचार दिन पो कठिन हुन्छ । बुद्धि चाहिन्छ, मिहिनेत गर्नुपर्छ । सस्तो हल्ला सुन्न पनि रमाइलो तर्क दिन पनि सजिलो ! यही भएर पखाला लागे लागोस् औषधी खाऔंला भनेर मान्छे सस्तैका पछि दौडिन्छ ।

बाले यति भनिसक्दा कति बुझेँ थाहा भएन तर तर्क गर्ने शक्ति सकिएर हो कि कुन्नि ? बुझेझैं मुन्टो हल्लाइदिएँ । त्यतिबेला हल्लेको मुन्टो आजसम्म हल्लेको हल्यै छ!!

कथा

# अबला र सबला
## (भाग-१)



✍ गोपाल चन्द्र भट्टराई

हिउँदका दिन आँखा झिमिक्क पार्न नभ्याउँदै सकिन्छन् । ऊ कोप्चे भञ्याङ आइपुग्दा घाम अस्ताइहाल्यो । हेम्मानको घाँसको भारीलाई बेरेर उसको निधारमा कस्सिएको नाम्लोले मुन्टो सिधा गर्न नदिए पनि मसाने खोल्सामा आइपुगे पछि जसो तसो गरेर उसले माथि डाँडामा उसैलाई पर्खिरहेको आफ्नो घर हेरी । यो भारी बोकेर घर पुग्न अझै चुत्थो पनि आधा घण्टा लाग्छ । उसको मन आत्तियो । घाम छँदै फर्कौंला भनेर उसले आँगनमा बिस्कुन फिजाएकी थिई । भोलि घट्ट नगए बर्त बस्नुपर्ने अवस्था छ । अब त्यो चिसो मकै लिएर कसरी घट्ट जानु भोलि ? राती न्यानो गरेर सुतौंला भनेर घरका भएभरका सिरक डसना घाममा सुकाएकी थिई, अब घर पुग्दा शीतले भिजेर लछेप्रै हुने भए, त्यसै त कठांग्रिंदो चिसो रात त्यसमाथि भिजेको सिरक ओडेर कसरी सुत्नु अब राती ? लैनो गाई बाहिर बारीको किलैमा फन्फनिइ रहेको होला, दुधे बाछो भोकले लम्पसार परिसक्यो होला । हिजो बेलुका देखिका जुठा भाँडा मझेरीमा झिझिल्यान्ड छोडेर आएकी थिई ऊ - हरे शिव, कति कुरामात्र भ्याउनु उसले ! घरमा उसलाई अत्यन्त ब्यग्रताका साथ कुरिरहेका अनेक कामहरूको फेहरिस्त सम्झेर हिंड्दा हिंड्दै उसले खुईय्य सुस्केरा हाली ।

लु खा त, उसले त आज गाईलाई पानी समेत ख्वाउन बिर्सिछ, मऱ्यो होला तिर्खाले छट्पटाएर, यस्तो भएपछि के दूध देला र आजको साँझ ! "थुक्क मेरो सुद्धि, भुस्सा नून घोलेर बाल्टिनमा ठिक्क पारेको पानी समेत हिंड्ने बेलामा दिन बिर्सेर मरेछु !" उसले मनमनै आफैंलाई धिक्कारी ।

उकालोमा सकि नसकी पाइला चाल्दै उसले आफ्नो लोग्नेलाई सम्झी । 'कहाँ मरेका होलान्, अस्ति अस्तिको पल्ट त कमसेकम हप्ता

दिनमा आउँथे, यसपाली त ठ्याक्कै सोह्र दिन भो आज, अझै देखा पर्दैनन्' ऊ एक्लै फुस्फुसाई ।

उसको लोग्ने गाउँतिरबाट खसी बोका किनेर सदरमुकाममा पुऱ्याएर बेच्दा नाफा हुने रहेछ भनेर तीन चार पटक भो यसरी एक्लै उसलाई घरमा छोडेर हिँड्न थालेको । "नाफा नै नभए पनि कमसेकम आफ्नो ज्यालासम्म उठ्यो भने पनि यसो लुगाफाटो, घरको खित्रिङमित्रिङ सौदा गर्न त हुन्छ, गरौं त सानो तिनो व्यापार ?" भनेर लोग्नेको कुरा गर्दा उसलाई पनि मनासिबै लागेर "हुन्छ नि त !" भनेकी हो उसले । पहिलो पटक यसरी गएर फर्कंदा लोग्नेले उसलाई एउटा सुतीको फरिया ल्याइदिएका थिए । खुशी भएर उसले भनेकी थिई , "ए , अलि अलि त हुँदो रहेछ नि, लोग्ने मान्छेको जात, घरमा बसिरहनु भन्दा कहिले कसो बाहिर फेरो निस्केकै राम्रो ।"

तर आफ्नो घरबार, आफ्नी स्वास्नी सबैलाई कुनै वास्ता ब्यास्ता नगरी यतीका दिन यसरी हराउलान् भन्ने त कहाँ सोचेकी थिई र उसले । 'यसरी उसले सारा घर धानेर सधैं एक्लै बस्नु पर्ने हो भने त भो चाहिएन बाहिर फेरोको कमाई पनि । लोग्ने मान्छेको ढुङ्गाको मन, स्वास्नीको एकरती माया भए पो ! स्वास्नी कसरी एक्लै बसेकी होला भन्ने कुनै चिन्ता भए पो ! पापी जात !' उसले मनमनै आफ्नो असन्तुष्टी व्यक्त गरी ।

झमक्क साँझ परेपछि मात्र ऊ घर पुगी । घाँसको भारी भद्र्याक्क तुलसाको मोठ छेउमा फ्याँकेर हतार हतार ऊ गाई लिन भनेर बारी तर्फ लम्की ।

तर एक छिन है, घरको चाला अलि भिन्न, उसले सोचेको भन्दा फरक छ त आज ! आँगनमा सुकाएको बिस्कुन, बारमा सुकाएका सिरक डसना उठाइएका छन्, आँगन बढारिएको छ, सफा छ । उसले एक किसिमले खुशी भएर सोची, 'यतीका दिन पछि बल्ल आज झुल्किने साइत परेछ माहाराजको !'

गाई पनि थलो मै बाँधिएको देखियो । ऊ गाई भए तर्फ गई । आज उसले थलो सफा गर्न भ्याएकी थिइन, अहिले सफा बनाएर गाईलाई बस्नलाई सोत्तरसमेत बिछ्याइएको छ । बाछो अघाएर आन्नदसँग सुति रहेको छ, बाछोलाई जाडो होला भनेर एउटा बोरासमेत ओढाइएको छ । ऊ छक्क परी । अहँ, उसको लोग्ने त यस्ता साना तिना काम सम्झेर कहिले गरेको थाहा छैन उसलाई ! लोग्ने आए होलान् भन्ने ठानेर उसको अनुहारमा फैलेको खुशी

एकैछिनमा बिलायो । उसले सम्झी, 'धन्न छिमेकीमा बराल्नी दिदी छन् - यसो गारो साँघुरो परेको बेला आएर घरको हेरबिचार गरिदिन्छिन् ।'

थकित शरीर र खिन्न मन लिएर ऊ घरको लिस्नो चढी । तर अचानक उसको कानमा पर्‍यो कि घर भित्रबाट केही भाँडाहरू बजेको आवाज आइरहेछ । ऊ छक्क पर्दै बिस्तारै कौतुहलता युक्त मन लिएर ढोका भित्र पसी । कस्तो अचम्म, लालटिनको मधुरो प्रकाशमा रातो गुन्युचोलो लगाएकी, लाम्चो लाम्चो अनुहार परेकी, हल्का साँवला वर्ण की एउटा आईमाई पो अगेनामा धान्धान्धुन्धुन् गरिरहेकी छे ! ऊ के बोलौं, कसो गरौं भएर त्यसै अकमकाई । तर उसलाई देख्ने बित्तिकै गर्दै गरेको काम त्यसै छोडेर उज्यालो अनुहार बनाउँदै त्यो आइमाई ऊ भएतिर आई र उसका दुवै हत्केला प्रेमपूर्वक समाउँदै सोधी, "गोमा दिदी हैन ?"

उसले, "हो", भनेर टाउको मात्र हल्लाई ।

"ओहो दिदी, कति राम्री हुनु हुँदो रहेछ तपाईं, मलाई बताएको भन्दा धेरै गुणा राम्री । हिस्सी परेकी, गोरी । तपाईंको तुलनामा म त एकछेउ पनि छुइन होला," उसले उत्साहपूर्वक गोमालाई नियाल्दै हँसिलो पाराले भनी । गोमालाई भने आफ्नो तारिफ सुनेर अलिकति लाज लागे जस्तो भयो, उसले प्रतिक्रिया दर्शाउने कुनै शब्द नै भेटिन र नमिल्दो तरिकाले हाँसी मात्र ।

"बस्नु न, म त अँगेनामा छु, न्यानो भइ राखेको छ, तपाईं बाहिरबाट आउनु भाको, जाडो भयो होला । मैले चिया बनाई रहेकी छु, ल्याउछु है त ?" गोमा त्यही पिरामा बसी, त्यो आइमाई बोल्दै अँगेना तर्फ गई, "म त अलि अगाडि नै आउनु होला भनेर बाटो हेरिराखेकी थिएँ, निक्कै ढिलो पो भयो त !"

एक दम सहजताका साथ नजिकैको आफन्तले जस्तै यो आइमाईले बोलेको, व्यवहार गरेको देखेर गोमा अलमल्ल परिरही, तर यो यही मान्छे होला भनेर ठम्याउन सकिन, उसले अल्मल् मै बोली, "घाँस काट्न गाकी, हिउँद लागेर सबै तिर सुख्खा छ, भारी पुर्‍याउँदा पुर्‍याउँदै अबेर भो ।"

त्यो आइमाईले चिया ल्याएर उसलाई थमाई र उसलाई हेरेर मुसुक्क मुस्कुराई । उसले फेरि गोमालाई नजिकैबाट नियाली र भनी, "म भन्दा कान्छी नै हुनुहुन्छ जस्तो लाग्यो तर साइनोले दिदी पर्नु भयो, म दिदी नै भन्छु है तपाईंलाई ?"

गोमा फेरि अकमक्क परी, बोल्ने शब्द फेला पार्नै जानिन्, त्यसै हाँसी मात्र । तर ऊ यो आइमाईको फर्स्याइलोपन र आत्मीय व्यवहारबाट खुशी भई । उसलाई एक किसिमले आफु सम्मानित भए जस्तो लाग्यो । अहिले सम्म उसलाई कसले नै पो यसरी थाकेर आएको बेलामा मान मनितो साथ बसाएर उसको हातमा चिया थमाएको थियो र ! त्यसमाथि कहिले नदेखेको घरमा टेक्न भ्याएको छैन, सबै काम आफैं जानेर, बुझेर गर्न सक्ने उसको जाँगरिलो र फुर्तिलोपनबाट गोमा झन् प्रभावित भई । जे भए पनि, जो भए पनि, गोमालाई मन पर्‍यो यो आइमाई ।

ऊ फेरि अँगेना तर्फ गई, ढुङ्ग्रोबाट दूध कुँडेमा खन्याई र आगोमा बसाउँदै भनी, "तपाईंको चाकर पुगेरै होला, दूध त मनग्गे दिंदो रहेछ गाईले, अझ मलाई नचिनेर कम दिएको हो कि यो ?"

"हैन सधैं यत्ती नै हो'' गोमाले छोटो जवाफ दिई।

एउटा अनौठो र अस्वभाविक अवस्था विद्यमान छ । एउटी अपरिचित महिला गोमाको घरभित्र छे । गोमाको अनुपस्थति मै ऊ घरभित्र पसेकी छे, घरका सारा धन्दाहरू गरेकी छे, यहाँ सम्मकी गाई दोहेर दूध समेत तताउँदै छे, उसलाई गोमाको नाम समेत थाहा छ, एकदम नजिककी आफन्तको जस्तो व्यवहार गरिरहेकी छे, उनीहरू बीच वार्तालाप भइरहेको छ । तैपनि गोमालाई उसको परिचय माग्ने अवसर नै जुटेको छैन । अपरिचिता लगातार एकपछि अर्को क्रियाकलाप र सो सँग सम्बन्धित कुराकानीमा उसलाई जेलिरहेकी छे । गोमाले आफुलाई सामान्य अवस्थामा ल्याएर परिचय गर्ने अवसर नै पाएकी छैन ।

तर यस्तो अस्वभाविक अवस्था धेरै लामो समयसम्म रहन सक्दैनथ्यो, कुनै न कुनै बिन्दुमा पुगेर त्यसको अन्त हुनै पर्थ्यो । केही क्षणको सामान्य कुराकानीहरू पश्चात गोमाले परिस्थितीलाई नियन्त्रणमा लिँदै परिचय आदान प्रदानको पृष्ठभूमी तयार पारी, "मलाई दिदी भन्नुहुन्छ, एकदम चिनजानकै बहिनी जस्तो गर्नुहुन्छ, तर मैले त चिन्न सकिन त तपाईंलाई, कतै देखेको जस्तो पनि लागेन ।"

बोराबाट कसौंडीमा चामल हालेर पखाल्दै थिई ऊ, गोमाको कुरा सुनेर एकछिन त्यतिकै टक्क अडिई केही नबोली । तर एकैछिनमा ऊ गतिशील भई र भनी "एकैछिन है दिदी, दूध उम्लिसक्यो, यसलाई झिकेर म भात बसाउँछु, अनि कुरा गरौंला ।" गोमाले पर्खिरही । उसले जतनसाथ

दूध अँगेनाबाट झिकेर अलि पर राखी र एउटा थालले छोपी, कसौंडी अँगेनामा बसाई र आफ्ना चीसा हातहरू फरियाको एकछेउमा पुछ्दै हल्का मुस्कानका साथ गोमा भए छेउ आएर बसी ।

"दिदी, तपाईसँग कुन अवस्थामा भेट होला भनेर म चिन्तित थिएँ । हामी दुई जनामात्र भाको एकान्त समयमा जुऱ्यो धेरै राम्रो भो । "उसले कुरा सुरू गरी । गोमाले क्वारक्वार्ती हेरिरही उसलाई ।"

"तपाईंलाई आफ्नो परिचय दिनै नपर्ला, तपाईंले चिनिहाल्नु होला अथवा परिस्थिति अनुसार आफैं अनुमान गरिहाल्नु होला भन्ने पनि सोचेकी थिएँ । त्यस्तो अवस्था आएको भए मैले तपाईंलाई भन्छु भन्ठानेका कैयौं कुराहरू भन्न पाउने थिइँन होला । थाहा छ दिदी, तपाईंलाई यसरी नै हामी दुई जनामात्र भएको बेलामा आफुलाई चिनाउनु पऱ्यो भने के भन्ने होला, कसरी कुरा सुरू गर्ने होला भनेर मैले कैयौं रात सोचेरै बिताएकी छु ।" उसले अझै पनि 'म फलानी बहिनी हुँ' भनेर सजिलै नचिनाएर लम्बेतान पृष्ठभूमि मात्र तयार पारी ।

तर यो पृष्ठभूमीको कारण गोमाको कौतुहलता भने तिव्र रूपमा बढेर गयो । उसले ब्यग्र भएर भनी, "म जाबोसँग चिनजान गर्नलाई पनि किन सोचिराको त ? भन्नु न सजिलै को हो तपाईं ? म त खस खस लागेर हैरान भइसके ।"

"छोटकरीमा चिनाऊँ कि बेली बिस्तार लगाएर भनौ ?" उसले गोमासँग आफ्ना गम्भीर आँखा जुधाउदै भनी ।

"पहिले तपाईं को हो छोटकरी मै चिनाउनु, त्यसपछि बिस्तारै आफ्नो बारेमा सबै कुरा बताउँदै गरे भैगो नि, आखिर बित्तो केही छैन क्यारे, रातैभरि गफ गरे नि हुन्छ" गोमाले हाँसेर भनी ।

"दिदी, मेरो नाम पार्वती हो, तपाईंका लोग्नेले कान्छी स्वास्नी ल्याए, म तपाईं की सौता हुँ", उसले हठात् शब्दको बिष्फोट गरी । बिष्फोट यती भयङ्कर थियो कि गोमाको हृदय झ्याम्म फुटेर टुक्राटुक्रा भए झैं भयो। उसको सुख, चयन, मनको शान्ति, आशा, भरोसा, विश्वास, उसको सर्वस्व चकनाचुर भयो, धुलोमा मिल्यो । उसलाई यस्तो लाग्यो उसको अस्तित्व त्यहाँ छैन जहाँ ऊ बसिरहेकी छ, ऊ त बिष्फोटको तोडमा आकाशमा उड्दै गरेको धुली कण मात्र हो ।

गोमाको कानमा एकछिनसम्म त्यही बिष्फोटक वाक्य गुञ्जिरह्यो,

"म तपाई की सौता हुँ" । उसले चुपचाप ट्वाल्ल परेर त्यो आइमाईलाई हेरिरही मानौ कि उसले बोलेका शब्दहरूको अर्थ नबुझेकी होस् । प्राण निस्केर गएको शरीर जस्तै ऊ पूर्ण स्थिर भएर आफ्नो आशनमा अडिरही । तर बिस्तारै उसको शरीरमा चेतनाको सञ्चार हुँदै आयो, उसले कुरा बुझी र बुझाइसँगै उसका आँखा, अनुहार र सम्पूर्ण शरीरको भाग भंगिमा परिर्वतन हुँदै आयो ।

उसले भर्खरै खाएको चियाको गिलास उठाई र हुत्याई । गिलास सिधैं गएर भात उम्लिदै गरेको कसौंडीमा कर्कश आवाज गर्दै ठोकियो ।

पार्वतीले दौडेर पोखिँदै गरेको कसौंडी अँगेनाबाट झिक्दै भनी, "दिदी, यसरी आवेशमा नआउनुहोस् ... ।"

पार्वतीले बोल्दाबोल्दै अत्यन्त चर्को स्वरमा गोमा चिच्याई, "मलाई दिदी नभन्, नकचरी, दुनियाँका पोइ चहार्दै हिंड्ने तँ जस्तीको दिदी होइन म ।"

"दिदी, त्यसरी नबोल्नुस्, अब जे हुनु भइसक्यो, जती बिग्रनु थियो बिग्रिसक्यो, अब रिसाएर कराएर केही हुँदैन ........।"

पार्वतीले धैर्यताका साथ सम्झाउन खोजी । तर गोमा क्रोधाग्नीले धप्धपी बलेकी रणचण्डी जस्तै देखिई । रिसले उसका आँखा राता भए । पुरा शरीर थर्थरी काँप्यो । ऊ फेरि चिच्याई, "के बिग्र्यो ? तैंले बिगार्दैमा बिग्रिन्छ ? मैले यती वर्ष लगाएर बनाएको यो घर, यो सृष्टी तँ जस्तीले बिगार्ने ? तेरो जगल्टा छर्छु म, तँलाई यहीं को यहीं मार्दिन्छु आज........।" आवेशमा उसले पार्वती उपर आक्रमण गर्ने मनसायले एकदम तिव्र गतिमा वल्लो छेउ देखि पल्लो छेउसम्म कुनै हतियार खोजी । अलि पर राखिएको धारिलो चुलेसी हठात् उसको नजरमा आयो । उसले बेगले हुत्तिएर गएर चुलेसी उठाई र पार्वती तिर जाइलागी ।

पार्वती केही डराई र पछि सर्दै हत्तारमा कराई, "दिदी, खबरदार मलाई केही होला, मेरो पेटमा तपाईंको लोग्नेको बच्चा छ ।" अत्यन्त बेगमा दौडिरहेको मोटरमा घ्याच्च ब्रेक लगाए जस्तै भई गोमा । बेगमा दैडिरहेकी ऊ हठात् ब्रेकको जकडाइमा परेर त्यसै लड्खडाई। लड्खडाएका उसका खुट्टाले अगेनामा बसाएको कसौंडीमा धक्का दिए र उम्लिरहेको चामल सहितको पानी भ्वाइँय्यँ गर्दै भर्भराउँदो आगोमा घोप्टियो ।

पार्वतीको निशाना सही ठाउँमा लागेको थियो । तेजिलो वाँणले लागेर रूखबाट खसेको पंक्षीझैं जब गोमा निस्तेज, दुर्बल र असन्तुलित भएर थ्याच्च भुइँमा बसी, पार्वतीले सौम्य

भाषामा भनी "दिदी अब शान्त हुनुहोस् । पुर्पुरोमा सौतेनी ग्रह लिएर आएका रहेछौं हामीले, अब नभोगी सुखै छैन । तपाईंले मसँग रिसाइ राख्नु पर्ने पनि कुनै कारण छैन किनकि म नभए यहाँ अर्को कोही आउँथी तर अवश्य आउँथी । म सँग चिनजान भएकै दिन तपाईंका लोग्नेले मलाई भन्थे, 'बिहे भएको आठ वर्ष भैसक्यो, मेरी स्वास्नीले मलाई सन्तान सुख दिइन, त्यसैले म त अर्कै बिहे गर्ने ताकमा छु ...........।'

गोमाको सारा शक्ति, सामार्थ्य र उर्जा सकिएर भुइँमा थचारिएकी भए पनि ऊ सँग एउटा भिनो आशा बाँकी नै थियो । उसको आशा यही थियो कि पार्वतीले भखरै भनेको कुरा भुठो होस् । उसले आफ्नो आशाको अन्तिम त्यान्द्रोको रूपमा रहेको आशंका थर्थरी काँपेको स्वरमा व्यक्त गरी "नचाइँदो कुरा गर्छेस् नकचरी, दुई साता भाको छैन मेरो लोग्नेले घर छाडेर हिँडेको, तँ कुकुर्नीको पेटमा उसको बच्चा हुने ? मलाई लाटी सम्भेकी छस् गतिछाडा, ?" गोमाले गाली गरेको जस्तो गरेर वास्तवमा प्रश्न सोधेकी थिई यही आशामा कि उसले जवाफ दिन नसकोस् र पार्वती भुठो साबित होस् । तर त्यस्तो भएन । पार्वतीले जवाफ फर्काई, "तपाईंलाई नै थाहा होला तपाईंका लोग्ने कहिले कहिले घरबाट हिँडेका छन्, मलाई त उनले पटक पटक भेटिरहेका छन्, मेरो पेटमा दुई महिनाको बच्चा छ ।"

अब पार्वतीको कुरा नपत्याउनु पर्ने कुनै कारण रहेन । आखिर उसको लोग्ने यस पटक भन्दा अगाडि पनि पटक पटक सदरमुकाम जाने भन्दै हिँडेकै हो । अब उसले आफ्नो अगाडि प्रस्तुत भएको यथार्थलाई प्रतिवाद वा अस्विकार गरेर पार नलाग्ने कुरा बुभी । उसले जीन्दगीको सबैभन्दा ठूलो हार स्वीकार गरी र ठूला ठूला आँशुका थोपा भार्दै रून थाली । सुरूमा उसका आँखाबाट आँशु मात्रै खसे तर विस्तारै उसको हृदय यती धेरै दुख्यो कि ऊ भक्कानिएर रून थाली र रोइरही । "मैले यत्तीका वर्ष गरेको त्याग, तपस्या, मैले आफैंलाई बिर्सेर गरेको माया, मैले देउता भनेर गरेको पूजा, मेरो आस्था, मेरो विश्वास सबैलाई कौडीको भाउमा बेचिदिएछ पापीले । म कहीं कि रहिंन अब, कसैको भइँन । मलाई यो दिन देखाउनु भन्दा पहिले छुरा रोपेर मारेको भए नि हुन्थ्यो नि निष्ठूरीले । अब म कहाँ जानु ? मेरो त सर्वस्व लुटियो............" रूवाइसँगसँगै उसले विलौना गरिरही ।

**क्रमश : बाँकी अर्को अंकमा**

# दुःखका भरपर्दा साथी प्रहरी र लकडाउन अनुभूति



✍ गङ्गा कर्माचार्य पौडेल

२०७२ साल वैशाख १२ गते शनिबार ११.५६ बजे आएको विनासकारी भुकम्पले जनधनको क्षतिमात्र गरेन मानिसहरूमा डरत्रास सहित एक प्रकारको मनोवैज्ञानिक असर पार्‍यो । त्यस्तो भयावह अवस्थामा प्रहरीहरूले आफ्नो ज्यानको परवाह नगरी, घर परिवारलाई भन्दा जन सेवालाई सर्वोपरि ठानेर सेवा गरेको उदाहरण थुप्रै छन् । त्यसै गरी अहिले कोरोना माहामारीमा पनि अग्रपङ्तीमा रहेर जनताको सेवा गरिरहेका "प्रहरी भनेका पहरेदार हुन् अर्थात प्रहरीले देश र समाजमा पहरा दिने काम गर्दछ"।

**के हो कोरोना** ?

कोरोना भाईरस कोभीड १९मान्छेबाट मान्छेमा सर्ने एक प्रकारको भाईरस (रोग) हो । यो भाईरसलाई कोभिड-१९ नाम दिईएको छ । यो भाईरस सबैभन्दा पहिला ई.सं २०१९ डिसेम्बर ३१ का दिन चीनको हुवई प्रान्त स्थित वुहान शहरको मान्छेमा एक प्रकारको सार्स जस्तो निमोनियाको रूपमा देखा परेको थियो । यो भाईरसका कारण वुहानमा दिनहुँ मान्छे मर्न थाले पछि चीन सरकारले जनवरी २३ मा वुहान सहरलाई लक डाउन गरेको थियो । त्यसपछि पुरै चीन भरि हल्लीखल्ली मच्चीयो ।

पछि अरू प्रान्तहरूमा पनि भाईरस फैलिन नपाओस् भनि "लकडाउन" गरिएको थियो । लक डाउनमा मान्छेहरू घुमफिर मात्र होइन घरबाटै बाहिर ननिस्कन सरकारबाट आदेश जारी गरिएको हुन्छ । यदि घरबाट बाहिर नगईनहुने काम परेमा मुखमा माक्स लाउनु अनिवार्य हुन्छ । बाहिर गएर आएपछि लुगा फेर्ने, नुहाउने साबुन पानीले मिचिमिचि हात धुने गर्नु पर्दछ । कोभिड-१९ को औषधि पत्ता लागि नसकेको अवस्थामा एक अर्ब चालिस करोड जनसंख्या भएको चीनमा एकाएक नागरिकको स्वास्थ्य परिक्षणमा राज्य प्रणालीका मानिसलाई प्रत्यक्ष

जोड्नु चानचुने कसरत थिएन । तापनि चीनले सङक्रमितको पहिचान गरी निशुल्क उपचार समेत गऱ्यो । सिमाना जोडिएका देशका चीन तर्फको हरेक नाकामा चेक प्वाइन्ट प्रणाली खडा गर्दै ल्कीनीङ् पनि सुरू गरको थियो । त्यसले गर्दा तीन महिनामै चीनले कोरोना भाईरसलाई धपाउन सफल भयो ।

चीन पछि कोभिड-१९ ले इटालीमा गएर आफ्नो साम्राज्य खडा गऱ्यो । त्यहाँबाट स्पेन, अमेरिका, फ्रान्स, बेलायत, इरान, नेदरल्याण्ड, जर्मनी बेल्जीयम, स्वीजरल्याण्ड, टर्की, स्वीडेन, पोर्चुगल, ब्राजिल, क्यानडा, इन्डोनेशिया, अस्ट्रिया, दक्षिणकोरिया, डेनमार्क, इक्वैडर, फिलिपिन्स, रोमानिया, आयर लयाण्ड, अल्जेरिया, पोल्याण्ड, जापान, डोमेनिकन रिपब्लीका, ग्रीस, नर्वे, पेरू, मेक्सिको, मलेसिया, इराक इजराइल, रूस, लक्जम्वर्ग, अस्ट्रेलिया, साउदी अरब, चिली, युएई, हङकङ्, कतार, पाकिस्तान भारतसम्म तिव्र गतिमा फैलियो ।

कोरोन भाईरस (कोभिड-१९) बाट सङ्क्रमित दुई ठूला छिमेकीका बिचमा रहेका हमी नेपालीले माघे संक्रान्तीमा घिउ, चाकु, तरूल खाएर ढुक्कसँग पर्व मनाएका थियौं ।

फागुन लागेपछि भने विश्वव्यापी माहामारीका रूपमा कोरोना आतङ्क फैलिदै गयो । त्यतीबेलासम्म नेपालमा कोरोना देखा परिसकेको थिएन । त्यसकारण अब विदेशमा भएका नेपाली नागरिकलाई कोरोनाबाट कसरी बचाउने भन्ने चिन्ता सरकारलाई थियो । तसर्थ पहिलो पटक चीनमा अध्ययन गर्न गएका १७५ जना विद्यार्थीहरूलाई उद्धार गरेर फागुन ४ गते नेपाल ल्याई खरीपाटीमा निर्मित क्वारेन्टाइनमा राखेर विभिन्न परीक्षण पछि १७ दिनमा घर पठाइएको थियो । त्यसपछि नेपाल सरकारले आफ्ना नागरिकहरूलाई सभा समारोह नगर्नु । धार्मिक मेला पर्वमा मान्छे धेरै जम्मा नहुनु भन्ने आदेश जारी गरेको थियो ।

चैत्र २ गते अर्थात मार्च १५ सन् २०००मा भारतका प्रधान मन्त्री नरेन्द्र मोदीको आह्वानमा कोरोना विरूद्धको लडाईमा एकजुट हुन सार्क भिडियो कन्फरेन्स गरिएको थियो । त्यो कार्यक्रमले पुरै दक्षिण एसियालाई कोरोनका बारेमा सजग रहन र आपसी सहयोगबाट कोरोनालाई पराजित गर्न आह्वान गरिएको थियो ।

चैत्र ७ गते फ्रान्सबाट नेपाल भित्रिएकी १९ वर्षिय विद्यार्थीमा कोरोना भाईरस देखियो । त्यसपछि नेपाल सरकारले ११ गते देखि सार्वजनिक यातायातका साधन गुड्न नदिएर मानिसको आवत जावतमा रोक लगाउने

निर्णय गरेको थियो । उक्त निर्णय पश्चात अघि पछि भन्दा प्रहरीलाई धेरै खट्नु पर्ने भयो ।

उता भारतमा कोरोना फैलिंदै गर्दा त्यसबाट जनतालाई बचाउन भनि चैत्र १० गते नै भारतले तीन हप्ताको लागि लकडाउनको घोषणा गरिसकेको थियो । त्यसपछि नेपाल सरकारले पनि चैत्र ११ गते घोडेजात्राको दिनमा चैत्र १८ गतेसम्म एक हप्ताका लागि लकडाउनको घोषणा गऱ्यो । लकडाउनमा आपराधिक क्रियाकलाप हुन नदिन कोरोना भाइरबाट जनतालाई सुरक्षित राख्न प्रहरीहरू अहोरात्र खटिन थाले । टोल टोल, गल्ली गल्ली चाहारेर मानिसहरूलाई बाहिर ननिस्कन, अति आवश्यक काम परेर निस्कनै परे माक्स प्रयोग गर्न अनुरोध गदै हिंडे ।

लकडाउन एक प्रकारको कर्फ्यु जस्तै हो । आन्दोलनका बेला सर्वसाधरण जनतालाई हुलमुलबाट बचाउन कर्फ्यु लाएर मान्छेलाई बाहिर निस्कन दिइँदैन थियो । कोही बाहिर निस्केर अप्रिय घटनाको सिकार नबनुन् भनि प्रहरीहरूले कडा निगरानी राख्दथे । तर त्यो कुनै एउटा निश्चित ठाउँको लागि मात्र हुन्थ्यो ।

लकडाउन त पुरै देशभरि एकैचोटी लागु गरियो । सरकारले प्रहरी सेवालाई अत्यावश्यक सेवामा राखी भएभरका प्रहरीहरूलाई परिचालन गरायो । प्रहरीबाट माइकिङ् गरेर जनचेतना जगाउने काम पनि भयो । टोलका केही स्वयम् सेवीहरूले समेत प्रहरीलाई सघाए ।

**लकडाउन अनुभूतिः-**

कोरोनाका कारण घरबाट बाहिर निस्कन नपाईने भएपछि नियमित चलीरहेको दैनिकीमा यसले ठूलो असर पाऱ्यो । घरभित्रै थुनिएर बस्नु पर्दा दिन पनि धेरै लामो लाग्न थाल्यो । अफिस जाने श्रीमान स्कूल, कलेज जाने छोराछोरीहरू घरै बस्दा केही दिन रमाइलो भएको थियो । पछि लकडाउनको समय लम्बिदै जाँदा झिँजो लाग्ने जस्तो नि हुँदो रहेछ । किनभने केटाकेटीहरू छिनछिनमा खाइरहुँ गर्छन् । गृहणीहरूलाई पकाउनु तुल्याउनु, घरधन्दा सरसफाइमै ब्यस्त हुनुपर्ने भयो । केटाकेटी, श्रीमानले भान्छामा सघाइहाले पनि कहिले खानेकुरा डढाउने, पोखाउने, कप फुटाउने, तरकारी काट्दा हातै काट्ने गर्न थाले । त्यतीमात्र कहाँ हो र उनीहरूले गरेको काम आफूलाई चित्त नबुझेर फेरि दोहऱ्याउँदा बढी समय लाग्ने भयो । लेखपढ गरी आफ्नो प्रतिभा उजागर गर्ने समय निकाल्नै मुस्कील ।

त्यसमा पनि जतिबेलानी घरभरी मान्छे भइरहने हुँदा घर पनि साँगुरो लाग्नुको साथै एक प्रकारको उकुस मुकुसको वातावरण सिर्जना भएको अनुभूत भयो ।

भुइँचालो आउँदा बरू खुला ठाउँमा बस्न पाइएको थियो र यती सकस भएजस्तो लागेन । अहिले त कोठा भित्र गुम्सीनु पर्दा तनाव भएको छ । हे भगवान यो अवस्थाबाट छिटो छुटकारा मिलोस् भनेर पार्थना गरिरहेकी छु ।

लकडाउन हुने खबर पाउना साथ काठमाडौं भ्याली बाहिर घर भएका मानिसहरू दिनकै हजारौं हजारको संख्यामा धमाधम गाउँ फर्किए । भुइँचालो आउँदा पनि त्यसरिनै गएका थिए । मलाई त उनीहरू पो भाग्यमानी रहेछन् जस्तो लाग्यो । किनभने काठमाडौंमा केही भयो की गाउँतिर कुद्न पाउँछन् ।

लकडाउन चैत्र १९ देखि एक हप्ता बढाएर २५ गतेसम्म पुऱ्याइयो । २० गते रामनवमी थियो तर पहिला जस्तो रमाइलो भएन । न त आमाको मुख हेर्ने औसी रमाइलो भयो । वर्षको एक दिन भएपनि छोराछोरीसँग मिलन हुने यो दिन पनि यत्तीकै गयो ।

लकडाउनकै बेला सीमा क्षेत्र बन्द गरिनाले विदेशमा रहेका नेपालीहरू खासगरी भारतबाट आउन खोज्नेहरू घर फर्कन नपाएर मरिहत्ते गर्न थालेको देखियो । किनभने उनीहरू बोर्डरको बाटो छिर्न नपाएपछि अबैध बाटोबाट भएपनि आउन थाले । त्यसरी आउनेहरू पैदलै जङ्गलमा हिँडेको, ज्यानको परवाह नगरी ट्युवमा बसेर कर्णाली नदी तरेको, पौडिएरै पनि माहाकाली नदी तरी नेपाल छिरेको मार्मिक दृष्य देखियो टि.भीमा । आखिर जे जस्तो भएपनि परेको बेलामा जन्मेको घर खेलेको आँगन नै प्यारो हुने रहेछ । जन्म भूमिको महत्व घर बस्नेलाई भन्दा परदेशमा बस्नेलाई बढी हुने कुरा को प्रमाण थियो यो ।

एकातर्फ घर फर्कने मानिसहरूको पिडा अर्कोतर्फ उनीहरूसँगै आएको कोरोना गाउँभरि फैलने डरले गर्दा ठाउँठाउँमा क्वारेन्टाइनको व्यवस्था गरी सङ्क्रमितहरूको अवस्था हेरि आइसोलेसन, भेन्टीलेटरमा राख्ने व्यवस्था पनि गरियो । बोडरमा मान्छे ओहरदोहर हुन नदिन देखि क्वारेन्टाइनमा कुनै अप्रिय घटना हुन नदिन प्रहरीहरू हरबखत चनाखो भई घुम्न थाले ।

दिनदिनै कोरानाबाट सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि लकडाउन वैशाख ३ गते सम्म लम्बियो । पछि चौथो पटक दुई हप्ता थपेर वैशाख १५ गतेसम्म पुऱ्यायो । पाँचौं पटक १५ बाट फेरि २५ गतेसम्म । अब खुल्छकी भनेर मन उत्सुक हुन्थ्यो फेरि

बन्दको घोषणा हुँदा मन खिन्न हुने । छैटौं पटक बैशाख २६ गतेबाट जेठ पाँच गतेसम्म लकडाउन बढाइयो ।

सातौं पटक् २०७७ साल जेठ ६ गते देखि फेरि दुई हप्ता लक डाउन बढाएर जेठ २० गतेसम्म पुऱ्याइयो । यसै बिच कपनको पञ्चकुमारीमा एक जना र मिलन चोकमा पनि कोरोना सङ्क्रमित भेटियो रे भनेर सिल गरियो । अब हाम्रो घर नजिकै आईपुग्यो कोरोना । त्यसैले झनै बढी डर लाग्यो । किनभने हामी दुई जना बूढाबूढी साठी वर्ष नाघी सकेका छौं। त्यसमा पनि उहाँ विगत १४ वर्ष देखि सुगर, प्रेसर, मुटुरोगी हुनुहुन्छ । कोरोना लागि हाल्यो भने रोग प्रतिरोधात्मक क्षमताको कमीले गर्दा निको हुन मुस्कील पर्नेछ । यस्तै कुराहरू खेल्यो मनमा । दिनहु कोरोनाको कारण ज्यान गुमाउनेहरूको संख्या थपिदै गएको समाचारले झन् मुटुमा ढ्याङ्ग्रो ठोक्न थाल्यो ।

जेठ २० गते लकडाउन खुल्छकी भन्ने आस थियो । किनभने मानिसहरू रोगले भन्दा पनि भोकले मर्लान भन्ने डर हुन थाल्यो । दैनिक ज्याला मजदुरी गर्नेहरूले काम गर्न नपाएपछि आम्दानी हुने कुरै भएन । हुन त कोही भोको नपरून् भनेर नगरपालिकाले वडा मार्फत राहत वितरण गरेको थियो । केही समाज सेवीहरूले निःशुल्क भोजन वितरण गरिरहेका थिए । तर कहिलेसम्म ? काम गरेर आफै कमाएर खान पर्ने मान्छेहरूलाई समाजसेवीले गराएको निशुल्क भोजन, सरकारले दिएको राहतबाट मात्रै कति दिन निर्वाह गर्ने ? यो तरिकाले त झन् मेहनत गर्ने बानी बिग्रीएर पर निर्भर पो गराउँछकि ? मलाई यस्तै लाग्यो । किनभने राहत छउन्जेल काम पाएपनि नगर्ने गरेको देखियो । सरकारले दिएको रासन छउन्जेल पहिला हाम्रो घरमा बारी खनिदिने, झारपात उखालीदिने कामदारलाई यसपाली बारीमा मकै छर्न बोलाउँदा आएनन् ।

वास्तवमा कोरोना भाइरसको प्रकोपबाट विश्वभरिनै एउटा अकल्पनिय मानव क्षति भएको छ । शिशु, बाल, युवा, वयस्क, वृद्ध कसैलाई छोडेको छैन कोरोनाले । को मान्छे कतिबेला त्यसको आहार बन्नुपर्छ थाहा छैन ।

सरकारले कोरोनाबाट बच्न भन्दै आठौं पटक लकडाउन थपेर जेठ ३२ गतेसम्म पुऱ्याएको थियो । असार १ गते देखि नेपालमा लकडाउन खुकुलो पारियो । त्यस पछि केहि अफिस, पसलहरू खुलेका छन् । पहिला भन्दा सडकमा धेरै गाडी गुडेका छन्, बजारमा चहलपहल बढेको छ । उता कोरोन सङ्क्रमितको संख्या

दिनहुँ थपिरहेका छन् । यो लेख तयार गर्दा मिति २०७७/०६/१८ सम्म नेपालमा ५ सय २८ जनाले ज्यान गुमाईसकेको अवस्था छ ।

वास्तावमा लकडाउनका बेला त झन् शान्ति हुनुपर्ने । मान्छेको ओहरदोहर कम भएपछि झैं झगडा नहुनुपर्ने तर एकपछि अर्को अप्रिय घटनालाई लकडाउनले रोक्न सकेको छैन । न त कोरोना फैलनबाट रोक्न सकेको छ । कोरोनाको कहरले हरेक पल कोपरि रहेको छ मानिसलाई ।

अहिले लकडाउनको बेलामा काठमाडौँमा धुँवा धुलो छैन । तापनि मुखमा माक्स लाउनु पर्छ । अघिपछि बाटो काटन् मुस्कील पर्ने गरी मोटरको ताँती गुड्ने बाटो खाली खाली छ तर मान्छे ओहरदोहर गर्न पाईदैन । छिनछिनमा साबुनपानीले हात धोएर सफा गरेको भएपनि कसैसँग हात मिलाउन पाईदैन । अहिले सबै फुर्सदमा छन् तर कसैका घरमा आउजाउ छैन । पैसा हुनेसँग डिस्को जाने, रेष्टुँरा गएर खाने, मनोरञ्जन गरेर खर्च गर्ने ठाउँ छैन । पैसा नभएकालाई रासन किनेर खाने पैसा नहुँदा भोकै पर्नुपर्ने स्थिति छ । मान्छे हेर्दा केही नभएको जस्तो देखिन्छ तर १४ दिन पछि बल्ल कोरोना लागेको लक्षण देखा पर्दछ त्यसकारण समय एकदमै प्रतिकुल भएको महसुस भएको छ । सारा विश्व ठप्प भएको छ अहिले । मानिसहरूका लागि यो भन्दा दुःखका कुरा के हुन सक्दछ ।

**लकडाउनका केही सकारात्मक पक्ष–**

**१) स्वच्छ वातावरणः–**

जे कुरा पनि खाली नकारात्मक मात्र हुँदैन । जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भने झैं खराब कुरामा असल कुरा लुकेको हुन सक्दछ । त्यस्तै लकडाउन हुनु भन्दा पहिले काठमाडौँमा धुँवा धुलोले आकासै धुम्म देखिन्थ्यो भने रूख विरूवाका पातमा धुलो टाँसिएर नराम्रो देखिन्थ्यो । लकडाउन भएपछि वातावरण स्वच्छ भएको छ । आकाश सफा भएको छ । परपरका हरिया डाँडा र्छलङ्ग देखिन्छन् । बाटो छेउछाउका फूल त के घाँस पनि फुलेका मनोरम दृष्य देख्न पाइन्छ । केही वर्ष हराएका चराहरू फेरि देखिन थालेका छन् । मान्छेहरूको ठेल मठेल घचेटा घचेट छैन । बजार होलो छ । आज भन्दा ३५ वर्ष पहिलेको जस्तो वातावरण छ, अहिले काठमाडौँमा ।

**२) एक ठाउँमा स्थिर भएर बस्न सक्ने शक्ति प्राप्तः–**

स्वभावैले मनिस चञ्चल हुन्छ । ऊ एक ठाउँमा बसिरहन सक्तैन । घुम्ने, डुल्ने, आफन्तजनलाई

भेट्न जाने, काममा जाने, भएको हुँदा एक ठाउँबाट अर्को ठाउँमा ओहरदोहर गरिरहनु पर्ने हुन्छ । त्यसैले समयमा पुग्न बस चढ्न सधैं हतार भइरन्छ । कुदाकुद भईरहन्छ । त्यस्ता क्रियासिल मानिसलाई कोरोनाका कारण लकडाउन भएपछि घरभित्रै पनि बसिरहने शक्ति प्राप्त भएको छ ।

**३)सहयोगको भावना वृद्धिः-**

दैनिक ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्नेहरू काम र मामबाट बन्चीत भएपछि गच्छे अनुसार आफूले सक्दो सहयोग गरेर कसैको घरमा चुलो निभ्न दिइएको छैन । मान्छेलाई सहयोग गर्ने मान्छेले हो । यस्तो बेलामा हुनेले नहुनेलाई सहयोग गर्नुपर्छ भन्ने भावनाको वृद्धि भएको मैले पाएको छु ।

**४) सूचना प्रविधिको प्रयोगः-**

लकडाउनका कारण मानिसहरू एक ठाउँमा भेला हुन नपाएपछि प्रविधिको उपयोग गरी साहित्यिक संस्थाहरूले भिडियो कन्फरेन्स, कवि गोष्टी गरेर कार्यक्रम संचालन गरे । जसमा म जस्तो प्रविधिमा कमजोर मान्छेले करैले पनि सिकेर कार्यक्रममा सहभागी भएँ ।

स्कूलका विद्यार्थीलाई पनि अनलाइन कक्षाबाट पढाउन थालिएको छ । यो सब इन्टेरनेटको पहुँचले गर्दा सम्भव भएको हो ।

**५) सिर्जनाको अवसरः-**

केही स्रष्टाहरू अफिसको कामले गर्दा चाहे जति साहित्य सिर्जना गर्न सकिएन भनी गुनासो गर्नु हुन्थ्यो । उहाँहरूका लागि लकडाउन स्वर्ण अवसर भएको छ । घरैमा एकान्त बास बसेको बेला कोरोना लगायत विविध विषयमा नयाँ नयाँ रचनाहरू रचिइएका छन् ।

**६) परिवारसँगको आत्मीयता वृद्धिः-**

काम काजको व्यस्तताले घर परिवार बालबच्चाहरूलाई समय दिन नसक्दा उत्पन्न तनाव केही हदसम्म कम भएको छ । बालबच्चाहरूले अभिभावकसँग बस्न, खेल्न रमाउन पाएका छन् । त्यसले गर्दा आपसमा आत्मीयता बढेको छ

**७) मितव्ययीताः-**

परिस्थीतिबस आम्दानीको स्रोत घटेको लकडाउनका बेला आफूसँग भएको सीमित साधन स्रोतले पुऱ्याउनु पर्ने हुँदा गृहणीहरू फारोतिरो गर्न थालेको देखिन्छ । अनावश्यक तडक भडकमा केही कमी आएको छ । वैशाख जेठ महिना विवाहको लगन भएकोले पहिले कुरा छिनी सकेका वर वधुहरूको सामान्य तरिकाले विवाह भएको छ । पार्टी भोजमा खर्च हुने करोडौं पैसा जोगिएको छ ।

**८) जनचेतनाः-**

कोरोना भाइरस कोभिड-१९ रोग नयाँ रोग भएको र यसको उपचारका लागि औषधि पत्ता लागि नसककेको अवस्थामा मानिसहरू आफै सचेत भइ घरमा बस्ने गरेका छन् । स्वास्थ्यमा गडबडी आउना साथ डाक्टरको सल्लाह लिनेको संख्या बढेको छ । आफूले आफैलाई कसरी स्वस्थ राख्न सकिन्छ भनेर सजगता अपनाउने गरेका छन् ।

अन्तमा २०७६ साल चैत्र ११ गते देखिको लकडाउन २०७७ साल असार १ गतेदेखि खुकुलो पारिए पनि स्कूल कलेजहरू बन्द छन् । सार्बजनिक यातायात चलेका छैनन् । कोरोना सङ्क्रमित बढेका बढ्यैछन् । मानिसहरूमा भन् भन् त्रास फैलिएको छ । मान्छेसँग मान्छे डराउनु पर्ने अवस्था यथावत छ । विश्वभरका वैज्ञानिकहरू औषधि खोज्न दिनरात खटिइरहेका छन् । तैपनि कोरोना सखाप पार्ने औषधि फेला परिसकेको छैन । यस्तो स्थितिमा नागरिकको जिउ ज्यानको सुरक्षाका लागि प्रहरीहरू अग्रपङ्तीमा रहेर सेवा गरिरहेका छन् । कोरोनाबाट बचाउन जनताको सेवा गर्दा गर्दै आफै पनि कोरोना सङ्क्रमित हुन पुगेका छन् कति प्रहरीहरू । तापनि सेवामा कत्ती पनि कमी आउन नदिएर अहोरात्र खटीरहेका छन् । त्यसकारण आपत विपद्मा, दुःखका बेला हाम्रा भर पर्दा साथी हुन् प्रहरी ।

**सन्दर्भ स्रोत –दैनिक पत्रपत्रिका, टिभी, प्रहरी पत्रिका र लेखक स्वयं ।**

♦♦♦

## मुक्तक



✍ **राधा लामिछाने**

सामान महंगोमा जानी जानी किनेर खानुपर्छ
यो कलियुगमा किन बेइमानी किनेर खानुपर्छ
नेपाल जलस्रोतको कस्तो धनि देश हो हजुर
यहाँ राजधानीमा समेत पानी किनेर खानुपर्छ ।।

कहिले शित बनेर कहिले भरी बनेर
झर्छन् आँशु यहाँ अनेक थरी बनेर
यो धर्तीमा पाइला टेकेको दिन बाटै
बाँचिरहेछु म पिंजडाको चरी बनेर ।।

**कथा**

# संगतले अन्त्य भएको जिन्दगी



✍ **मिम बहादुर लामा**

नरेश बुबाआमाको एक्लो छोरो, लगातार ५ दिदीहरू जन्मे पछि अन्तिममा जन्मेको । परिवारमा ऊ जन्मेको दिन बुबाआमाको मन हर्षले गदगद भएको थियो । उसको पालन पोषणमा बुबा आमाले खुबै ध्यान दिएका थिए । छोरीहरूलाई जस्तो सरकारी स्कूलमा नभई बोर्डिङ स्कूलमा पठनपाठन गराएका थिए । धेरै वर्ष सम्म छोराको आश गरेर जन्मेको हुनाले होला, उसको सुविधाको लागि बुबा आमाले कुनै कसर बाँकी राखेका थिएनन् । उनीहरूको लागि भगवानको सबै भन्दा ठूलो उपहारनै छोरा थियो । ऊ बुबाआमाको लाड प्यारमा ऊ हुर्किरहेको थियो । उसको हरेक मागहरू पुरा गर्न आमाबाबुले कहिल्यै कन्जुस्याँई गरेनन् । ऊ घरमा आफ्ना दिदीहरूसँग झगडा गर्ने, साना साना कुरामा विवाद गर्ने जस्ता व्यवहार देखाउथ्यो । उसका बाबु आमाले हरेक गल्तिहरूलाई सामान्य रूपले आँखा चिम्लि दिने गरेका कारण ऊ पुलपुलिएको थियो ।

बुबाआमाले आफ्नो छोरालाई राम्रो शिक्षादिक्षा दिलाउनको लागि नजिकैको बोर्डिङ स्कूलमा भर्ना गराई दिएका थिए । विद्यालयमा भर्ना भएदेखिनै उसले विद्यालयमा पनि घरमा जस्तै असामन्य व्यवहार देखाउन थालिसकेको थियो । यसबाट अधिकांश साथीहरू ऊसँग सन्तुष्ट थिएनन् । यदाकदा कोही ऊ सँग मिल्थे भने ती पनि उसकै जस्तो स्वभावका हुन्थे । शिक्षक शिक्षिकाहरू सबै उसको व्यवहार देखेर आजित भईसकेका थिए । उसलाई सम्झाएर कुनै औचित्य नरहेकोले उसलाई विद्यालयबाट निकाली दिने निर्णय पनि शिक्षकहरूले नगरेका हैनन् । तर नरेशका बाबुको अनुनय बिनयले गर्दा ऊ विद्यालयमा टिकी रहेको थियो । साथी भाईहरूको टिफिन चोर्नु, कलम, कपी अनि कहिलेकाहीं पैसा समेत चोर्नु उसको दिनचर्या भईसकेको थियो। कतिपयले उसको बदमासीको सम्बन्धमा बोल्ने आँट गर्दैन थिए, जो बोल्थे ऊ कुटाईको शिकार

हुनुपर्थ्यो । ऊ दिनप्रति दिन पढाईमा कमजोर हुँदै गयो । उसलाई पढाई भन्दा बदमासी राम्रो लाग्न थालिसकेको थियो । अझ ऊ जस्तै बदमास साथीहरूको माझमा अनेक बिज्याँई गर्न पाउदा ऊ खुशी हुन्थ्यो । कहिलेकाहीं स्कूल नजिकैको फलफूल बगैंचामा गई लटरम्म पाकेका फलफूलहरू चोरी खाने, रूखका हाँगाहरू भाँचिदिने ,स्कूलबाट भागेर नजिकैको खोलामा पौडी खेल्ने, राजमार्गमा चल्ने यात्रुबाहक सवारी साधनमा झुन्डेर स्कूल भन्दा माथिको डाँडा सम्म जाने जस्ता क्रियाकलापहरू उसको रूचिको विषय बन्न थाल्यो । स्कूलको परीक्षाहरूमा ऊ कमजोर हुँदै गयो । घरमा बुबा आमाले भनेको कुरा उसले कहिल्यै टेरेन ।

उसको बानी व्यहोराले गर्दा छिमेकीहरू पनि आजिद भईसकेका थिए । छिमेकीहरूले कैयौं पटक उसले गरेका बिज्याँईको सम्बन्धमा उसका बुबा आमालाई जानकारी गराउदै आएको भएता पनि एक्लो छोरोले गरेको अनेकौ गल्तिहरूलाई बाबुआमाले पनि ढाकछोप गर्न तर्फ लागे । जेन तेन ५ कक्षा सम्मको अध्ययन पछि उसले विद्यालय जान समेत छोडिदियो ।

त्यसपछि उसलाई केही मात्रामा भए पनि अनुशासनको दायरा भित्र राख्न प्रयत्न गर्ने शिक्षक शिक्षिकाको नियन्त्रणबाट स्वतन्त्र हुन पुग्यो । ऊ आफूलाई बन्धनबाट मुक्त भएको महसुस गर्ने थाल्यो।

पढाई बीचैमा छोडे पछि ऊ दिनभर खराब आचरण भएका मानिसहरू सँग हुन थाल्यो । नजिकैको बजारमा गई क्यारमबोर्ड खेल्ने, मादक पदार्थको सेवन गर्ने , तास खेल्ने जस्ता काममा अभ्यस्त हुन थाल्यो । भरखरै बजारमा आएको भिडियो हेर्ने, हिन्दी सिनेमा लगायत अन्य अश्लिल सिनेमा समेत हेर्ने काममा रमाउन थाल्यो । त्यस पछि उसको बुबा आमाले आफ्नो छोरो दिन प्रतिदिन बिग्रदै गएको महसुस गरी सम्झाउन कोशिश गरे तर उनीहरूको अर्ति उपदेश एक कानले सुनेर अर्को कानले उडाई दिन्थ्यो ऊ ।

नरेशको उमेर बढ्दै थियो, उमेर बढे सँगै उसको संगत पनि ऊ जस्तै बरालिएर हिंड्ने समूह सँग हुन पुग्यो । ती समूहसँग मिलेर ऊ राजधानी शहर काठमाडौंमा छिऱ्यो । काठमाडौंको गल्लीहरूमा घुमी हिंड्ने उनीहरूको दिनचर्या हुन थाल्यो । दैनिक जसो उनीहरू कुनै न कुनै समूहसँग झै झगडा गरि हिंड्न थाले । यति मात्र नभएर अब उसको समूहले शहरका गल्ली गल्लीहरूमा सर्वसाधारणको साथमा रहेका गहना, सिक्री र नगद रकम समेत लुट्न थाले । विस्तारै यस समूहको

नाईकेको भूमिका नरेशको हातमा पुग्यो । उसको नाम शहरभरी कुख्यात लुटेराको रूपमा चिनिन थाल्यो। उसको नाम सुन्ने बित्तिकै सर्व साधारणको मनमा त्रासको सिर्जना हुन्थ्यो । राजधानीको प्रहरीको आपराधिक अभिलेखमा ऊ लगायतका समूहको नामावलीको फेहरिस्त चढ्न थाल्यो । ऊ लगायत उसको समूह विभिन्न आपराधिक घटनाहरूमा संलग्न रहेको अभियोगमा पक्राउ हुन थाले । केही समयको जेलको बसाई पछि फेरी त्यस समूहले सहरका विभिन्न स्थानमा चोरी, डकैती, लुटपाटजस्ता काम गर्न शुरू गरिहाल्थ्यो। टेलिभिजन, रेडियो, पत्रपत्रिका लगायतका संचार माध्यमहरूमा उनीहरूको नाम प्रशस्त सुन्न, हेर्न र पढ्न सकिन्थ्यो । कुनै स्थानमा आपराधिक घटना घट्ने बित्तिकै प्रहरीले उसको समूह माथि सहजै अनुमान गर्ने अवस्था थियो ।

उसको आपराधिक कामको खबर संचार माध्यमहरूले देशव्यापी बनाउन थाले पछि यो खबर उसको बाबुआमाले पनि थाहा पाए । उसका बाबुआमा आफ्नो एक्लो छोरो यसरी गलत काममा संलग्न भएकोमा अत्यन्त दुःखी भए । उनीहरूले आफ्नो छोरालाई शहरमा गई सम्झाई बुझाई सुधार्ने सोचका साथ शहरमा आए । आफ्नो छोरालाई खोज्न काठमाडौं शहर छिरेका बाबु आमालाई छोराको बस्ने ठेगाना समेत थाहा थिएन । सम्पर्क गर्ने कुनै माध्यम नभए पछि उनीहरू गाउँको छिमेकी भाई भतिजाहरूको डेरामा बास बसे । शहरमा दशैंको चहल पहल बढिसकेको थियो । बजारमा किनमेल गर्नेहरूको भिडभाड बढिसकेको थियो । आफ्ना गाउँले भतिज सँगै एक दिन शहरको गल्लीमा निस्कदै गर्दा नरेशका बाबुको आँखा एक्कासी मानिसहरू जम्मा भई एक जना युवकलाई कुटिरहेको दृश्यमा पुग्यो । उनी बिस्तारै त्यस हूलको नजिक गएर के भएको रहेछ भनि सोध्न थाले । भीड आक्रोशित भई ती युवा माथि हात खुट्टा चलाईरहेको थियो । भीडमा कसैलाई पनि उसको कुरा सुन्न फुर्सद थिएन, उनीहरू लगातार कुटिरहेका थिए । तत्कालै त्यस ठाउँमा प्रहरी आई पुग्यो । प्रहरीले भीडलाई नियन्त्रणमा लियो । भीडबाट ती युवकलाई छुटाई प्रहरीले आफ्नो नियन्त्रणमा लियो । भीडमा एक जना महिलाको साथमा रहेको सुन र नगद लुटेको कारण युवकलाई कुटेको भन्ने जानकारी भएपछि कतै त्यो आफ्नै छोरा त हैन भनि प्रहरीको नजिक गई नरेशका बाबुले प्रहरीसँग सोधी खोजी गरे। प्रहरीको नियन्त्रणमा रहेको

नरेशले आफ्ना बाबु आमालाई त्यस स्थानमा देखे पछि उसलाई सपना हो कि विपना हो भन्ने कुरा निर्क्योल गर्न गाऱ्हो भयो । आफ्नो छोराको हालत देखे पछि उसलाई आकाशले थिचे जस्तो हुन थाल्यो । आफूले अनेक दुःख कष्ट गरी हुर्काएको छोरोलाई आफ्नै अगाडि दुनियाले तमासा हेर्दै कुटेको दृश्य कसलाई पो राम्रो लाग्छ र ।

उनले प्रहरीबाट आफ्नो छोरा उम्काउन अनेक बिन्ति गरे, तर पनि उसको साथमा ती महिलाको लुटिएको नगद र सुन समेत फेला परेपछि प्रहरीले उसलाई आफ्नो कार्यालय तिर लिएर गयो । उनीहरू पनि प्रहरी कार्यालय तर्फ नै गए । प्रहरीले नरेशलाई नगद र गहना लुटपाट गरेको कसूरमा मुद्धा चलाउने कुरा गरे पछि उनका बाबुआमामा थप चिन्ता बढ्न थाल्यो । उनका छोरीहरूको विवाह भईसकेको थियो । घरमा घर कुर्ने मानिस समेत थिएन । छोराको खोजीमा शहर आएको पनि एक हप्ता बित्न लागिसकेको थियो । गाउँमा दशैंको सर सामान जोहो गर्नु थियो । तर आफ्नो छोराको हालत देखेर उनीहरूको मनमा पिडाको आगो दन्की रहेको थियो । शहरमा गाउँले भतिजको कोठामा उनीहरू केही दिन बसे । शहरको महँगीगमा धेरै दिन पाहुना लाग्नु पनि ठिक थिएन, फेरी ती भतिज पनि दशैंको जोहो गर्न गाउँ जानु थियो । बुढाबुढी सल्लाह गरेर १० दिन पछाडि गाउँ फर्केर गए । मनमा अनेक कुरा खेलाउदै आफ्नो भाग्यलाई धिकार्दै बस्नु बाहेक अरू विकल्प उनीहरूको थिएन ।

दशैं जस्तो चाडको बेलामा आफ्नो छोराको हालत सम्झिदै उनीहरू पिडालाई सहेर पराई घर गईसकेका छोरीहरू सहित दुखः सुखको कुरा साट्दै भए पनि चित्त बुझाए, चाड मनाए । दशै, तिहारजस्ता चाड पर्वहरू बित्दै गए । एकादशिको दिन अचानक पल्लो गाउँको रत्नमान काठमाडौंबाट एउटा चिठी लिएर उनको घरमा आए । त्यो चिट्ठी नरेशले पठाएको रहेछ । नरेशलाई प्रहरीले मुद्धाको अनुसन्धान पछि अदालतले उनलाई धरौटी माग गरेको र धरौटी तिर्न नसकेको कारण जेलमा पठाएको, रत्नमानले त्यो कुरा थाहा पाई उसलाई भेट्न गएको बेला धरौटी रकमको जोहो गरी दिनको लागि बुबा आमालाई अनुरोध गर्दै लेखेको पत्र थमाउन रत्नमान आएका रहेछन् । चिट्ठीको व्यहोरा रत्नमानले नै पढिदिए । धरौटीको लागि रू ७५०००।- तोकेको रहेछ । आफ्नो बैगुनी सन्तान भएता पनि छोराछोरी प्रति बाबु आमाको मन भनेको भगवानकै मन हुंदो रहेछ । नरेशका बाबुले भोलि पल्टनै आफ्नो

पुरानो गरगहना बेचबिखन गरी आफ्नो छोरालाई तोकिएको धरौटी बराबरको रकमको जोहो गरी काठमाडौं तर्फ लागे । काठमाडौं पुग्ने वित्तिकै आफ्नो छोराको तोकिएको धरौटी तिरे । तोकिएको धरौटी रकम तिरे पछि उनले आफ्नो छोरालाई सम्झाई बुझाई आफू सँगै लिएर गाउँमा फर्के ।

धेरै वर्ष पछि आफ्नो छोरो घरमा आई पुग्दा आमाको मन खुशीले गदगद भयो । त्यस राती अबेर सम्म परिवारमा कुराकानी चल्यो । आमा बुबाको माया देखेर नरेश पनि एकदम खुशी भयो । बुबा आमाले नरेशलाई अब घरमै दुःख सुख गरी बस्नु पर्छ, अब हामी बुढाबुढी भइसक्यौं भनि सम्झाए । नरेशले आफ्नो बुबा आमाले देखाएको मायाले गर्दा अब घर छोडेर नजाने र कुनै पनि खराब काममा नलाग्ने बचन आमा बाबुलाई दियो । नरेश बाबु आमा सँगै बस्न थाले देखी बाबु आमा त ढुक्क थिए तर गाउँलेहरू भने ऊ देखी डराइरहेका थिए । कतै यसले गाउँमा वितण्ड त मच्चाउने हैन भन्दै कुरा गर्न थाले । जमघट, पानी पँधेरो, मेलापात सबैमा नरेशको बारेमा चर्चा हुन थाल्यो । कसै कसैले त उसलाई गाउँमा राख्न हुन्न, यसले गाउँको माहोल बिगार्छ भने । गाउँलेको मनमा एक किसिमको त्रास फैलिरहेको थियो । बाटोमा कसैले उसलाई देखे भने बोल्ने आँट हुँदैन थियो । ऊ आफु पनि गाउँले सँग बोल्न हिचकिचाई रहेको थियो । आफ्नो कुलतमा लागेको छोरा अहिले घरमै बसी सुध्रदै गरेको महसुस गरी आमाबाबु निकै दङ्ग थिए ।

नरेशलाई आफ्नो पुरानो दिनहरू झल्झली याद आईरहेको थियो । शहरका गल्ली गल्ली तथा चोक चोकमा घुम्दै हिँडेको, साथीहरू सँग मिलेर चोरी तथा लुटपाट गरी पैसाको जोहो गर्ने गरेको, उक्त पैसाले प्रशस्त मोज मस्ती गरेको दृश्यहरू उसको मानसपटलमा घुमिरहको थियो । उसलाई शहरको वातवरणले चुम्बकले झैं तानिरहेको थियो । घर बसाईमा उसलाई दिनहरू एकदमै पट्यार लाग्दो लाग्न थाल्यो । ऊ गाउँमा निष्फिक्री घुमेर हिँड्न सक्ने अवस्थामा थिएन, उसलाई आत्मग्लानि तथा हिनताबोध भईरहेको थियो । स्कुलमा सँगै पढेका साथीहरू कोही व्यापार व्यवसाय गरिरहेका, कोही आधुनिक तरिकाले खेतिपाती, पशुपालन गरिरहेका, कोही सरकारी जागिरमा प्रवेश गरी आफ्नो गुजारा चलाई रहेका थिए । साथीहरूको माझ उसलाई लज्जाबोध भएको कारणले पनि गाउँघर भन्दा उसलाई शहरका गल्ली तथा चोकहरूनै प्यारो लाग्न थाल्यो । मन मिल्ने साथीहरू

उसले शहरका गल्लीहरूमानै भेट्न सक्दथ्यो । गाउँका साथीहरू केवल उसलाई गिज्याईरहेको जस्तो मात्र लाग्दथ्यो । यस्तो माहोलमा ऊ आफ्नो घर र समाजलाई एउटा बन्द जेल सँग तुलना गरिरहेको थियो । हुन पनि उसको लागि घर र समाज जेल सरहनै थियो, न उसले समाजमा खुलेर हिंड्न सकेको थियो न त समाजले नै उसलाई असल मानिसको रूपमा स्विकार गरेको थियो । यस्तो अवस्थामा उसले गाउँ छोडेर फेरि शहर पस्नु बाहेक अरू कुनै विकल्प देखेन।

बुबा आमाले उसको मनको कुरा बुझ्न पनि कहाँ सक्थे र ! नरेश बनावटी कुरा गर्न खप्पिस थियो । उसले बाबु आमालाई अब घरमै बस्ने बरू केही उन्नत जातका बाख्रा पालन गर्नु पर्ला त्यसको लागि आवश्यक रकमको जोहो गर्नुपर्छ भनि आफू घरमै बस्ने कुराको विश्वास दिलाएको थियो । आमाले पनि त्यसको लागि आफुसँग बचेको केही सुनको गहना बेचेर सहयोग गर्ने सोच बनाएकी थिईन । करिब दुई महिनाको घर बसाई पछि उसले आमालाई सुन बेचेर अब बाख्रापालन गर्नु पर्‍यो भनि कुरा राख्यो। आमाले नरेशको बचन हार्न सकिनन् र तत्कालै आफूले विवाहमा माईतबाट पाएको सुन बिक्री गरी आउनको लागि नरेशको हातमा थमाई दिईन । यस पछि नरेशको खुसीको सिमा नाघि सकेको थियो, उसले सुन बेच्न बजार गए पछि घर नफर्किने निधो गरिसकेको थियो, ऊ त केवल शहर जाने खर्चको जोहो गर्ने तयारीमा मात्र थियो। ऊ आफ्नो केही लुगाफाटाहरू सहित झोला बोकेर सुन बेच्ने निहुँ गरी बजारतर्फ हिंड्यो । उसलाई न घरको माया थियो न त बाबु आमाकै । गाउँमा ऊ अड्नै सक्दैन थियो, उसलाई त शहरका गल्ली गल्ली र चोकहरूले मोहनी लगाई सकेका थिए। ऊ बजार गई आफू सँग भएको सुन बिक्री गरे पछि घर तर्फ फर्केर आउनुको साटो शहर जाने बस समातेर काठमाडौं तर्फ लाग्यो । हुँईकी रहेको बसको गतिसँगै ऊ आफूलाई स्वतन्त्र भएको अनुभूत गरिरहेको थियो । घरमा विना कुनै सूचना उसले शहर प्रवेश गरिसकेको थियो । यता घरमा आफ्नो छोरो फर्केर नआए पछि उसको बुबाआमा चिन्तित हुन थाले । प्रत्येक साँझ आफ्नो छोरा घरमा टुप्लुक्क आई पुग्लाकी भन्ने आशामा उनीहरूका दिन बित्न थाले ।

नरेशले शहरमा पुराना साथीहरूको साथ तुरून्त पाई हाल्यो। उसको समूहमा रहेका साथीहरू नरेशको अनुपस्थितिमा खल्लो महसुस गरिरहेका थिए । उक्त समूहमा उसको

आगमन सँगै अन्यहरूमा उर्जा थपियो । नरेश नै यस समूहको मुख्य सदस्य थियो । उनीहरू उच्च मनोबलका साथ फेरि पहिलाकै काम गर्न शुरू गरे । यसरी खराब काममा तल्लिन भई रहँदा उनीहरूलाई कैयौ पटक प्रहरीले पक्राउ गरी जेल पठाए, गल्ली गल्लीमा कति कुटाई खाए त्यसको कुनै हिसाब किताब नै छैन । उनीहरूको चोरी तथा लुटपाट गर्ने कलामा दिनानुदिन निखारपन आईरहेको थियो । उनीहरूको खारिएको अनुभवले उनीहरूलाई कुटाई खान र प्रहरीको पक्राउमा पर्नबाट जोगिन निकै मद्धत मिलेको थियो । नरेशले कहिल्यै पनि बाबुआमाको वचनहरूलाई याद गरेन। ऊ कुलत र शहरको मस्तिमा रमाई नै रह्यो ।

घरमा बुबाआमा उसको पीरले गर्दा दिनदिनै शिथिल हुँदै गईरहका थिए । एक दिन घर नजिकैको रूखमा चढेर स्याउला झार्ने क्रममा उसको बुबा रूखबाट खस्न गई टाउकोमा गम्भिर चोट लाग्यो । गाउँलेहरूले तत्कालै अस्पताल पुऱ्याए । डाक्टरहरूले उनलाई बचाउन अनेक प्रयत्न गरे तर सफल हुन सकेनन् । नरेशका आफन्तहरूले यो दुःखद खबर नरेशलाई जानकारी गराउन प्रयास गरे तर उसको पत्तो लाग्न नसके पछि अन्तिम संस्कारमा केवल छोरीहरूमात्र सहभागी भए। छोरीहरूले नै आफ्नो संस्कार अनुसारको दायित्व पुरा गरे । अब घरमा सम्पूर्ण जिम्मेवारी बुढी आमाको काँधमा आई पऱ्यो ।

मनमा दया माया भएका छिमेकीहरूले बुढी आमालाई केही सहयोग गर्दथे । कति जनाले त अलच्छिनी बुढी भनेर समेत कुरा काट्न थाले । उनलाई रातको निन्द्रा र दिनको भोक थिएन । आफूलाई माया गर्ने श्रीमानको मृत्यु सँगै उनको जीउने साहरा लगभग चुँडी सकेको थियो । विवाह भएर गई सकेका छोरीहरूले केही भरोसा दिएता पनि त्यो पूर्णता थिएन । दिन प्रतिदिन उनी बेसहरा हुँदै गएको अनुभूत गर्न थालिन् । शारिरीक तथा मानसिक कारण उनको स्वास्थ्य दिन प्रति दिन बिग्रिदै गईरहेको थियो । एक दिन बिहान झलमल्ल घाम लागिसकेको थियो । पहिला पहिला गाउँका अरू मानिसहरू निन्द्रामै हुँदा दैलो खोली लिपपोत गर्ने बुढी आमाको दैलो उघ्रेको थिएन । बिहान अबेर सम्म पनि ढोका नखोले पछि बिहानै उनको आँगनमा मानिसहरू जम्मा हुन थाले । ढोका ढकढक गरेर उनलाई बोलाउने प्रयत्न गरे । तर घर भित्रबाट कुनै जवाफ नआएपछि गाउँलेहरू ढोका फोरेर भित्रको अवस्था

बुझ्ने निक्यौंलमा पुगे । ढोकाको चुकुल फोरेर केही मानिसहरू भित्र प्रवेश गरे पछि बुढी आमा भूँइमा लडिरेहेको देखियो । उनलाई उठाउने प्रयास गरिएता पनि उनले यस धर्तिलाई छोडेर गई सकेकी कारण प्रयास विफल भयो । तत्कालै यो खबर उनको आफन्तहरू र छोरीहरूलाई गराए । शहरमा रहेको उनको छोरोलाई खोजी गरी खबर दिएता पनि आफ्नो आमाको मृत्युको खबरले उसलाई केही पर्वाह भएन । उसले झन आफूलाई स्वतन्त्र भएको महसुस गर्न थाल्यो । यस दुःखद घडीमा पनि ऊ आफूलाई जन्म दिएकी आमाको अन्तिम संस्कारमा सहभागी भएन।

गाउँलेहरूको सहयोगमा छोरीहरूले नै अन्तिम संस्कारको काम पुरा गरे । गाउँलेहरूले नरेशको बारेमा अनेक थरिका कुरा गर्न थाले । कतिले उसलाई सन्तानको नाममा कलंक भने त कतिले यस्ता सन्तान हुनु भन्दा त नहुनु नै जाति समेत भन्न भ्याए । समाजमा उसलाई खराब पात्रको रूपमा हेर्ने दृष्टिकोणमा झन बढोन्तरी भयो । विवाह भई सकेका चेलीहरू आ-आफ्नो घरमा लागे। त्यसपछि नरेशको घरको ढोका सदाको लागि बन्द भयो । घरको स्याहार नभएपछि छाना र सिकुवाहरू चुहिन थाले, घरका गारोहरू बिस्तारै वर्षाको पानीले भत्किन थाले । सधैँ सफा हुने आँगनमा सिस्नु, बनमारा र झारहरूले भरिन थाल्यो । घरले पटक पटकको झरी थाम्न नसके पछि ढलेर भग्नावशेष मात्र बाँकी रह्यो ।

यसको खबर गाउँलेहरू मार्फत पटक पटक पाउँदा पनि नरेशलाई कहिल्यै पनि आफ्नो गाउँ घरको याद आएन । ऊ शहरमा पुरानै साथीहरूसँग आपराधिक काममा संलग्न भईरहेको थियो, उसलाई भोलीको चिन्ता नै थिएन । चोरी, लुटपाट र झैझगडा गर्नु बाहेक उसले कुनै कुरालाई प्राथमिकता दिएन। उसलाई पटक पटक प्रहरीले पक्राउ गरी कारबाही गरेको भएता पनि ऊ कहिल्यै सुध्रेन । दिन सधैँ एकनाशको नहुँदो रहेछ । बिस्तारै उसको उमेर ढल्दै गईरहेको थियो, असन्तुलीत खानपान, मादक पदार्थको सेवन र गैरकानूनी दिन चर्याले उसको स्वास्थमा प्रतिकूल असर पार्दै गईरहेको थियो । उसलाई विभिन्न किसिमको रोगहरूले च्याप्न थाली सकेको थियो । केही औषधिमुलो गर्ने जमर्को गरेता पनि नियमित औषधिको सेवन गर्नुको साटो मादक पदार्थलाई निरन्तर रूपमा सेवन गर्ने आदत परिसकेकोले बीसको उन्नाईस पनि हुनसकेन । यस अवस्थामा कसैले पनि उसलाई सहयोग गरेन। दिन प्रति दिन

ऊ थलिदै गयो। ऊ ओच्छ्यानमा परेको पनि दुई महिना बित्न लागि सकेको थियो । अचानक एक दिन उसलाई आफू जन्मेको गाउँको निकै याद आउन थाल्यो, आमाबुबा, दिदीहरू, नातागोता छरछिमेकका आफन्तहरूको याद उसको मानस्पटलमा घुमिरहेको थियो । वर्षौं सम्म आफू गाउँ समाजबाट टाढिएको, बुबाआमाको अन्तिम संस्कारमा आफू सहभागी नभएको जस्ता कारणहरूले उसलाई आज पश्चाताप बोध भईरहेको थियो । सानो छँदा उ बिरामी परेको बखत बुबाआमाले मध्यरात सम्म पनि आँखा झिमिक्क नगरी चिन्तित भई हरसम्भव उपचारको प्रयत्नत गरेको, टोल छिमेकका मानिसहरूले उसको हालखबर बुझ्ने गरेको, बोकेर अस्पताल सम्म पुऱ्याएको, टोल छिमेकमा कसैलाई अप्ठेरो पर्दा सबै जना एकजुट भई सहयोग गरेको दृष्यहरूले उसलाई झस्काउन थाल्यो । आफ्नो सिरानी मुनि रहेको नोटबुकको पाना पल्टाउने क्रममा फोन नम्बर नोट गरी राखेको पानामा उसको आँखा ठूली दिदीको श्रीमान अर्थात भिनाजुको नाम र नम्बरमा गई अड्कियो । वर्षौ सम्म सम्पर्कमा नगरेको उसको भिनाजुलाई तुरून्तै फोन गरी आफ्नो हालतको बारेमा जानकारी गरायो । दिदी भिनाजुले यो खबर अन्य नातेदार तथा छरछिमेकीमा पनि पुऱ्याएर तत्कालै काठमाडौ तर्फ लागे । जब उसले दिदी भिनाजुलाई देख्यो त्यस समयमा नरेशको आँखा रसाईरहेका थिए । उसको शरीर गलिसकेको थियो । ऊ बस्ने कोठा असरल्ल थियो । लुगाफाटा र ओच्छ्यान दुर्गन्धित थियो । दिदी भिनाजुलाई देखे पछि उसले आफ्नो जिन्दगीमा गरेका सबै गल्तिको प्रायश्चित गरिरहेको भान हुन्थ्यो, उसलाई मन फुकाएर आफ्नो दिदी भिनाजुलाई मनको बह पोख्न मन लागेको थियो तर उसलाई दोहोरो संवाद गर्न स्वास्थ्यले साथ दिईरहेको थिएन । भाईको यस्तो हालत देखेर दिदी पनि भक्कानिन थालिन । उसलाई तुरून्तै अस्पताल पुऱ्याइयो । डाक्टरको सल्लाह बमोजिम स्वास्थ सम्बन्धी विभिन्न किसिमको परिक्षणहरू गराइयो । डाक्टरले उसलाई पेटमा क्यान्सर भइसकेकोले अन्तिम अवस्था भएको जानकारी दिए तर पनि सास छन्जेल आश भनेझैं जसरी पनि बचाउन आग्रह गरे । रात दिन दिदी भिनाजु उनको स्याहार सुसारमा खटिरहे। करिब एक महिनाको अस्पताल बसाईमा उसले आफ्नो जन्मभूमि, बुबाआमा नातागोता छरछिमेक सबैलाई सम्झ्यो, उसले जीवनमा गरेका गल्तिको प्रायश्चितको लागि दिदी भिनाजुलाई केही भन्न

खोजिरहेको थियो तर उसलाई संसारमा धेरै बेर टिक्न गाह्रो भईरहेको थियो । अन्तमा डाक्टरहरूको पनि केही सिप चलेन । दिदी भिनाजुले खर्चिएको ठूलो मात्राको रकम र उनीहरूको स्याहार सुसारको कुनै औचित्य रहेन, ऊ यस संसारबाट बिदा भईसकेको थियो । खराब संगतले अन्त्य भएको जिन्दगीको प्रत्यक्षदर्शी साक्षीको रूपमा रहेका दिदी भिनाजुलाई पहाडले थिचे जस्तो भई भक्कानो फुट्न थाल्यो । एउटा खराब संगतमा परेको जिन्दगीको दुःखद अन्त्य भएको दृश्य हृदयविदारक थियो ।

♦♦♦

कविता

## बा !



✍ **भुपि सरोवर**

बा हुन् देउता भुवनभरका स्वर्ग, पाताल सारा
बाबा मानौ रवि किरणभैं चन्द्र वाती सितारा
बा हुन् खम्बा अटल जगका एक संघर्ष यात्री
बाबा बुभ्दा गजब महिमा स्वर्ग पाताल माथि ।।

बाबा आस्था मनुज भगवान् बुद्ध सारा विहार
बाबा सुन्छन् थकित नरका दुःख पर्दा गुहार
बाबा आफैं असल गुरू हुन् वेद, गीता, कुरान
बाबा भावी, समय अघिका, हुन् उनै वर्तमान ।।

बा हुन् भर्ने कलल भरना काख डाँडा पखेरा
बा हुन् गङ्गा सलल वहने प्यास मेट्ने किनारा
बाबा हाम्रा सब चिज उनै घामपानी छहारी
बाबा नै हुन् मजबुत धुरी काँध राख्छन् उचाली ।।

बाबा पाल्छन् तर पनि स्वयं आँसु थोपा पिएर
बाबा बाँच्छन् हर समयका आँट साह्रो लिएर
बा हुन् सेवा सरल मनका भाव सद्भाव सारा
बा हुन् आशा घर पर सबै लाभ उद्भाव सारा ।।

# प्रहरीमा बढ्दो कोरोना संक्रमण र यसको प्रभाव



✍ प्र.नि.जनार्दन घिमिरे

सन् २०१९ को अन्त्यमा देखा परेको रोग कोभिड १९ अर्थात कोरोना भाईरस संक्रमणको महामारीले अहिले विश्वभर ठुलो असर पारिरहेको छ । यसको प्रभाव हाल सम्म विश्वका प्राय सबै जसो मुलुक आक्रान्त भईरहेको परिप्रेक्षमा नेपाल पनि अछुतो रहन सकेको छैन । अझ यसमा पनि नेपालमा देखिएको कोरोना संक्रमणबाट आमनागरिकका साथै यसको नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी एवं सुरक्षाकर्मीमा समेत दिनानु दिन कोरोना संक्रमणको दर बढ्दो क्रममा रहेको छ ।

कोभिड १९ संक्रमणको प्रभावलाई हेर्ने हो भने २०७७ भाद्रको अन्त्य सम्ममा विश्वका २ सय १५ देशका करिब ३ करोड मानिसमा यसको संक्रमण पुष्टि भईसकेको छ भने ९ लाखभन्दा बढिको ज्यान गईसकेको छ । नेपालमा गत चैत्रको दोस्रो साताबाट देखा परेको कोभिड १९ को संक्रमणको दर असोज १८ गते सम्ममा ८४ हजार ५ सय ७० संक्रमण देखा पर्दा मृत्यु हुनेको संख्या ५ सय २८ भइसकेको छ । पछिल्लो समयमा दैनिक १ हजार भन्दा बढीको संख्यामा संक्रमित थपिदै जानुले आगामी दिनमा यसले अझ बढी भयावह रूप लिन सक्छ भनेर सहजै अनुमान लगाउन सकिन्छ ।

यसरी दिनानुदिन बढ्दै गएको कोरोना भाईरसको संक्रमणबाट नेपालमा पछिल्लो समयमा देशको प्राय सबै क्षेत्र र वर्गमा यसको संक्रमण देखिइसकेको छ । अर्थात सबै उमेर समूह र पेशा व्यावसायमा लागेकामा यसको संक्रमण देखिन थालेको छ । यसरी संक्रमण देखिने क्रममा यसको रोकथाम र उपचारमा खटिने स्वास्थ्यकर्मीको साथै समाजमा शान्ति सुरक्षा प्रदान गर्नुको साथै रोग नियन्त्रणको लागि राज्यले अवलम्बन गरेको नीति कार्यान्वयनमा खटिने सुरक्षाकर्मीमा समेत यसको संक्रमण

देखिन थालेको छ । यसमा झन शान्ति सुरक्षा कायम गर्नुको साथै कानून कार्यान्वयनको अग्र भागमा खटिने नेपाल प्रहरीमा समेत पछिल्लो समयमा संक्रमण दर बढ्दो छ । यो आलेख तयार पार्दा सम्म नेपाल प्रहरीका २५ सय भन्दा बढी सदस्यलाई कोरोना संक्रमण पुष्टि भईसकेको छ । जसमा प्रहरीका उच्च तह देखि तल्लो तहका प्रहरी कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको हो । समाजमा शान्ति सुरक्षा कायम गर्न एवं कोरोना नियन्त्रणमा राज्यले गरेको नीतिको अवलम्बन गर्न अग्रभागमा खटिने क्रममा प्रहरी कर्मचारीलाई कोरोना संक्रमण देखिएको हो । खास गरेर कर्तव्य पालनाको सिलसिलामा प्रत्यक्ष फिल्डमा खटिने प्रहरी कर्मचारीमा पछिल्लो समयमा कोरोनाको संक्रमणको दर बढ्दो छ ।

प्रहरीमा कोरोना संक्रमण देखिनुको प्रमुख कारणमा कोरोना नियन्त्रणको अवलम्बन गरिएको लकडाउनको कार्यान्वयनको लागि प्रत्यक्ष रूपमा फिल्डमा खटिएर कर्तव्य निर्वाह गर्नुको साथै समाजमा हुने विविध अपराध रोकथाम एवम् नियन्त्रण गर्दा आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिने क्रममा संक्रमित व्यक्तिसँगको प्रत्यक्ष सम्पर्कको कारण संक्रमण देखिएको छ । यसै गरी प्रहरी कार्यालयमा आउने सेवाग्राहिसँगको प्रत्यक्ष सम्पर्क तथा भेटघाट, विपद् उद्धारका क्रममासाथै समय समयमा हुने प्रदर्शन एवं भिड हुल तथा दंगा नियन्त्रणमा खटिँदाको क्रममा समेत पनि प्रहरीमा संक्रमण भएको देखिन्छ । अझ भन्नुपर्दा प्रहरीले आफ्नो कर्तव्य निर्वाहको क्रममा कुनै एक प्रहरीमा संक्रमण देखिँदा एउटै मेश (भान्सा) एउटै ब्यारेक र सँगसँगै डिउटीमा रहने अन्य प्रहरी कर्मचारीमा समेत संक्रमण सर्न सक्ने भएकोले थप प्रहरी संक्रमण भएको देखिएको छ ।

आमनागरिकसँग प्रत्यक्ष रूपमा सम्पर्कमा रहेर कार्य सम्पादन गर्दाको अवस्थामा गर्नु पर्ने बाध्यकारी परिस्थितिको कारण कोरोना संक्रमणले एकातिर प्रहरी आफैं सचेत हुँदाहुँदै पनि कोरोना संक्रमणबाट बच्न कठिन भईरहेकोले एकातिर संक्रमित प्रहरी र उसको प्रत्यक्ष सम्पर्कमा रहेका प्रहरी कर्मचारी होम क्वारेन्टाईनमा समेत रहनु पर्ने भएकोले एकातर्फ प्रहरी कर्मचारीको जनशक्ति क्रमशः घट्दै जाँदा समग्र शान्ति

सुरक्षामा समेत प्रभाव पार्न सक्दछ भने अर्को तर्फ प्रहरीले फिल्डमा ढुक्क भएर आफ्नो कर्तव्य निर्वाह गर्न समेत हिचकिचाउने अवस्थाको सिर्जना नहोला भन्न सकिन्न । अझ संक्रमण दर बढ्दै जाँदा विभिन्न विशिष्ट व्यक्तिको सुरक्षार्थ खटिने प्रहरी कर्मचारीबाटै विशिष्ट व्यक्तिले समेत असुरक्षित महसुस गर्ने अवस्था नआउला भन्न सकिन्न । पछिल्लो समयमा देशव्यापी रूपमा संक्रमणको दर बढ्दै जानुले आमनागरिकमा संक्रमण नियन्त्रण नभए सम्म प्रहरीमा समेत संक्रमण दर घट्न सक्ने देखिँदैन । किनभने प्रहरीले जतिसुकै सुरक्षात्मक उपाय अपनाए तापनि आफ्नो कार्य सम्पादनको क्रममा नागरिकसँगको प्रत्यक्ष सम्पर्कबाट टाढा हुन सक्ने अवस्था रहँदैन । अझ चुनौतिपूर्ण अवस्था त यो रहन्छ की विभिन्न आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिने क्रममा उक्त व्यक्तिलाई संक्रमण छ छैन भनेर तुरून्त यकिन गर्न सकिने अवस्था रहँदैन । फेरी कोरोना संक्रमणको अवस्था यस्तो छ कि संक्रमित व्यक्तिमा संक्रमण पुष्टि हुँदा सम्म उसले एकै पटक सम्पर्कमा आएका थुप्रै व्यक्तिलाई संक्रमण सारी सकेको हुन्छ । अझ भन्नु पर्दा कोरोना संक्रमित अधिकांश व्यक्तिमा कुनै पनि लक्षण नदेखिएकोले यस्तो अवस्थामाको संक्रमित हो होईन भनेर छुट्याउन समेत कठिन हुन्छ ।

प्रहरीमा पछिल्लो समयमा देखिएको संक्रमणको अवस्था हेर्ने हो भने संक्रमितमा स्वास्थ्य असर न्युन देखिनुले कार्य सम्पादनमा प्रहरीको मनोवल उच्च रहन सक्ने अवस्था छ । तर पनि संक्रमित प्रहरी कर्मचारीलाई प्रत्यक्ष फिल्डमा खटाउन सक्ने अवस्था नभएको र अधिकांश प्रहरी कर्मचारीले एउटै मेश एउटै ब्यारेक एउटै सवारी साधनमा डिउटीमा खटिनु पर्ने एवं विपद् उद्धारमा होस् या भीड नियन्त्रणको क्रममासमेत धेरै प्रहरी कर्मचारी सँगसँगै खटिनु पर्ने परिस्थितिले गर्दा कसरी स्वयं एक प्रहरी र अर्को प्रहरी बीच सुरक्षित दुरी कायम गरेर डिउटी परिचालन गर्ने ब्यारेक र मेश व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा हरेक प्रहरी कार्यालयले समुचित कार्ययोजना बनाएर प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ भनेर सोच्नुपर्ने आवश्यकता देखिन्छ ताकि बाध्यकारी परिस्थितिबाहेक सामान्य परिस्थितिमा एक प्रहरीबाट अर्को प्रहरीमा संक्रमण सर्न नसकोस् ।

◆◆◆

# बुढ्यौली साहित्य



✍ बद्रीप्रसाद ढकाल

अङ्ग्रेजी शब्द एजिङ को नेपाली रूपान्तरण बुढ्यौली हो । बुढो नामपदमा यौली प्रत्ययबाट बुढ्यौली शब्द निर्माण भएको हो । संस्कृतमा वृद्ध शब्दले बुढोको अर्थ प्रदान गर्दछ । बुढ्यौली शब्दको मूल अर्थ साठी वर्ष उमेर माथिको बुझाउँछ । बुढ्यौली शब्द संस्कृत शब्द नभए पनि यससँग मिल्दा जुल्दा शब्दका रूपमा वृद्ध वा वयस्कलाई मानिन्छ ।

मानव सभ्यताका विभिन्न चरणमा, मानव विकासका विभिन्न युग, परिवेश तथा सृष्टिसँग सम्बन्धित आरोह-अवरोहको इतिहास हो । त्यसैले मानव सृष्टिसँगै जोडिएको समष्टि इतिहास, कला संस्कृति धर्मको मूल नै आप्त वचन हो आप्तवचन भनेकै बुढा, वृद्ध, अग्रज ऋषि मनिषिहरूका विचार कला सिर्जना हुन् । अङ्ग्रेजी एजिङ शब्दको समानान्तर रूपमा नेपाली भाषामा रूपान्तरित जेष्ठ नागरिक वृद्ध वा बुढ्यौली जस्ता शब्दको प्रयोग गरिएको छ । वास्तवमा बुढ्यौली शब्दले प्राचीन मानव सभ्यताको इतिहास बोकेको छ । मानव सभ्यता, संस्कार, संस्कृतिलाई आत्मसात् गर्दै प्राचीन समयमा घटेका घटनाहरूलाई अनुभव र व्यवहारका माध्यमबाट प्रस्ट्याउने, चिनाउने कार्य गरेको छ । मानव मनका प्राकृतिक तत्व र घटनाहरूलाई परिवेशीकरणद्वारा मानव सभ्यतासँग जोडेर प्रस्ट्याउने कार्य बुढ्यौलीले गर्दछ । बुढ्यौली साहित्य प्राचीन इतिहासको प्रामाणिक वर्णन हो, जसले घटना र स्थितिको दर्पणको आभाष दिलाउँछ । यसरी विभिन्न विद्वानका परिभाषालाई केलाउँदा बुढ्यौली भन्नाले आदिम मानवका सामूहिक अनुभूति हो जसका माध्यमबाट मानव सृष्टि र सभ्यताको जड्सम्म पुग्न सकिन्छ ।

सामान्यतयाः साठी वर्षमाथिको अवस्था नै बुढ्यौली अवस्था हो । नेपालको प्रचलित कानून, धर्म वा रितिरिवाजमा पनि तीन बीस उमेर कटेका मानिसलाई वृद्ध भन्ने गरिएको

छ । जब पुग्यो साठी उसको साथी लाठी भन्ने उखानको चरितार्थ पनि साठी वर्षभन्दा माथि उमेर समूहका मानिसलाई जेष्ठ नागरिक वा बूढ्यौलीको अवस्था मानिन्छ । नेपाली समाजको अवस्था र विश्व स्वास्थ्य संगठनको मापदण्डमा समेत ६० वर्ष र सो भन्दामाथिका नागरिकलाई जेष्ठ नागरिकका रूपमा मानेकोले त्यस उमेर समूहका मानिसलाई बुढ्यौली लागेको अवस्था मान्नु पर्दछ । निजामती वा जङ्गी सेवामा समेत निवृत्ति वा अवकाश प्राप्त मानिने यो अवस्था नै बुढ्यौली अवस्था हो । नेपालमा जेष्ठ नागरिक वा बुढ्यौली समूहका मानिसको गणना गर्ने हो भने नेपालको जनगणना २०६८ अनुसार कूल जनसंख्याको ९ प्रतिशत देखिन्छ । नेपालमा बुढ्यौली उमेर समूहका लगभग ३० लाखको हाराहारीमा जेष्ठ नागरिक छन् भने विश्वमा ८० करोढको हाराहारीमा रहेको तथ्याङ्क छ । विस्तारै शरीरको सक्रियता कम हुँदै शिथिल अवस्थामा निश्चित घेराबन्दीमा जीवन व्यतित गर्न बाध्य बुढ्यौली समयलाई आफ्ना अनुभव र अनुभूतिको सिर्जनामा लगाउन सके आगामी पुस्ताका लागि निकै महत्वपूर्ण हुने कुरामा दुईमत देखिन्न ।

बुढ्यौली अवस्थाको यसको वर्गीकरणको लागि सक्रिय जीवन र उमेरको आधार लिन सकिन्छ । समाजको विकाससँगै विकसित एवम् परिवर्तित हुँदै गएका देखिन्छन् । आदिम मानवको सत्यतथ्यको खोजी गर्ने प्रवृत्ति र त्यसलाई व्यक्त गर्ने माध्यम। भिन्नभिन्न जाति, समूह, भाषा र भूगोलका मानिसलाई हुने त्रास, आशा र आवश्यकताको मूलस्रोत एउटै-एउटै भएकाले पनि बुढ्यौलीको कथ्यमा केही समान गुणहरू विद्यमान रहेका देखिन्छन् ।

**बुढ्यौली साहित्य**

बुढ्यौलीपनलाई आधार बनाएर सिर्जना गरिएका साहित्य नै बुढ्यौली साहित्य हो । बुढ्यौली उमेर र त्यसले पारेको प्रभाव अनुभव, अनुभूतिलाई साहित्यका विभिन्न विधागत रूपमा लेखिने साहित्य नै बुढ्यौली साहित्य हो । मानव सृष्टि र सभ्यता देखिकै प्राचीनतालाई आत्मसात् गरेकोले बुढ्यौलीलाई विषय र क्षेत्रअनुसार, आ-आफ्नै ढङ्गले परिभाषित गर्न र अर्थ खोज्न सकिन्छ । आदिम चेतन/अचेतन मनको सिर्जनालाई मानिएकाले क्रमशः मानव सभ्यताको विकाससँगै क्रमशः विकसित हुँदै युगीन परिवेश र युगीन सान्दर्भिकतालाई समेटेर अगाडि बढेको छ । सामाजिक सभ्यता, संस्कार र संस्कृतिको परिवर्तनसँगै यसको विकास र सन्दर्भअनुसार व्यापक क्षेत्र ओगट्दै

धर्म, मानवशास्त्र, मनोविज्ञान, संस्कृति, समाज, भाषा, साहित्य, दर्शन तथा इतिहाससँग यसको विषयलाई प्रस्तुत गर्न सकिन्छ ।

बुढ्यौलीको साहित्यको प्रयोग मानव र प्रकृतिको सृष्टिसँगै जोडिएर आएको छ । सामान्यतया मानिसको सृष्टि, त्यसको गतिशीलता, जन्म, मृत्यु, पुनर्जन्म, प्राकृतिकपन, दैवीशक्ति चमत्कार, विश्वास, आस्था, धारणा पाइन्छ । बुढ्यौलीको सार्वभौम यथार्थ हो । यो आदिम सभ्यताका सामूहिक अनुभूतिहरूको समग्र पक्ष हो, जसमा मानव र प्रकृतिका घटना रहेका हुन्छन् । मानव सभ्यताका विकाससँगै धर्मको प्रादुर्भाव भएको मानिन्छ । असल कार्य अद्भूत शक्ति र सामूहिक कार्यद्वारा धर्मको निर्माण भएपछि बुढ्यौली र धर्म एक अर्कामा सम्बन्धित भएर आएका छन् । देवता र दानवको कल्पना र कार्यसँगै वृद्धावस्था र धर्म एकअर्कासँग सम्बन्धित भएका छन् । धर्मप्रतिको आस्था र भक्ति संसारका सबै धर्मग्रन्थमा पाइन्छ । जुनसुकै धर्मले पनि सृष्टिको, संसारको उत्पत्ति र विकासका बारेमा आ-आफ्नो कथाको वर्णन गरेको छ । जन्म, यौवन, वृद्धावस्था र मृत्यु सबै धर्मग्रन्थमा पाइनाले धर्म र बुढ्यौलीको सम्बन्ध रहेको स्पष्ट हुन्छ । पुराणमा धार्मिक आचरण तथा अनुष्ठानको चर्चा हुन्छ । परम्परा र प्रथाका बारेमा विवरण दिनु नै धार्मिक ग्रन्थको प्रयोगको उद्धेश्य हो । त्यसैले बुढ्यौली कथा पूराकथाको चर्चा परिचर्चासँगै धर्मसँग समन्वय गरेर वृद्धावस्थाको खोज गरिन्छ । सबै धर्मका धार्मिक कथाहरू वृद्धका नालीबेली हुन् । धर्म र बुढ्यौली पन एकै सिक्काका दुई पाटा हुन् । वृद्धावस्थामा ईश्वरभक्ति धार्मिक अनुष्ठान यज्ञ, व्रत, दान, उपासना, आरधना आदि कार्यबाट समय व्यतित हुन्छ । धार्मिक कथाले बुढ्यौलीको वर्णन गर्दछ । अझ व्यापक अर्थमा भन्ने हो भने धर्ममा देवताको अलौकिक शक्ति र चामत्कारिक गुणद्वारा वर्णित कथाले अनुशासन, नैतिकता मर्यादाको धर्मसँग सम्बन्ध हुन्छ भन्ने प्रष्ट हुन्छ ।

विश्वको बुढ्यौली साहित्य परम्परालाई अध्ययन गर्दा बुढ्यौली र धर्म सँगसँगै आएको पाइन्छ । प्राचीन समयदेखि नै बुढ्यौलीमा धार्मिक भावना मिश्रित भएर आएको हो । बुढ्यौली साहित्यलाई आदिम विज्ञान, आदिम चिन्तन र धर्मका रूपमा लिन सकिन्छ । हिन्दूधर्मलाई वेद, आख्यान र पुराणबाट अलग गर्न सकिदैन । बौद्ध धर्मले जातक कथाका माध्यमबाट बुढ्यौली साहित्य परम्परालाई अगाडि बढाएको छ । बुढ्यौली साहित्यमा घटना एवम् ईश्वर र धर्मका मान्यता

र विश्वासलाई अभिव्यक्त गरिएको हुन्छ । धर्मले आफ्नो अस्तित्वको चर्चामा बुढ्यौली साहित्य घटनालाई प्रस्तुत गर्दै धर्म हुनुको सार व्यक्त गर्दछ । धर्मले मानवद्वारा नै आफ्नो सृष्टि, उत्पत्ति र विकासलाई अवलम्बन गर्दछ । संसारका सबै धर्ममा मानव भक्ति घटना र परिवेशको वर्णन गरिएकाले धर्म र मानव एक अर्कासँग सम्बन्धित रहेर अगाडि बढेका छन् भन्न सकिन्छ । बुढ्यौली साहित्य र धर्म एउटै होइनन् एक अर्काका परिपूरक मात्र हुन् । मानवीय मूल्य र संस्कृति निर्माणमा वृद्धावस्थाको भूमिका रहेको छ यसले मानव सभ्यताको निर्माणमा धर्मसंग जोडिएर आफ्नो स्थान सुरक्षित पारेको छ । बुढ्यौली साहित्य संस्कार र संस्कृतिको समग्रतामा रहन्छ । त्यसैले बुढ्यौली साहित्य र धर्म फरक विधा हुन् तर एक अर्कासँग सम्बन्धित परिपूरक छन् । बुढ्यौली संस्कृतिको विकाससँगै विकसित हुँदै अएकोले प्राचीन समयदेखि वर्तमान सम्म आइपुग्दा यसले मानव समुदायको वैचारिक आस्था, विचार र विश्वासलाई बोकेर अगाडि बढेको छ । बुढ्यौली साहित्यमा समेटिएका विषयमा मानव चेतनाको अनुभूति र विस्तारित रूप पाइन्छ जसको अनुसरणबाट मानव सभ्यताको विकास भएको छ । समस्त मानव चेतनालाई प्रभावित गर्न सक्ने प्राचीन कथालाई प्रतीक विम्ब र रूपकद्धारा सत्य, अनुभव र विश्वास डोरिएको छ ।

बुढ्यौली साहित्य काल्पनिक होइन । यो यथार्थ सत्यको गहिराई पत्ता लगाउने आधार भएकोले बुढ्यौली र दर्शनको सम्बन्ध रहेको छ । पौरत्स्य दर्शनमा वर्णित सृष्टि, स्थिति, प्रलय जन्म, पुनर्जन्म, ईश्वरसम्बन्धी धारणा पाइन्छ भने पाश्चात्य दर्शनमा प्रमिथस, डायना, सोफोक्लिजजस्ता घटनाका पात्रको वर्णन पाइन्छ । जसद्धारा चामत्कारिक कार्य गराइन्छ र त्यसलाई सामाजिक अनुकरणको आस्थाको बिन्दु मानिएको छ । कुनै पनि समाज वा प्रवृत्तिमा रहेर पनि विचारको बाहक बन्नु बुढ्यौली साहित्यको विशेषता हो । प्राचीन सभ्यता र मानव विकासमा दैवीकार्य, प्रकृति जगतको वर्णनको चिन्तन दर्शनमा र बुढ्यौली साहित्यमा दुवैमा पाइन्छ । आदिम बुढ्यौली साहित्यमा वर्णन भएजस्तै रूप, रस, गन्धजस्ता विचारहरूको मन्थन पाइन्छ । समाज, सृष्टि र प्रकृति सम्बन्धमा आदिम मानवका घटना प्राचीन आदिम सभ्यतामा मानवको सृष्टि, ज्ञानको विकाससँग प्रकृतिको उत्पत्ति, लय प्रलय, मानवको जन्म, वृद्धावस्था, मृत्यु, पुनर्जन्मसम्बन्धी धारणा बुढ्यौली र दर्शनका साझा विचार हुन् । कतिपय

बुढ्यौली साहित्यका कथाहरू विश्वव्यापी हुन्छन् । चाहे पूर्वीय सभ्यता, संस्कार, धर्म, रीतिरिवाजका हिन्दू, वा बौद्ध धर्म होस् या युनानी, क्रिश्चियन, यहुदी संसारको सबै मानिसहरूसँग दैवीशक्ति सम्बन्धी धारणाका साथै तपस्वी र वृद्ध योगी मुनीहरूको कथाहरू छन् । बुढ्यौली साहित्यमा धार्मिक तत्व वा विचारको वर्णनमात्र नभएर प्राचीन वैज्ञानिक दर्शनको वर्णन र व्याख्या छ । यसरी बुढ्यौली अवस्थालाई घटना, प्राकृतिक तत्व आदिका माध्यमबाट दार्शनिक, चिन्तनद्वारा पुष्टि गर्ने गरेको पाइन्छ । तर्कशक्ति र चिन्तन पद्धतिद्वारा वस्तु र विचारको वर्णन बुढ्यौली साहित्यमा पाइने हुनाले बुढ्यौली साहित्य र दर्शनको सम्बन्ध स्पष्ट हुन्छ । बुढ्यौली साहित्यको उत्पत्ति नै दार्शनिक विचारद्वारा भएको हो भन्ने धारणा पुर्वीय र पाश्चात्य विद्वान्हरूको रहेकाले आदिम मानवको अनुभूति कल्पना आस्था र जीवनसँग बुढ्यौली साहित्य दर्शनसँग सम्बन्धित छ ।

♦♦♦

**कविता**

## यस्तै लाग्यो



✍ **प्र.ना.नि.घनश्याम नेपाल**

विश्वासको दियो बाली देशै भरि डुलीकन
बस्ती बस्ती पुगेका छन् बर्दिधारी घुमिकन ।
आमाबुबा ठूला दाजु भाउजु र दिदी भनी
बहिनी र फुपाजू त आफ्नै आफ्ना परे त नि ।

अति माया ठूलो राखी बाँडेको छ समाजले
प्रहरीको भरोसाले हिँडेका छन् लवाजले ।
हाम्रो शान भनौं आज कम्ति छैन कुनै कुरा
छिनाझपटिका बात कतै भए सुराबुरा ।

छोडौं हामी सबै बाँण सल्लाहाले तिखो तिखो
भलाकुसरिले हुन्छ समाजमा निको निको ।
के नै छ र लिई जानू अशान्तिको शिला भई
हुनुपर्छ नमूना झैं नहल्लिने किलो भई ।

माया प्रेम उही भाव एकै लोली गयो भने
बझ्नु पर्छ मिलाएर बुद्ध जस्तै भयो भने ।
कानूनको किरो बन्नु कामना छ सधैं भरि
कुनै कुरा नबुझेमा म आउँला घरी घरी ।

मेरो कान तिम्रो हात कानूनको अक्षरमा
नपरोस भनें मैले काली नाग तक्षगमा ।
बिन्ति गर्छु तिमीलाई सिकाई देउ बाँणिमा
धर्ति जस्तो भए देखि बसिदिन्छु म झाडीमा ।

शान्ति भन्दा ठूलो अर्को के नै छ र हजूर हो
चोखो माया तिम्रो हाम्रो सुनको यो गजूर हो ।

# प्रहरी अनुशासनमा नयाँ व्याख्याको खाँचो



✍ **विद्याप्रसाद घिमिरे**

विगत र अहिलेमा ठूलो अन्तर छ । आध्यात्मिक प्रगतिलाई छोडेर भौतिक संसारको कुरा गर्ने हो भने आजको मानिसले चामत्कारिक प्रगति गरेको छ । यातायात र सञ्चारमा त क्रान्ति नै आएको छ । सञ्चारको विकासले आज एउटै कुर्चीबाट संसार हाँक्न मिल्ने स्थिति बनेको छ । सिङ्गो संसार एउटै गाउँमा सीमित भएको छ । यातायातको क्षेत्रमा अद्भूत विकास भएको छ । आवाजभन्दा द्रूतगतिमा उड्न सक्ने विमान बनाएको मान्छेको पाइला आज चन्द्र विजय गरी मङ्गलतर्फ लम्किँदैछ । सारा ब्रह्माण्डलाई औंलामा नचाउने क्षमता राख्ने मान्छेको प्रवृत्तिलाई हेर्दा अझै पनि ढुङ्गे युगभन्दा माथि उठ्न नसकेको प्रतीत हुन्छ । हजारौं वर्षअघि मानिसको सोच जहाँ थियो, आज पनि त्यहीं छ ।

मानिसको यही प्रजाति ढुङ्गे युगमा थियो र अहिले पनि छ । आ-आफ्नो स्वार्थ बोकेर समूह-समूहबीच झगडा गर्दै आएको मानिस आजका दिनसम्म झगडाको निचताबाट माथि उठ्न सकेको छैन । हिजोको स्वार्थ सानो थियो, त्यही क्षुद्र स्वार्थलाई लिएर झगडा गर्थ्यो । आज झगडालाई विस्तार गरेर मानिसले विश्वयुद्धसम्म फैलाएको छ । यस धर्तीमा युद्धबाट सर्वाधिक विनास व्यहोर्ने प्राणी कोही छ भने त्यो मान्छे नै हो । उसले अन्य प्राणीलाई समेत अनाहकमा कष्ट भोग्न बाध्य बनाएको छ ।

मानिसले हरेक दिन परिवर्तन देख्छ र त्यसलाई पचाउँदै जीवन अघि बढाउँछ । यही अनुभवले उसको सोच व्यापक बन्छ र मानिस सभ्य बन्छ । आज मानिसको जीवनशैली, व्यवहार र शिष्टाचारमा सुधार आएको छ । केही दशकअघिको मान्छेले प्रत्यक्ष भोगेको अनुभवलाई आजको मान्छेले किम्बदन्ती ठान्छ । यति छोटो अवधिमा यस किसिमको विशाल क्रान्ति कसरी सम्भव भयो ? परिवर्तनको यो तीब्र गतिलाई हेर्दा आजभन्दा

चार/छ दशकअघिका पाका मानिसले आफ्नो युगलाई 'स्वर्णयुग' भनिरहँदा नपत्याउनु पो कसरी ? पुराना मानिसको निष्कपट व्यवहार, स्वार्थरहित सहयोगी भावना, सत्य र निष्ठाको जीवनशैली आदिलाई हेर्दा पुरानो युग वास्तवमै 'स्वर्णयुग' थियो भन्नेमा शङ्का रहँदैन ।

शताब्दीअघिको संसारमा पुग्नु आवश्यक छैन, बितेको तीन वा चार दशकपछि फर्किएर हेरे मात्र पुग्छ । ती दिनका मानिसमा सत्यता थियो । सयमा दश बेइमान थिए होलान्, नब्बेमा इमान थियो । दश जना बेइमानले कसैलाई दुःख दिन चाहेमा नब्बेले तिनलाई ठाउँमा ल्याउँथे । अहिले ठीक उल्टो छ । सयमा दश राम्रा भेटिएलान्, नब्बेमा बेइमानी छ । भएका दशलाई पनि बेइमानले आफ्नै परिधितिर तान्ने खतरा उत्तिकै छ । प्रविधिले मानिसको दैनिकी सहज बनेको छ, विगतको तुलनामा आजको मान्छेले व्यापक सुविधा भोग गरेको छ । अर्कोतिर प्रविधिको नकारात्मक पाटो पनि छ । प्रविधिले आवश्यकतालाई बढाउँदा पन्छाएरै नसकिने आवश्यकताको पहाडमुनि आजको मान्छे दबिएको छ ।

हिजोसम्म काममा गनिने क्रियाकलाप आज कामको परिभाषामा पर्दैन । खरले छानो छाउने, माटो र ढुङ्गाको गारो लाउने, काठको झ्याल–ढोका बनाउने, खेतबारी खनजोत गर्ने जस्ता पेसालाई आज प्रविधिले खाइदियो, तर पनि मान्छे भोको छैन । पुरानो पेसालाई विस्थापित गरेर प्रविधिले नयाँ पेसा दिएको छ । आज बाँच्न गाह्रो छैन । प्रविधिले आर्थिक उपार्जनका प्रशस्त ढोका खोलिदिएको छ ।

कोही सोझो कामबाट बाँचेका छन्, कोही चोर कामबाट । आज विलासी जीवन प्रतिष्ठा बनेको छ । चोर बाटो हिँड्नेको जीवन फटयाइँबाट विलासी बनेको छ । यो वर्गले भ्रष्टाचार, व्यभिचारजस्ता गलत बाटो अँगालेर जीवनलाई विलासमय बनाएको छ । 'अरूले घोडा चढेको देखेर धुरी चढ्न' चाहने सोझा मानिस गाँस काटेर हुन्छ कि शरीर बेचेर हुन्छ विलासी संसारमा होमिँदैछन् । केही समयअघि दुर्गम बस्तीका युवाहरूले आफ्नो मृगौलासँग मोबाइल फोन साटेको समाचार आएको थियो, जुन फटयाइँ गर्न नसक्ने समूहले विलासी जीवन रोजेको उदाहरण हो । अहिलेको संसार बेइमानको हातमा छ, राजनीति, व्यापार, उद्योगधन्दाको नब्बे प्रतिशत हिस्सामा बेइमानी छ । पृथ्वीको नब्बे प्रतिशत भूभागमा बेइमानले कब्जा जमाएका छन् । केही दशक अघिसम्म वचनको भरमा चल्ने मान्छे आज कागजबाट निर्देशित छ । फटाहाले

सक्कलीजस्तै देखिने कागज खडा गरी साधुलाई 'शूली' चढ्न बाध्य गराउँदैछन् भने बेइमानलाई त्यही कागजको टुक्रो 'चौतारो' बनेको छ । पुराना मानिसको जीवन र अहिलेको जीवनबीच तुलनासम्म हुन नसक्ने स्थिति छ । हिजोको जीवन बिहानदेखि रातीसम्म जसरी चल्थ्यो, त्यसको एक अंश पनि आज भेटिँदैन । कसैलाई खबर दिनुपर्दा मानिस खोजेर खबर पठाउने, भरपर्दो मानिस नभेटिए आफै हिँडेर जानुपर्ने स्थिति आज छैन । मोबाइल र इन्टरनेटको सुविधाले त्यो कष्टलाई छुमन्तर गरिदिएको छ । तर मानिसलाई साक्षत् भेट्दा मिल्ने आनन्द, शिष्टाचार, आत्मीयताजस्ता धेरै पाटोमा अहिलेको पुस्ता नराम्ररी चुकेको छ । हिजोका बालबालिकाले सङ्गीसाथी भएर खेल्ने कतिपय खेलको नामसम्म आज सुनिँदैन । अहिलेको पुस्ता कम्प्युटर र मोबाइलमा रमाएको छ । उसको मनमा संसार भनेको नै यही हो भन्ने धारणा बनेको छ । हिजोको संसार यस्तो थियो भनी तिनलाई बुझाउने समय अभिभावकसँग छैन । प्रविधिसँग नजिकिँदै जाँदा आजको मान्छे नजानिँदो गरी मान्छेबाटै टाढिएर मेसिनमा परिणत भएको आफैले भेउ पाउन सकेको छैन ।

जीवनको उर्जाशील दिनहरू मैले प्रहरी सेवामा बिताएँ । एक सेवानिवृत्त प्रहरी कर्मचारीको नाताले प्रहरी सङ्गठन भित्रका र समाजका केही अनुभव राख्दैछु । कर्मचारी भर्ना प्रक्रियासम्बन्धित ती दिनमा मैले सँगालेका अनुभव आज मेरै छोरा पुस्तालाई एकादेशको कथाझैं लाग्छ, विश्वासको सङ्कट आउन सक्छ ।

कुरो २०४६ सालतिरको हो । प्रहरी जवान छनोट हुँदै थियो । एक सहयोगी दिएर मलाई छनोट स्थलमा खटाइएको थियो । छनोट भएकाहरूको वैयक्तिक विवरण तयार गर्नु मेरो जिम्मेवारी थियो । चउरको एक कुनामा टेबुलमाथि फाइलको चाङ् राखेर म बसेको थिएँ । ती दिनमा हुने छनोट प्रक्रियाको बारेमा केही बताइहालूँ । केही भनिएन भने यसपछिको बेलिबिस्तार नबुझिने हुनसक्छ । तीस वर्षपहिलेको छनोटलाई आजको आधुनिक छनोट प्रक्रियासँग दाँज्न मिल्दैन । अहिले प्रहरीको भर्ना छनोटमा क्रान्ति आएको छ । हाल चल्तीमा रहेको प्रक्रिया ती दिनमा अव्यावहारिक मानिन सक्थ्यो भने त्यसबेलाको विधिलाई अहिले लागू गर्दा निरपवाद रूपमा अवैज्ञानिक हुनेछ । किनभने समयले आफू अनुकूल बनाएर सबै व्यवस्था चलाइरहेको हुन्छ ।

प्रतिष्पर्धीहरू विशाल मैदानमा क्रमैसँग उभिएका हुन्थे । तिनलाई छनोट

गर्न प्रहरीका उपल्लो अधिकारी आउँथे । हट्टाकट्टा शरीर, त्यहीअनुरूप उचाइ हुने युवा छनोटमा पर्ने सम्भावना बढी नै हुन्थ्यो । बौद्धिकभन्दा खाइलाग्दो शरीर हेरिने चलन थियो । शाहीकालीन एकदलीय शासन व्यवस्थामा प्रहरीको मुख्य काम जनताको गोठालो थियो । जनसेवामा होइन कि जनता तह लगाउने काममा प्रहरी खटाउने समय । ती दिन माथिल्लै दर्जामा भर्ना हुनेको त बुद्धि हेर्ने चलन थिएन भने निम्न दर्जाका लागि कसले हेरिदिने र किन हेर्ने ? साथमा भएको अलिकति बुद्धि पनि भर्ना भएकै दिनदेखि बेकम्मा बन्ने समय जो थियो ।

ती दिन कसैलाई आफ्नो बुद्धि, विवेक चलाउने अधिकार थिएन। त्यसैले माथिदेखि तलसम्म जताततै आज्ञापालक मात्र भेटिन्थे । जति बढी आज्ञापालक उति नै अनुशासित । अनुशासनको मापदण्ड भनेकै आज्ञापालन थियो र पदोन्नतिको आधार पनि यही थियो । किन र कसरी नभनीकन जसले आदेशको तत्काल पालना गरेर देखाउँछ उसैलाई अनुशासित मान्ने समय थियो । दोस्रो विश्वयुद्धको धङ्धडी रहेको समय भएर होला नेपालमा मात्र होइन विश्वभर नै प्रहरीजस्तो निकायमा आज्ञापालकको ठूलो इज्जत र सम्मान थियो ।

केही व्यक्तिगत प्रसङ्ग जोडौं । बाल्यकालदेखि नै रोचक विषयमा मेरो अभिरूचि थियो । रोचक पुस्तक खोज्दै मैले युवाकालमा धेरै पुस्तकालय धाएँ । सानो झिल्को देखियो भने मुहानमै नपुगी सन्तुष्टी मिल्दैनथ्यो । जानकारीमूलक पुस्तकको खोजीमा म काठमाडौंका गल्ली-गल्ली भौंतारिएको छु, धेरै कवाडी स्टोर चहारेको छु । किनभने घरघरबाट निस्केका पुराना तर महत्वपूर्ण पुस्तकहरू कवाडी स्टोरतिर सस्तो दाममा भेटिन्थ्यो ।

एकदिन सोल्टी मोड नजिकको कवाडी स्टोरमा कभरसहित ४० पेज गायब भएको पुरानो पुस्तक भेटें, जसमा दोस्रो विश्वयुद्धमा संलग्न एक अमेरिकी सैनिकको अन्तरवार्ता थियो । Van Kirk नामको त्यस सैनिकले दोस्रो विश्वयुद्धको अन्त्यमा करिब चार लाख आवादी रहेको हिरोसिमाको घनाबस्तीमा अणुबम खसालेको थियो । क्षणभरमै झण्डै डेढ लाख जापानी नागरिकलाई खरानी बनाएको सनसनीपूर्ण घटनाबारे पत्रकार र भानबीचको वार्तालाप सो पुस्तकमा थियो, जुन सवाल-जवाफ पढेर म स्तब्ध भएको थिएँ । फौजमा आज्ञापालनको महत्वसँग सम्बन्धित प्रसङ्ग भएकाले यहाँ राख्दैछु ।

पत्रकारको प्रश्न थियो, “तिमीले दुई मिनेटको अवधिमा गरेको कामले ठूलो मानवीय क्षति भयो । सो

घटनाले तिमीलाई विक्षिप्त बनाएको हुनुपर्छ, घटनापछि तिम्रो मनमा उठेको छटपटीबारे प्रस्ट पार्न सक्छौ ?" भ्यानको जवाफ थियो, "यसमा म दुःखी हुनुपर्ने कारण त केही देख्दिन ।" पत्रकारले फेरि सोध्यो, "त्यसदिन तिमी लाखौं मानिसलाई मृत्युको मुखमा धकेलेर फर्केका थियौ । मारिनेहरू न तिम्रा दुश्मन थिए, न मृतकमध्ये कसैलाई तिमीले चिनेका थियौ । बिहानीको त्यो समय, गृहिणीहरू घरमा खाना बनाउँदै थिए, बालबालिका ब्याग बोकेर स्कुल जाँदै थिए ।

यसरी आ-आफ्नो काममा लागेका लाखौं निःशस्त्र नागरिकलाई सिध्याएर आएको त्यो रात तिमीलाई बेचैनी भएन ? के त्यस रात तिमी निदाउन सक्यौ ?" भानले सहजै उत्तर दियो, "त्यस रात पनि म अन्य रातजस्तै निदाएँ, सायद यसअघिका रातभन्दा बढी नै निदाएको थिएँ म । मनमा एक किसिमको सन्तुष्टी थियो । कमान्डरले जुन काम सुम्पेको थियो, त्यसलाई रत्तिभर अलमल नगरी मैले पूरा गरेको थिएँ र थकान पनि बढी नै थियो ।"

अन्तरवार्ताको यस अंशमा Van को जवाफ क्रुर लाग्छ । तर वास्तविकताको अर्को पाटो पनि छ । Van सैनिक हो, सेनामा अनुशासन र आज्ञापालनको ठूलो महत्व हुन्छ । कमान्डरले "अगाडिको व्यक्तिलाई गोली हान" भनेको सुन्नासाथ गोली दाग्नु उसको कर्तव्य हो । 'अगाडिको व्यक्ति मेरो परिचयभित्रको हो कि होइन, उसले मेरो केही बिगारेको छ कि छैन, यदि केही बिगारेको छैन भने किन गोली हान्ने ? बिचराका बालबच्चा उसलाई पर्खिएर बसिरहेका होलान्' आदि इत्यादि सोच्ने व्यक्ति सेनाका लागि योग्य मानिँदैन ।

बम खसालेर फर्केको दिन भान वास्तवमै खुसी थियो । अन्तरवार्तामा उसले यथार्थलाई जस्ताको त्यस्तै राखेको थियो । कमान्डरले भरोसा गरेर उसलाई जुन जिम्मेवारी सुम्पेको थियो, त्यसलाई निर्भीक भएर पूरा गरेको थियो । यस महान कार्यका लागि सबै कमान्डरबाट उसले स्याबासी पाएको थियो ।

आवरणमा उस्तै-उस्तै देखिने मानिसबीच एकअर्कामा धेरै अन्तर हुन्छ । बाहिरी रूप हेरेको आधारमा कसैप्रति धारणा बनाउन सकिन्न । हेर्दा उस्तै देखिने एउटा मानिसमा आपराधिक चरित्र भयो भन्दैमा सबैको चरित्र उही हुन्छ भन्ने हुँदैन, अर्कोमा साधु चरित्र हुन सक्छ । विचारशीलता र सोचले मानिस-मानिसबीच खाडल बनाएको

हुन्छ । जसले जे सुकै भनोस् सेनाजस्तो पेसामा रहेको मानिस सामान्य मानिसभन्दा फरक नै हुन्छ । तालिमकै अवस्थादेखि उसको साविक सोचलाई परिवर्तन गर्न धेरै कसरत भएको हुन्छ ।

एउटा आँपको बगैंचा छ । त्यहाँ कवि, दाउरे, माली, व्यापारी र चित्रकार छन् । कविले बगैंचा र आँपको सौन्दर्यबारे कविता लेख्छ । दाउरेले त्यहाँको सबै रूख काटेर बिक्री गरी पैसा कमाउने विषयमा सोच्छ । मालीले बिरूवालाई काँटछाँट गरेर बाटो, चउर अलग-अलग छुट्याएर कसरी बगैंचालाई सुन्दर बनाउन सकिन्छ भनी सोच्छ । व्यापारीको दिमागमा आँपलाई बजारमा पुऱ्याएपछि आउने मुनाफा घुम्न थाल्छ । चित्रकारले त्यहाँको सानासाना पक्षलाई सूक्ष्म रूपले नियाल्दै घाम परेको हिस्सामा कुन रङ् लगाउने, पात र आँपलाई कस्तो रङ् प्रयोग गरेर देखाउने भनी सोच्छ । हामी बाँचिरहेको संसार पनि योभन्दा फरक छैन । संसार एउटै छ, यसलाई हरेक मानिसले आ-आफ्नै आँखाले हेर्छ । अनेकौं पेसा, व्यवसाय छनोट गर्छ र त्यसैलाई पेसा बनाएर बाँच्छ ।

दोस्रो विश्वयुद्धताका जर्मनमा नागरिकलाई पनि सैनिक तालिम लिन अनिवार्य गराइयो । तालिमबाट आफ्नै सुरक्षा हुने विश्वास दिलाएपछि नागरिकहरू तालिम लिन मञ्जुर भए । सैनिक मुख्यालयले तालिम लिन आउनेको उमेर, शारीरिक अवस्था, बौद्धिक स्थिति आदिको आधारमा अलग-अलग समूह बनायो र तालिम दिन सुरू गऱ्यो । वकिल, प्राध्यापक, चिकित्सक, इन्जिनियर, वैज्ञानिक, दार्शनिक सबै थिए ।

बौद्धिक समूहलाई सर्वसाधारणसँगै राखेर तालिम दिन समस्या आएपछि यिनलाई सर्वसाधारणबाट अलग्गै राखी तालिम दिइयो । किनकि शारीरिक अभ्यास र हतियार चलाउने ज्ञान दिलाउन खर्चनुपर्ने समय यिनलाई प्रवचन दिनमै बरबाद भइरहेको थियो । यिनले प्रशिक्षकको कुरो सुन्नुभन्दा धेरै प्रशिक्षकमाथि प्रश्न बर्साउँथे र चित्तबुझ्दो जवाफ चाहन्थे । सो समूहमा दर्शनशास्त्रको एक प्रोफेसर थियो । उसै त प्रोफेसर, त्यसमाथि दर्शनशास्त्री । उसको दिमाग तर्कको डल्लो थियो । ऊ हरेक काममा प्रमाणसहित परिणाम चाहन्थ्यो । प्रशिक्षकले 'गोडाफाट' भन्ने आदेशमा सबै जना गोडा फाटेर बस्थे, ऊचाहिँ चुपचाप रहन्थ्यो । गोडा फट्टाउँदाको फाइदाबारे चित्तबुझ्दो जवाफ नआएसम्म ऊ कुनै आदेश

मान्नेवाला थिएन ।

उसलाई सम्झाउन उच्च अधिकारी आए । पेल्न मिल्ने अवस्था पनि त थिएन, किनकि ऊ बौद्धिक व्यक्ति थियो । बुद्धि नै नभई ऊ दर्शन शास्त्रजस्तो जटिल विषयको प्रोफेसर बनेको थिएन । उसले सेनाका रथीहरूको बोली बन्द गराएको थियो । बल्लतल्ल सम्झाएर ठाउँमा ल्याउँथे, एउटै शब्दमा फेरि भड्किन्थ्यो । प्रशिक्षकले 'छिटो हिंड्' भन्दा ऊ पनि हिंड्यो, 'पूरा फर्क' को आदेशमा फर्क्यो र 'अड्' भन्दा अडियो पनि । यही एक पटकको अभ्यासमा उसले लाख कुरो बुझिसकेको थियो । अर्को पटक प्रशिक्षकले 'छिटो हिंड्' भन्नासाथ उसले प्रश्न तेर्स्यायो, "किन हिंड्ने ? कहाँ पुग्ने ? त्यहाँ गएर गर्नुपर्ने के हो ? यदि कामबिना नै त्यहाँ पुगेर अघिको जस्तै फर्कने हो भने यहीं बसिरहँदा के फरक पर्छ ? चित्तबुझ्दो जवाफ नआएसम्म म हिंड्न सक्दिन ।" यस्ता सयौं प्रश्न उसको मुखबाट एकसाथ बर्सन्थ्यो ।

धेरै सवाल-जवाफ हुन थालेपछि उसलाई अलग्याएर तालिम अघि बढाइयो । तालिममा आएको हरेक व्यक्तिलाई कुनै न कुनै काममा व्यस्त राख्नैपर्ने थियो । उसलाई प्रशिक्षकले मेसमा लिएर गयो र केराउका दानामध्ये ठूलो र सानो छुट्याएर अलग-अलग भाँडोमा राख्ने काम दियो । एक घन्टापछि जाँदा ऊ केराउको थुप्रो नजिक चिउँडोमा हात अड्याएर बसिरहेको थियो । प्रशिक्षकले सोध्यो, "के भयो प्रोफेसर ? किन यसरी बसेको ? कुनै समस्या ?" उसले भन्यो, "मैले काम सुरू गरिसकेको छु, तर एउटा समस्या आयो । सानो दाना एउटा भाँडोमा र ठूलो अर्कोमा राख्दै गएँ, यत्तिकैमा मझौला आकारको दाना भेटियो ।

दुईको अतिरिक्त अर्को भाँडो थिएन, यो दानालाई कता राख्ने ? कतै मिसाउन त भएन । फेरि यसबारे तिम्रो राय पनि बुझ्नु थियो । त्यसैले एक घन्टादेखि म तिम्रो प्रतिक्षामा छु ।" यस किसिमको बौद्धिक र तर्कवादी व्यक्ति फौजी प्रकृतिको पेसामा काम छैन । आफूमा भएको सबै तर्क, बुद्धि र मानवीय सम्वेदनालाई मारेर केवल आदेशको पालना गर्नु नै फौजीको कर्तव्य हो ।

अब साविक प्रसङ्गको कुरो गरौं । प्रतिष्पर्धीहरूसँग एक शब्द नबोली प्रहरी अधिकारीहरू फटाफट छनोट गर्न थाले । जागिरे हुन भनसुन र सिफारिस नचाहिने हुँदा छनोट गर्नेले कसैको नाम, थर र ठेगाना सोधेको सुनिएन । यसरी छानिएका युवाहरूको

वास्तविक परीक्षा यसपछि सुरू हुन्थ्यो । आँखा, कान, हातखुट्टा काम गर्न सक्ने स्थितिमा छ कि छैन हेर्ने परीक्षा सुरू भयो ।

सो परीक्षण गर्न अर्को टेबुल वरपर चिकित्सा क्षेत्रका केही कर्मचारी थिए । छानिएकाहरू एक-एक गर्दै त्यो टेबुलमा पुगे । जवान तहमा भर्ना हुन आएका अधिकांश युवा ग्रामीण थिए, धेरैले त विद्यालयको मुखै देखेका थिएनन् । दृष्टि जाँच्नेले कागज पढ्न लगाए । अक्षर चिनेकाले पढेर सुनाए । पढ्न नजान्नेले त्यही कागजको छेउमा रहेका चित्र हेरेर बताए । चित्रहरू ग्रामीण भेगमा पाइने रूख, गाई, भैंसी, गोरू, बाख्रा, हलो, कोदालो आदिका थिए ।

दिएको आदेश बुझ्यो र सोहीबमोजिम काम गर्‍यो भने कान र दिमाग ठीक भएको मानिन्थ्यो र श्रवण परीक्षामा उत्तीर्ण हुन्थ्यो । लाज ढाक्ने एकसरो कपडामा उभिएका प्रतिष्पर्धीलाई छिटो-छिटो केही पाइला हिंड्न र अगाडि झुक्दै जमिनमा हात टेकेर घोप्टो पर्न लगाइयो । यति गर्न सक्नेको ढाड र आत ठीक भएको अनुमान गरियो । उनीहरू शारीरिक परीक्षामा उत्तीर्ण भए । यति धेरै परीक्षा पार गरिसक्दासम्म ऊ कहाँबाट आएको, कसको सन्तान हो, नाम के हो, उमेर कति हो भन्नेमा कसैलाई सरोकार थिएन । परीक्षाको प्रक्रिया सम्पन्न भएपछि मेरो काम सुरू भयो । अभिलेखका लागि विवरण लिन थालियो ।

एक-एक गर्दै उनीहरू हामी रहेको टेबुलमा आए । न कसैसँग शैक्षिक प्रमाणपत्र छ, न नागरिकता । छिटपुट आठ र त्योभन्दा तल्लो कक्षाका प्रमाणपत्र भेटिए । नाम, ठेगाना, जन्ममिति, बाबुको नाम आदि प्रमाणपत्रमा नै थियो, हामीले अभिलेख फारममा त्यही विवरण टिप्यौं । प्रमाणपत्र नहुनेको विवरण भनेको उसको मुखबाट निस्केको बोली हो । यो टेबुलमा उसले जे बताउँछ जागिरे जीवन र बाहिरी जीवनमा समेत त्यही विवरण ढुङ्गे अक्षर बन्थ्यो ।

केही नाम बारसँग सम्बन्धित थिए । बारको पछिल्लो अक्षरमा 'एकार' थपेर नाम बनेको थियो । जातक जुन बार जन्मियो, सोही बारको आधारमा उनीहरूको नाम आइते, सोमे, मङगले, बुधे, वीरे, शुक्रे र साने रहन गएको रहस्य बुझियो । एउटै घरमा धेरै सन्तान हुने र तिनको उमेर पनि समानजस्तै हुने हुँदा आफ्नै सन्तान चिन्न र जेष्ठताको क्रममा समस्या नआओस् भनी यसरी नाम राखिने रहेछ । सात भाइ छोरा हुने परिवारमा आइतेबाट सुरू भएको नाम सानेमा पुगेर

टुङ्गिने रहेछ ।

सानेपछि अर्को जन्मदैन भन्ने ग्यारेन्टी के छ ? त्यसपछि जन्मेको पुत्ररत्नले कुन नाम पाउने ? यस्तो स्थितिमा साविकको जुन 'साने' छ, त्यो 'ठूलोसाने' मा पदोन्नति हुने र त्यसपछि जन्मेको 'सानोसाने' बन्ने रहेछ । जन्मक्रमले अझै निरन्तरता पाएमा नयाँ जन्मेको 'कान्छो' हुने । त्यसपछि पनि सन्तानोत्पतिको क्रम रोकिएन भने 'ठूलोकान्छो', 'सानोकान्छो' । यस्तै रितले चल्दै जाँदा नाम त कति-कति । नाममा जेलिएको यो माखेसाङ्लो खुल्ने देखिएन । जे होस् यो कामबाट मेरो मस्तिष्कले चाहिँ राम्रै खुराक भेटेको थियो ।

यही क्रममा नयाँ रहस्य हात लाग्यो । प्रतियोगीमध्ये एउटाले आफ्नो नाम चमेली-जेठो बतायो, अर्कोले मङ्गली-कान्छा । अनौठो लाग्यो । नामको खोजखबरी मेरो जिम्मेवारी थिएन, सिटरोलमा विवरण भर्ने मात्र मेरो काम थियो । तैपनि यो अनौठो नामले मलाई खिच्यो र सोधेँ, 'तिमीहरूको नामचाहिँ कसले जुराउँछ हँ ? ती दुबै एकै बाबुका छोरा परेछन्, तर फरक आमाका । त्यसैले त लाइनमा पनि सँगै थिए ।

यिनका बाबु तीन पत्नीका धनी रहेछन्, जसमध्ये जेठी जुनेली, माहिली मङ्गली र कान्छी चमेली । यति भएपछि नामको के दुःख ? जुनेलीतर्फको कान्छो जुनेली-कान्छो, मङ्गलीतर्फको जेठो मङ्गली-जेठो, टन्टै खत्तम । मैले यिनै नाममा थर जोडेर विवरण भरिदिएँ । कामको साथमा नामको इतिहास बुझ्ने मौका जुरेको थियो । मङ्गली-जेठोसँग सोधेँ, "बाउ पुस्ता र छोरा पुस्ताको नाम एउटै भएर एउटालाई बोलाउँदा अर्को बोल्ने समस्या त आउँदैन ?" उसले मुस्काएर भन्यो, "बाबु पुस्ता जेठो, माहिलो भए छोरो पुस्ता आइते, सोमे हुन्छ, अनि कसरी झुक्किनु ?" यस्तैमा अर्कोले आफ्नो नाम 'डाँडाघरे जेठो' बतायो ।

डाँडाको घरमा जेठो सन्तान भएर जन्मने सौभाग्य पाएको हुँदा ऊ 'डाँडाघरे जेठो' बनेको रहेछ । गाउँको तल्लो भेगमा जन्मने चाहिँ पुछारघरे । सुनेर प्रतिष्पर्धीका अभिभावकलाई मनमनै नमन गरेँ । त्यसबेला मेरो दिमाग यति ठूलो रहस्य बुझ्न सक्ने भइसकेको थिएन । अहिले सम्झँदा लाग्छ दुर्गममा बस्ने हाम्रो पुर्खामा कति विशाल चेतना रहेछ । उनीहरूको यस्तो बुद्धिमत्तापूर्ण सोचप्रति सम्मान जाग्यो ।

अब उमेरसम्बन्धी काम सल्टाउने पालो आयो । शरीर लोर्के छ

तर छिप्पिएको उमेर बताउँछ । फेरि आयो फसाद ! यो उमेरको मान्छेलाई भर्ना गर्न त नियमले नै दिँदैन । यति रहरलाग्दो मान्छेलाई राष्ट्र सेवामा नलगाई घर पठाउनु पो कसरी ? उन्नाईस, बीसको लक्का जवान देखिनेहरू आफ्नो उमेर सत्ताईस, अट्ठाईस बताइरहेका थिए । पत्यार नलागेर मायालु पारामा बुझ्ने काम भयो, "उमेर ढाँट्या हो भाइ ?" टाउको कन्याउँदै एउटाले भन्यो, "उमेर थोरै बताउनु भन्थ्यो हाम्लाई ।" कुन चाहिँले नानाथरी कुरो भर्न भ्याइसकेछ यिनको स्वच्छ मस्तिष्कमा । "तिमी कति सालमा जन्मेको ?" उत्तरमा उसले उनन्तीस बतायो । घटाउन त उमेर नै घटाएको रहेछ, तर वर्ष भनेर जन्मेको साल बताएछ । अब भने भर्ना हुने उमेर नै नपुग्ने देखियो ।

अर्को एउटाले उमेर घटाउने निहुँमा कतिसम्म बुद्धि नपुऱ्याई जवाफ दियो भने, "हुन त म अहिले बाईस वर्ष हुनुपर्ने हो, तर पोहोर साल अनिकाल लाग्यो राम्रोसँग खान पाएन त्यसैले एक्काईसमै छु ।" उसको कुरोले हाँसो गुञ्जियो । उनीहरूको झूटमा अबोधपन थियो, लुकाएर लुक्न नसक्ने झूट थियो । ती सिधा ग्रामीण किशोरहरूको हरेक झूटलाई हामीले रमाइलोमा उडायौं ।

त्यसपछि प्रमाणपत्र हुनेको प्रमाणपत्र हेरेर र नहुनेको आफ्नै अनुमानमा उमेर भर्ने काम भयो र एक हप्तापछि तालिम सुरू हुने जानकारी दिएर उनीहरूलाई पठाइयो । तीमध्ये एक जनासँग पनि नागरिकताको प्रमाणपत्र थिएन । वास्तवमा त्यतिबेला गाउँघरमा नागरिकता के हो भन्ने नै थाहा थिएन । नागरिकता प्रमाणपत्रबिना नै जागिरे भएका उनीहरूलाई तालिमकै अवधिमा तालिम केन्द्रले नागरिकता बनाइदिने परिपाटी थियो । यिनीहरूको हकमा पनि त्यही भयो ।

सुरूमा 'सर' भनेर बोलाउँदा 'ओई सारा' भनेर सम्बोधन गर्ने गरेका उनीहरूलाई केही महिना बोल्ने, हिँड्ने आदि फौजी तौरतरिका सिकाइयो । बोल्ने तरिका जानेपछि एकदिन जिल्ला प्रशासन कार्यालयबाट हामीले नागरिकताको फारम लिएर आयौं । सिटरोलको विवरण हेर्दै फारम भरियो । भोलिपल्ट हिँडाएरै उनीहरूलाई जिल्ला प्रशासकको अघिल्तिर उपस्थित गराइयो । जिल्ला अधिकारीले कागजको विवरण र सम्बन्धित व्यक्तिको भनाइ मेल रूजु गरेपछि त्यही दिन सबैको प्रमाणपत्र तयार भयो ।

त्यसबेला माथिदेखि तल्लो दर्जासम्मका प्रहरीहरू अनुशासन र आदेश पालनमा अब्बल थिए । ती

दिनमा प्रहरीलाई पनि सेनाको प्रकृतिसँग मेल खाने सेवा मानिन्थ्यो । प्रशिक्षणमा पनि आन्तरिकभन्दा बाह्य गतिविधिमा जोड दिइन्थ्यो । यसले प्रहरीलाई अनुसन्धानको पक्षभन्दा अनुशासन पक्षमा बलियो बनायो । समयले अनुशासनमा बाँधिनेभन्दा बौद्धिक प्रहरीको माग गऱ्यो । बयानमुखी अनुसन्धान पद्धतीलाई प्रविधिले विस्थापित गरेपछि विश्व परिवेशसँग सुहाउँदो प्रमाणमुखी अनुसन्धान पद्धती अँगाल्न प्रहरी बाध्य भयो । विगत दुई दशकदेखि प्रहरी सेवालाई सैनिकभन्दा फरक किसिमको सेवा मानेर हेर्न थालिएको छ ।

विद्यार्थी वा निजामती सेवा, सवारीचालक वा व्यावसायिक प्रतिष्ठानका कामदार; सबै अनुशासनकै भरमा चलेको हुन्छ । मानव जीवनको हरेक आयाममा अनुशासनको महत्व छ, यद्यपि प्रहरी सेवामा यसको विशेष महत्व छ । तर अनुशासनलाई व्याख्या गर्ने जुन शैली छ, त्यसमा व्यापक सुधारको खाँचो छ । आजको समाज आफूलाई हरदम सुरक्षा दिने प्रहरी काममा भन्दा आज्ञापालनमा केन्द्रित रहेको हेर्न चाहँदैन । आदेशको सही मूल्याङ्कन र विश्लेषण गरी परिआउँदा बौद्धिक तर्कसमेत राख्ने हिम्मत आजको प्रहरीमा हुनुपर्छ । तर्कशील प्रहरीबाट हुने प्रहरी अनुसन्धान निश्चिय नै अपवादरहित हुन्छ । समाजलाई व्यवस्थित बनाउने मामलामा पनि बौद्धिक प्रहरीले ठूलो भूमिका खेल्न सक्छ ।

एक्काईसौं शताब्दीको प्रहरी हरेक पक्षमा सक्षम र विश्व परिवेश सुहाउँदो हुनु जरूरी छ । तार्किक क्षमता भएको, आफ्नो विवेक प्रयोग गरी समाजलाई उपयुक्त सुझाव दिनसक्ने प्रहरी आजको माग हो । प्रहरीलाई तीक्ष्ण बनाई अनुसन्धानमा सफल बनाउने हो भने अबका दिनमा अनुशासनको साथसाथै प्रहरीलाई बौद्धिक पनि बनाउनुपर्छ । यद्यपि अनुशासित बनाउने नाममा प्रहरीलाई शारीरिक अभ्यासमा मात्र सहभागी गराएर पुग्दैन । प्रहरीलाई विगतको भन्दा फरक प्रशिक्षण आवश्यक छ ।

आजको दिनमा पनि प्रहरी सङ्गठनले 'हस्' शब्दभित्र अनुशासन खोजिरहेको छ । यसको नकारात्मक पाटोतिर कसैको ध्यान गएको देखिँदैन । हरेक आदेशमा 'हस्' भन्ने प्रहरीका कारण अधिकृतस्तरमा कार्यबोझ थपिँदो छ भने अदालतमा दायर भएका धेरै मुद्दामा सरकार पक्ष हारेको छ । यस्ता समस्यालाई चिर्नका लागि प्रहरीभित्र हालसम्म

चलिआएको अनुशासनको परिभाषालाई नयाँ शैलीमा व्याख्या गर्नुपर्ने खाँचो छ ।

बौद्धिक तर्कद्वारा साङ्गठनिक मान्यता स्थापित गराउन सक्ने प्रहरीलाई समाजले रूचाएको देखिन्छ ।

अन्त्यमा, यदि नेपाल प्रहरीलाई अनुसन्धानमा तीक्ष्ण बनाई समाजमैत्री बनाउने हो भने प्रशिक्षण पाठ्यक्रमलाई परिमार्जन गरी अनुशासनको परिभाषामा व्यापक सुधार गरिनुपर्छ । तसर्थ प्रत्येक मान्यतालाई सप्रमाण व्याख्या गर्नसक्ने बौद्धिक प्रहरी निर्माण गर्ने दिशामा सङ्गठनको ध्यान जान सकोस् । यही नै जनचाहना हो र समयको माग पनि । ♦♦♦

**कविता**

# नेपालीको महिमा



✍ **श्रिया रिजाल**

शिरको झण्डा उचाई राख्नु नेपाली नामले
गलत हिंड्छौ बाटोमा तिमी के गर्नु कामले
तलमा सूर्य माथिमा चन्द्र नेपाली झण्डामा
भाइको बीच झगडा चल्छ भाग र बण्डामा ।।

लगाउ खेती नेपाली माटो उचाई शिरमा
नजानू उता पहाडी बाटो पुगिन्छ भीरमा
सहर सोध्छ बगैचा कहाँ भनेर मलाई
नखानु घुस कमाइ खानु पाखुरा चलाई ।।

अमर भक्ति पूर्खाका छोरा हामी हौं नेपाली
लड्ने छौं युद्ध देशको लागि शिर नै उचाली
थुरूरू काप्छ यो विश्व हाम्रो गोर्खाली भनेमा
काँगडा टिष्टा सिक्किम हाम्रो कापीको पानामा ।।

बालकथा

# फोन नम्बर १०४



✍ **घनबहादुर थापा**

साँझको पाँच बज्यो । स्कुलका पालेदाइले छुट्टीको घन्टी बजाए, 'टङ् टङ् टङ् ... ।'

सबै बालबालिका एउटै स्वरमा कराउँदै निस्के, 'छुट्टी ... ।' नम्रता पनि साथीहरूसँग स्कुल गेटमा पुगिन् । सबै साथीहरूका बाबाआमा लिन आए । तर नम्रताका बाबा भने आइपुग्नु भएन ।

नम्रताले मनमनै सोचिन्, 'सधैं त बाबा पाँच बजे नै आउनु हुन्थ्यो । आज किन आउनुभएन ?' उनले आँखा झिम्म नपारी बाबा आउने बाटो पर परसम्म हेरिन् । तर बाबालाई देखिनन् । सबै साथीहरू गइसके । बाटोमा एक्लै ठिङ्ग उभिंदा उनलाई नरमाइलो लाग्यो ।

'ह्या..., हिंड्दै जान्छु परसम्म । बाटोमा बाबा भेटिहाल्छु नि !' उनले मनमनै सोचिन् र त्यहाँबाट हिंडिन् । निकै अगाडि पुग्दा पनि बाबालाई भेटिनन् । अब हिंडेरै घर पुग्छु । मन बलियो पारेर अझै छिटो-छिटो पाइला चालिन् । केही पर पुगेपछि दोबाटो आयो । अब कुन बाटो जाने ! उनी अलमलमा परिन् । 'जे त होला दाहिनेतिरको बाटो जान्छु ।'

उनी हिंड्दाहिंड्दै फतक्क गलिन् । आफू कुन ठाउँमा पुगें र अब कताबाट घर जाने ठम्याउन सकिनन् । सकी नसकी अगाडि हिंडिरहिन् । केही मान्छेहरू त्यही सडकमा हिंडिरहेका थिए । तर उनले कसैसँग सहयोग मागिनन् । बोल्न डर लाग्यो वा सहयोग माग्नुपर्छ भन्ने बुद्धि पुगेन । यसतर्फ ध्यान नै गएन । उनलाई खाली घर कसरी पुग्ने भन्दै छिटोछिटो हिंड्न पाए पुग्यो ।

केही छिनमा मानिसहरूको चहलपहल घट्यो । सडक सुनसान भयो । उनका आँखाबाट वरर आँसु झरे । डाँको छोडेर रून पनि सकिनन् । रोए पनि कसले सुन्छ र ?

त्यही बेला एउटा भुस्याहा कुकुर उनीतिरै आयो । भौं भौं भुक्यो ।

नम्रता डरले थुरथुर कामिन् । अब के गर्ने ? टोक्ने पो हो कि !

अलि परबाट एउटा मान्छे आउँदै गरेको उनले देखिन् । केही आशा जाग्यो । तर त्यो मान्छेको मानसिक अवस्था बिग्रेको रहेछ । उनलाई झन् डर लाग्यो । केही बोल्नै सकिनन् । भाग्यवश कुकुर त्यही मान्छेतिर फर्केर भुक्न थाल्यो । मान्छेले ढुङ्गा टिपेर कुकुरलाई हिर्काउन खोज्यो । मौका छोपेर नम्रता भागीन् ।

हिँड्दाहिँड्दै नम्रताका खुट्टा निकै दुखे । खुट्टामा जुत्ताले घाउ नै बनाएछ । जुत्ता खोलेर झोलामा राखिन् । नाङ्गो खुट्टा हिँड्दा ढुङ्गाले निकै घोच्यो । झमक्क साँझ पर्‍यो । केही पर एउटा पसलमा बत्ती बलेको देखियो । उनी त्यही पसलको बाहिर पुगिन् ।

पसल अगाडि थचक्क भुइँमा बसिन् । धुरूधुरू डाँको छोडेर रोइन् । पसलकी आमाले सोधिन्, 'के भयो नानी ? किन रोएको यसरी !'

'मैले घरमा जाने बाटो बिर्सें,' 'नम्रताले भनिन्,' बाबा लिन पनि आउनु भएन । हिँड्न सक्तिन । अब म के गरूँ ? हुँ...हुँ... हुँ... उनको रूवाई बढ्दै गयो ।'

पसले आमाले सोधिन्, 'घरको फोन नम्बर छ ?'

'नाई, मलाई थाहा छैन', नम्रताले टाउको हल्लाउँदै भनिन् ।

'त्यसो भए म के गरौं त ?', पसले आमाले झर्किंदै भनिन्, 'नम्बर भए घरमा फोन गरिदिन्थें । अरू उपाय छैन मसँग । जाऊ, जताबाट आएको हो उतै ।'

'पख्नुस् आमा,' पसले आमाकी छोरी सुनिताले भनिन्, 'यस्तो अप्ठेरोमा परेकी बालिकालाई सहयोग पो गर्नुपर्छ । झर्किएर झन् पीडा थप्न हुन्छ र ? विचरी कहाँबाट आएकी हुन् । कसकी छोरी हुन् । सहयोग गर्नु पर्दैन र ! आमा हाम्रो सरले भन्नुभएको बालबालिका हराए भने १०४ नम्बरमा फोन गर्नुपर्छ रे ! यो फोन नम्बर बालबालिका खोजतलास समन्वय केन्द्रको हो ।'

फोन गरेर खबर गरिदिन्छु भन्दै सुनिताले १०४ नम्बर डायल गरिन् ।

'भो भो पर्दैन,' आमाले गाली गर्दै भन्नुभयो, 'रात परिसक्यो । कसले फोन उठाउला र ? फेरि फोन गरेको पैसा कसले दिन्छ नि ?'

'गाली नगर्नु न आमा । यो नम्बरमा फोन गरेको पैसा लाग्दैन ! फोन पनि चौबिसै घण्टा उठ्छ', सुनिताले भनिन्, 'बालबालिका हराएमा, अपहरणमा परेमा, वेवारिसे अवस्थामा फेला परेमा, दुर्व्यवहारमा परेमा वा कुनै

प्रकारको जोखिममा परेमा यही नम्बरमा फोन गर्नुपर्छ । भोली यस्तो समस्या मलाई पनि पर्न सक्छ । त्यसैले समस्यामा परेकालाई सबैले सक्दो सहयोग गर्नुपर्छ क्या ।'

सुनिताले फोन गरिन् । फोन उठाउने मान्छेलाई नम्रताको बारेमा सबै कुरा बताइन् । आफ्नो पसलको ठेगाना पनि टिपाइन् ।

उताबाट जबाफ आयो, 'नानी हामी प्रहरी हौं । एकछिन अघि एक जनाले नम्रता नाम गरेकी छोरी हराइन् भनेर फोन गर्नुभएको छ । उनकी छोरी यिनै हुनुपर्छ । हामी तुरून्तै आइहाल्छौं । बरू नम्रतालाई त्यहाँबाट कतै जान नदिनू । खबर गरिदिनु भएकोमा धन्यवाद छ तपाईंलाई ।'

'हुन्छ सर, म त्यसै गर्छु', सुनिताले फोन राखिन् । उनले भनिन्, 'बहिनी नम्रता अब तिमीले रूनु पर्दैन । आऊ भित्रै आएर बस ।'

त्यही बेला आमाले तातो दुध लिएर आउनुभयो र भन्नुभयो, 'मलाई माफ गर छोरी । मैले नबुझेर रिसाएँ । तिमी पनि मेरै छोरी जस्तै हौ । भोक लागेको होला । लेऊ दुधसँग सेलरोटी खाऊ ।'

प्रहरी नम्रताका बाबालाई लिएर पसलमा आए । नम्रता अझै सुँक्कसुँक्क रूँदै थिइन् । बाबाले छोरीलाई अँगालोमा कस्नुभयो । नम्रता बाबासँग टाँसिएर रोइन् । आँखाबाट खुसीका आँसु बगे ।

बाबाले माफी माग्दै भन्नुभयो, 'मलाई माफ गर छोरी । तिमीलाई लिन आउँदै गर्दा बाटैमा मोटरसाइकल बिग्रियो । मर्मत गर्न समय लाग्यो । ढिला आउँदा तिमीलाई देखिन । खोज्दै कहाँ–कहाँ पुगिन म । समस्या प्रहरीलाई सुनाएँ । उनले १०४ नम्बरमा फोन गर्नु है भने । मैले त्यसै गरें । १०४ नम्बरकै कारण छिट्टै भेट्न सकियो । तिमीलाई ठूलो सङ्कट पर्न पाएन । यदि तिमीलाई केही भइहालेको भए...' कुरा गर्दागर्दै बाबाको आँखामा आँसु भरिए ।

'मलाई माफ गर्नुस् बाबा', नम्रताले रूञ्चे हाँसो हाँस्दै भनिन्, 'म हजुर आउने बेलासम्म पर्खेर बस्नुपर्थ्यो । एक्लै स्कुलबाट हिंड्नै हुन्थेन । फेरि सर, मिसलाई आफ्नो समस्या भन्नुपर्ने थियो तर भनिन । मेरो कारण आज धेरै दुःख भयो । अब त्यस्तो गल्ती कहिल्यै गर्दिन । घरमा आमा रोइरहनु भएको होला अब घर जाऊँ ।'

बाबाछोरी विदा भए । हिंड्ने बेलामा दुवैले एकैसाथ भने, 'धन्यवाद फोन नम्बर १०४ र तपाईंहरू सबैलाई ।' प्रहरी, पसलकी आमा र सुनिताले बिदाइका हात हल्लाए ।

♦♦♦

# पछुतो



✍ प्र.नि.भोजराज पाण्डेय

राजधानी काठमाडौंसँग संधियारको रूपमा सीमाना जोडिएर रहेको धादिङ जिल्ला धेरैजसो पहाडी भूभाग र केही उत्तर तर्फको भाग हिमालसँग जोडिएर बनेको भएता पनि जाडो मौसममा भने तराईका जिल्लाहरूमा जस्तै विशेषगरि त्रिशुली नदी तथा सो आसपासमा रहेका सहायक नदीहरूमा हुस्सु लाग्ने गर्दछ । त्रिशुली नदीको किनारै किनार निर्मित राजधानी काठमाडौंको लाइफ लाइनको रूपमा रहेको पृथ्वी राजमार्गमा हुन सक्ने साना ठूला प्रकृतीका सवारी दुर्घटनाको चाप एकातिर छदै छ भने जिल्लाको दक्षिणी ईलाका (जुन मकवानपुर जिल्लाको पहाडी बस्तीसँग जोडिएर रहेको छ) मा अबैध रूपमा उत्पादन हुने गरेको लागु औषध गाँजा र अफिम लगायतको उत्पादन तथा बिक्री वितरण हुने कार्य वास्तवमा ईलाका प्रहरी कार्यालय गजुरीको लागि अत्यन्त टाउको दुखाईको विषय बन्ने गरेको छ ।

पछिल्लो समयमा स्थानीय स्रोत साधनमा स्थानीय सरकारको अधिकार रहेको छ । स्थानीय तह अन्तरगत रहेका साना ठूला प्रकृतिका नदीनालाहरूमा बालुवा, गिटी र ढुङगा लगायतका प्राकृतिक श्रोत साधनहरूको अबैध रूपमा हुन सक्ने चोरी तस्करी नियन्त्रण तथा रोकथाम गर्ने कार्य स्पष्ट कार्यगत अस्पष्टता बीच नेपाल प्रहरीको लागि थप चुनौतीको रूपमा रहि आएको छ ।

ईलाका प्रहरी कार्यालय गजुरी अन्तरगतको कार्यक्षेत्रमा पर्ने त्रिशुली नदीको सहायक नदीको रूपमा बेनिघाट रोराङ गाउँपालिका वार्ड नं २ र ३ भएर बग्ने मलेखु खोलामा पनि यदाकदा लुकिछिपी प्राकृतिक स्रोत साधनहरूको अबैध रूपमा हुने गरेको चोरी र तस्करीको स्थिति बुझ्नको लागि र बेनिघाट रोराङ गाउपालिकाको वार्ड नं १ र २ सुन्दरनागि, सिमटार, चत्राक, बुरुङदी र डाडाँखर्क लगायतका स्थानहरूबाट ताल्ती मलेखु सडकको

नयाँ बन्दै गरेको सडक ट्रयाकको प्रयोग गरी अबैध लागु औंषधसमेत ओसारपसार हुन सक्ने हुंदा सो को नियन्त्रणको लागि ईलाका प्रहरी कार्यालय गजुरीका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक खगेन्द्र बहादुर खड्का र मैले सल्लाह गरी प्रहरी जवान बिनोद तिवारी र सेमजोङ तापा मगरको टिमलाई आवश्यक निर्देशन सहित सादा पोशाकमा माघ १९ गते त्यसतर्फ परिचालन गर्‍यौं।

समय त्यस्तै साँझको अन्दाजी ५ बजेको समयमा प्रहरी जवान बिनोद तिवारीले कार्यालय प्रमुख सरको फोन सम्पर्क हुन सकेन भनि मेरो मोबाइलमा फोन गरी "हामी मलेखु खोलाको वारीपट्टी छौं, पारी ताल्ती स्थित ह्वासिङ सिमेन्ट फ्याक्ट्रीमा जाने नयाँ ट्रयाक खनेको सडक छेउमा ४/५ जना मानिसहरू शंकास्पद तरिकाले बसिरहेका छन् र हातमा जेब्रा झोलासमेत बोकेका छन्।" भनी जानकारी गराए पश्चात तत्कालै कार्यालय प्रमुख र म दुबै जना केही प्रहरी कर्मचारीहरू साथमा लिई त्यसतर्फ हुइकियौं । ईलाका प्रहरी कार्यालयबाट जम्मा ७ कि.मी को दुरीमा रहेको उक्त स्थानमा पुग्न हामीलाई १० मिनेट पनि लागेन ।

हावाको बेग झैं तुफानी गतिमा हुइकिएर आफूतर्फ आइरहेको प्रहरीको गाडीलाई देखि सो स्थानमा जम्मा भई एक आपससमा कुरा गर्दै र सामान साटफेर गर्दै रहेका मानिसहरू भाग्ने प्रयास गर्दै थिए । तत्कालै हाम्रो टोलीले निजहरूलाई घेरा हाली नियन्त्रणमा लिई सोधपुछ तथा खानतलासी गर्दा जिल्ला धादिङ बेनिघाट रोराङ गा.पा. वडा नं. ४ डुम्रेकालिका सामुदायिक वन नजिकै मलेखु-ताल्ति कच्ची मोटर सडक बाटोको किनारामा जिल्ला म्याग्दी साविक रूम गा.वि.स. हाल ऐ. मालिका गा.पा. वडा नं. २ रूमगाउँ बस्ने बर्ष ३१ को तिलक बि.क., जिल्ला मकवानपुर साविक खैराङ गा.वि.स. वडा नं. ७ हाल राक्सिराङ गा.पा. वडा नं. ९ जिनाई गाउँ बस्ने वर्ष ५० को कान्छामान स्याङ्तान, जिल्ला मकवानपुर साविक खैराङ गा.वि.स. वडा नं. ७ हाल राक्सिराङ गा.पा. वडा नं. ९ जिनाई गाउँ बस्ने वर्ष २९ को शुकलाल गोङ्वा, जिल्ला मकवानपुर साविक खैराङ गा.वि.स. वडा नं. ७ हाल राक्सिराङ गा.पा. वडा नं. ९ जिनाई गाउँ बस्ने वर्ष २४ को भिम बहादुर गोम्बो र जिल्ला मकवानपुर साविक खैराङ गा.वि.स. वडा नं. ७ हाल राक्सिराङ गा.पा. वडा नं. ९ जिनाई गाउँ बस्ने वर्ष २२ को पासङ्ग तामाङ भन्ने पासङ्ग पाख्रिनसमेतले लागुऔषध खरिद बिक्रि गरी लागुऔषध चरेश र नगद रकम एक अर्का बीच लेनदेन

गरिरहेको अवस्थामा प्रहरीले फेला पारी निजहरूको शरीरसमेत तलासी लिँदा प्रतिवादी सुकलाल गोङ्वाले बोकेको कम्ब्याट झोला भित्र ६ कि.ग्रा.,प्रतिवादी भिम बहादुर गोम्बोले बोकेको हरियो खैरो रंगको झोला भित्र ६ कि.ग्रा., प्रतिवादी पासङ्ग तामाङ भन्ने पासङ्ग पाख्रिनले बोकेको हरियो पहेलो रंगको जेब्रा झोला भित्र ८ कि.ग्रा. लागुऔषध चरेश र प्रतिवादी तिलक वि.क.ले बोकेको झोला भित्र २ वटा प्लास्टिकको बोतलमा तेल जस्तो देखिने कालो रङको तरल पदार्थ १ लिटर र नेपाली नगद रू २,४०,०००। (दुई लाख चालिस हजार) फेला परेकोले बरामद गरी निज प्रतिवादीहरूलाई तत्काल जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरियो । प्रहरी सहायक निरीक्षक चित्र बहादुर सार्कीको प्रहरी प्रतिवेदन जाहेरी, स्वास्थ्य परीक्षण, थुनुवा पुर्जी, अनुसन्धान अधिकृतको जिम्मेवारी तथा आचार संहिता लगायतको प्रारम्भिक अनुसन्धान सम्पन्न गरी प्रतिवादीहरूलाई जिल्ला सरकारी वकिलको कार्यालय हुँदै सम्मानित जिल्ला अदालत धादिङबाट म्यादसमेत लिई अनुसन्धान सुरू गर्यौं ।

निज प्रतिवादीहरू उपरको अनुसन्धानको सिलसिलामा निजहरूले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिवादी तिलक बि.क.ले रूपन्देही बुटवलमा बसोबास गर्ने विष्णु के.सी. ले मेरो खातामा रू. ८०,०००। (असि हजार) रकम हाली दिई प्रतिवादी कान्छामान् स्याङतानलाई भेटी पैसा दिई निजबाट लागुऔषध चरेश लिई आउनु भनेकोले मैले निज कान्छामान स्याङतानलाई भेटी उक्त पैसा निजले विभिन्न मितिमा दुई पटक १०/१० किलोग्राम लागुऔषध चरेश भरिया लगाई नरायणगढसम्म ल्याई दिएकोमा उक्त चरेश मैले लिई उक्त सामान म बाट विष्णु के.सी.को मान्छेले लिई भारतिय नम्बर प्लेटको गाडीमा राखी लैजाने गरेकोमा मिति २०७६/१०/१७ गते पुनः प्रतिवादी विष्णु के.सी.ले मलाई फोन गरी रू.२,५०,०००। (दुई लाख पचास हजार रूपैया) खातामा हाली दिई निजले भने अनुसार मुग्लिन गई निजसँग चिनजानको १ जना मान्छेसँग भेट गरी दुई बट्टा सामान लिई प्रतिवादी कान्छामान स्याङतानलाई भेटेकोमा निजले गाउँबाट केटाहरूले २० किलो चरेश बोकी मलेखु तर्फ ल्याउँदै छन् भनेकोले दुबै जना मलेखु हुँदै ताल्ती तर्फ जाँदै गर्दा अं. १७:०० बजे डुम्रे कालिका सामुदायिक वन नजिक पुग्दा सामान लिई आउने मानिससँग भेटी कुराकानी गरि सामान लेनदेन गर्दै गर्दा प्रहरीले फेला पारी हाम्रो शरीर समेतको तलासी लिँदा मेरो साथबाट २ वटा प्लास्टिकको

बट्टामा चरेश बनाउन प्रयोग गर्ने कालो रङको केमिकल तरल पदार्थ १ लिटर, विभिन्न दरको नगद रू.२,४०,०००। (दुई लाख चालिस हजार) समेत फेला परेको हो भन्ने व्यहोरा उल्लेख गरी बयान दिए । त्यसैगरी अर्का प्रतिवादी कान्छामान स्याङतानले समेत सोही व्यहोरालाई समर्थित हुने गरी प्रतिवादी अन्तरे भन्ने सुर्यमान तामाङले चरेश किन्ने विष्णु के.सि.को मानिस आउदै छ निजसँग भेटि निजले रू.८०,०००। (असि हजार) रूपैया दिन्छ, लिई आउनु भनेकोमा मैले प्रतिवादी तिलक वि.क. सँग भेटी निजसँग लागुऔषध चरेश कारोबारको कुराकानी गरी रू. ८०,०००। (असि हजार) रूपैया लिई मैले अन्तरे स्याङतानलाई दिएको हुं । निज प्रतिवादी अन्तरे भन्ने सुर्यमान तामाङले विभिन्न मितिमा दुई पटक १०/१० किलोग्राम लागुऔषध चरेश विष्णु के.सी. ले पाउने गरी मलाई पठाएकोमा उक्त चरेश नारायणगढ सम्म पुऱ्याई दिएकोमा नरायणगढबाट उक्त चरेश तिलक वि.क. ले लिएकोमा मिति २०७६/१०/१८ गते मलाई प्रतिवादी तिलक वि.क.ले फोन गरी २० किलोग्राम चरेश ल्याई दिनु भनेकोले मैले प्रतिवादी अन्तरे भन्ने सुर्यमान तामाङलाई फोन गरी २० किलोग्राम चरेश ल्याई दिनु, भोली प्रतिवादी तिलक वि.क. आउदै छ भनेकोमा ऐ. १९ गते विहान मेरो घरमा निजले चरेश ल्याई दिएकोले मैले शुकलाल गोम्बो, पासङ्ग पाख्रिन (तामाङ) “मेरो घरमा लागुऔषध चरेश ३ वटा झोलामा छ, उक्त सामान बोकेर मलेखु आउनु” भनेको हुं । निज अन्तरे स्याङतान र चरेश खरिदकर्ता विष्णु के.सी. बिच सम्पर्क हुने गरेको छ ।

बरामद भई आएको लागुऔषध चरेश अन्तरे भन्ने सुर्यमान तामाङ र प्रतिवादी विष्णु के.सी बिच खरिद बिक्रि हुने गरेको छ । बीचमा मैले र तिलक वि.क.ले पैसा र सामान लाने ल्याउने काम गर्दथ्यौ । प्रतिवादीहरू शुकलाल गोङवा, पासङग पाख्रिन र भिम बहादुर गोम्बोलाई मैले ज्यालामा उक्त चरेश बोक्न प्रयोग गरेको हुं भनि बयान गरेको देखिन्छ । प्रतिवादी शुकलाल गोङ्वा, प्रतिवादी भिम बहादुर गोम्बो, प्रतिवादी पासङ्ग तामाङ (पाख्रिन) समेतले बयान गर्दा प्रतिवादी कान्छामान स्याङतानले भने अनुसार निजको घरबाट प्रतिवादी सुकलाल गोङवा, प्रतिवादी भिम बहादुर गोम्बो र प्रतिवादी पासङग तामाङ (पाख्रिन) समेत भई निज प्रतिवादी कान्छामान स्याङतानको घरको चोटामा रहेको ३ वटा झोला निकाली प्रतिवादी सुकलाल गोङ्वो, प्रतिवादी भिम बहादुर गोम्बोले ६/६ किलोको र प्रतिवादी पासङग

तामाङ (पाख्रिन) ले ८ किलो चरेश भएको झोला बोकी ताल्ती हुँदै मलेखु तर्फ आउदै गर्दा वारदात स्थानमा पुग्दा प्रतिवादी कान्छा मान स्याङतान र प्रतिवादी तिलक वि.क. सँग भेट भई कुराकानी गरी लेनदेन गर्दै गर्दा प्रहरीले हामीलाई नियन्त्रणमा लिई हाम्रो शरीर समेतको तलासी लिदा बरामदी मुचुल्कामा उल्लेखित लागुऔषध चरेश लगायतका दशीहरू फेला पारी बरामद एवम् पक्राउ गरेको हो । उक्त चरेश बोके बापत हामीलाई कान्छामान स्याङ्तानले प्रति किलो रू.१०००। (एक हजार) को दरले ज्याला दिने भएकोले उक्त लागुऔषध ओसार पसार गरेका हौं भनि एकै मिलानको बयान गरेको देखिन्छ ।

साथै निज प्रतिवादीहरूले भने अनुसारको फरार प्रतिवादीहरूलाई खोजतलास गर्दै जाने क्रममा फरार रहेका प्रतिवादी जिल्ला धादिङ साविक महादेवस्थान गा.वि.स. वडा नं. ६ हाल बेनिघाट रोराङ गा.पा. वडा नं.. १ सुन्दरनागी बस्ने वर्ष ४९ को अन्तरे भन्ने सुर्यमान तामाङ (ना.प्र.नं. ८९८४ र धादिङ) लाई मिति २०७६/१२/०१ गते  निज प्रतिवादीको ठेगानाबाट नै पक्राउ गरी निजलाई समेत अनुसन्धान गर्दै जाँदा निजले बयानको क्रममा कान्छामान स्याङतानले मलाई गाँजाको धुलोको प्रति किलोग्राम १५,००। (पन्ध्र सय) को दरले दिन्छु भनेकोले मैले तरकारी खेती गरेको मेरो अं. ३ रोपनी जमिन रहेको पाखो बारीको जग्गामा आफै उम्रिएको गाँजा काटी सुकाई चुटी धुलो बनाई तौल गर्दा २० किलोग्राम भएकोले उक्त गाँजाको धुलो मैले कान्छामान स्याङतानको घरमा पुऱ्याई दिई निजबाट रू.३५,०००। (पैतिस हजार)रूपैयाँ लिएको हुँ भनि बयान गरेको देखिन्छ ।

यसरी नै निज प्रतिवादीहरूको थप अनुसन्धान गर्दै जाँदा प्रतिवादी तिलक बि.क. ले बयानको क्रममा मैले खेती किसानको काम गर्छु, आर्थिक अवस्था कमजोर भएको भनि बयान गरेको देखिन्छ भने निजको NIC ASIA बैंक लि. को खाता नं. १७७५७५०६ ३६३८१००१ नं. को खाताको बैंक स्टेटमेन्ट हेर्दा निजको उक्त खातामा विभिन्न मितिमा ठुलो मात्रामा नगद जम्मा हुने र झिक्ने प्रक्रिया निरन्तर रहेकोमा अंग्रेजी मिति २०२०/०२/०२ (२०७६/१०/१९) गते उक्त खाताबाट निज तिलक बि.क. आफैले रू. २,४०,०००। निकालेको बैंक स्टेटमेन्टबाट देखिएको र सो रकम निज प्रतिवादीले बयानको क्रममा उल्लेख गरे जस्तै बुटवलबाट विष्णु के.सी.ले पठाएको देखिएको हुँदा निज विष्णु के.सी. लाई समेत प्रतिवादी

कायम गर्नको लागि निजको तिनपुस्ते अभिलेख स्पष्ट गर्ने कार्य समेत भयो। साथै निज विष्णु के.सी.ले पठाएको सो रकम वारदात स्थानबाट निजको साथबाट बरामद भएको देखियो । साथै निजले बयानको क्रममा आर्थिक अवस्था नाजुक रहेको भनि बताएको भएता पनि निजको खाताको ट्रान्जेक्सन हेर्दा निजको खाताबाट ठूलो मात्रामा रकम कारोबार गरेको देखिएको र पक्राउ प्रतिवादीहरूको कल विवरणको लिंक चार्ट तयार गरी विश्लेषण गरी हेर्दा समेत निजहरूको एक अर्कामा अत्याधिक मात्रामा फोन सम्पर्क आदान प्रदान भएको देखियो । त्यस्तै अनुसन्धानको क्रममा घटना सम्बन्धमा बुझिएका तिर्थ प्रसाद सिलवाल, सन्तोष थापामगर, सुजन श्रेष्ठसमेतले कागज गर्दा पक्राउ प्रतिवादीहरू र फरार प्रतिवादी विष्णु के.सी. समेतले लागुऔषध चरेश उत्पादन, तयारी, संचय, खरिद बिक्री तथा ओसारपसार समेतको कारोबार गरेको हुँदा निज प्रतिवादीहरूलाई कानून बमोजिम कारबाही र सजाय हुनुपर्छ भन्ने समेत व्यहोराको घटना विवरण कागज गरियो ।

प्रतिवादीहरूको साथबाट बरामद परीक्षणको लागि पठाईएको भौतिक सवुद नमुनामा Tetra-hydrocannabinol, cannabinol र cannabidiol क्यानविसका प्रमुख तत्वहरू पाईएको भन्ने व्यहोराको परीक्षण प्रतिवेदनसमेत प्राप्त भएको हुँदा सो मुद्धामा गर्नुपर्ने सम्पूर्ण अनुसन्धान कार्य लगभग पुरा भईसकेको थियो ।

प्रस्तुत मुद्धामा लागुऔषध उत्पादन, खरिद र बिक्रि वितरण गर्ने तीन तहको चेन अनुसन्धानको घेरामा आइसकेको हुँदा प्रतिवादी तिलक बि.क., प्रतिवादी कान्छामान स्याङतान र फरार प्रतिवादी विष्णु के.सी. समेतले केमिकल प्रयोग गरी चरेश तयारी तथा उत्पादन, संचय, खरिद बिक्रि वितरण, ओसार पसार तथा निकासी वा पैठारी गर्ने समेतको कार्य गरेको देखिएकोले निज प्रतिवादीहरूले गरेको कार्य लागुऔषध नियन्त्रण ऐन २०३३ को दफा ४ (क), (ग), (घ), (ङ), (च) अनुसारको कसुर र अर्का प्रतिवादी शुकलाल गोङ्वा, प्रतिवादी भिम बहादुर गोम्बो, प्रतिवादी पासङ्ग तामाङ भन्ने पासङ्ग पाखिनले गरेको कार्य लागुऔषध चरेश ओसार पसार तथा निकासी वा पैठारी गरेको देखिएकोले निज प्रतिवादीहरूले गरेको कार्य सोही ऐनको (ङ) बमोजिमको कसूर गरेकोमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४ (घ) को (५) बमोजिम

कारबाही सजाय हुनका साथै उल्लेखित लागुऔषध चरेशको कारोबार गर्ने कार्यमा प्रयोग भएको प्रतिवादीहरूको साथबाट बरामद भएको बरामदी मोबाइलहरू, र प्रतिवादी तिलक बि.क. ले आफ्नो खाताबाट अंग्रेजी मिति २०२०/०२/०२ (२०७६/१०/१९) गतेको दिन निज आफैले रू. २,४०,०००। (खाताबाट निकालेको बैंक स्टेटमेन्टबाट देखिएको र लागुऔषध चरेश खरिद बिक्री गर्न डिल गरिरहेको अवस्थामा वारदात स्थानबाटै प्रतिवादी तिलक बि.क. को साथबाट उक्त बैंक स्टेटमेन्टमा देखिए बमोजिमको नगद रू. २,४०,०००। (अक्षरेपी दुई लाख चालिस हजार) नै बरामद भएको हुँदा उक्त रकम लागु औषध खरिद बिक्री गर्न ल्याएको स्पष्ट हुन आएकोले उल्लेखित मोबाइलहरू तथा नगद रकमसमेत जफत हुन र बरामद भएको लागुऔषध चरेश पक्राउ प्रतिवादी अन्तरे भन्ने सुर्यमान तामाङको जिल्ला धादिङ बेनिघाट रोराङ गा.पा. वडा नं. १ सुन्दरनागी स्थित खेती गर्ने पाखो बारीको गाँजाबाट चरेश तयारी गरी उत्पादन गरेको भनि बयानमा खुलाई लेखाई दिएको र उल्लेखित स्थानमा निजको कित्ता नं. ५७ मा २०-५-२-३- र कित्ता नं. ४-३-१-१ क्षेत्रफल जग्गा रहेको भनि खुली आएकोले उक्त जग्गामा उत्पादन भएको २० किलोग्राम लागुऔषध चरेश प्रतिवादीहरूको साथबाट बरामद भएको देखिएको र पक्राउ प्रतिवादी कान्छामान स्याङतान र तिलक बि.क.ले बयान गर्दा निज अन्तर भन्ने सुर्यमान तामाङबाट पहिला पनि २ पटक गरी १०/१० किलोग्रामको दरले लागुऔषध चरेश खरिद बिक्री भईसकेको भनि खुलाई लेखाई दिएको देखिएकोले निज अन्तरे भन्ने सुर्यमान तामाङको उक्त जग्गाबाट ठुलो मात्रामा लागुऔषध चरेश उत्पादन तयारी भई संचय, खरिद, बिक्री एवम् ओसारपसार समेतको कार्य भएको देखेएको हुँदा निज अन्तरे भन्ने सुर्यमान तामाङको कित्ता नं. ५७ मा २०-५-२-३ र कित्ता नं. ४-३-१-१ क्षेत्रफल जग्गासमेत कानून बमोजिम जफत हुन र अर्का प्रतिवादी कान्छामान स्याङतानले बयानको क्रममा लागुऔषध चरेश संचय गरी आफ्नो घरमा राखी बिक्री वितरणको लागि ओसारपसार गर्ने गरेको भनि खुलाई लेखाई दिएको हुँदा निजको उक्त घर तथा घर भएको जग्गा समेत जफत हुने समेत माग दाबी लिई बरामदी दशी, सक्कल नक्कल मिशिल कागजातहरू र पक्राउ प्रतिवादीहरूलाई (विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण गर्न

नेपाल सरकारले २०७६ साल चैत्र ११ गते देखि देशभर लकडाउनको घोषणा गरेको कारण अदालत समेत बन्द रहेको हुँदा) मिति २०७७/०२/०३ गते जिल्ला सरकारी वकिल कार्यालय धादिङमा प्रस्तुत गरेकोमा जि.स.व.का. धादिङले समेत सोही अनुसारको अभियोजन गरी २०७७ साल जेष्ठ ७ गते सम्मानित धादिङ जिल्ला अदालत धादिङमा पेश गरेकोमा सम्मानित अदालतको २०७७ साल जेष्ठ ९ गतेको आदेशले निज सबै प्रतिवादीहरूलाई पूर्पक्षको लागि जिल्ला कारागार कार्यालय धादिङमा थुनामा पठाएको छ । अदालतमा पेश भएका सबै प्रतिवादीहरू अहिले आफूले गरेको कर्तुतको बारेमा पछुतो मान्दै कारागारमा आफ्नो दिनहरू बिताइरहेका छन् ।

♦♦♦

गीत

## आमाको सम्झनामा



✍ **नर बहादुर बि.सी.**

सम्झना आउँछ मधुरो आमाले जाँतो पिसेको,
आमाकै छेउँमा बसी म क, ख, ग, घ सिकेको ।
दिन र रात आफूले पसिना दाना बगाउथिन्,
मुटुको टुक्रा मलाई अक्षर अंक सिकाउथिन् ।।

आधा पेट आफू खाएर भरी पेट मलाई खुवाउथिन्,
संघर्षमय जीवन बिस्तारै बिस्तारै बुझाउथिन् ।
सम्झना मलाई ताजै छ साहूका काममा गएको,
पोल्टामा खाजा साँचेर छोरालाई भनी ल्याएको ।।

जीवनमा सधैं लडेर मलाई तिम्ले बढायौं,
"दुःखलाई जित्ने कसरी ?" भन्ने पाठ् मलाई पढायौं ।
आमाकै दर्शन बोकेर गरिबी सङ्ग्राम जितेथें,
आमाकै सुसार गरेर केही सुखीका दिन बितेथे ।।

आमाको जस्तो पवित्र माया काहींबाट पाईन्न,
जिउँदै सेवा गर्ने हो मरे लोकेचार चाहिन्न ।
"श्रद्धा" गर्ने हो आमालाई "सराद्धे" गर्नु पर्दैन,
आमाको माया ममता कहिल्यै पनि मर्दैन ।।

*-बानियाँटार, काठमाडौं ।*

कथा

# त्यो भयङ्कर रात



होमनाथ खनाल

त्यतिबेला म तेह्र वर्षकी थिएँ र कक्षा नौमा पढ्थें । मेरो स्कूल पनि घर नजिकै थियो । स्कूलमा मेरो नाम बसन्ती भए पनि घरमा बोलाउँदा सबैले बबी भन्नुहुन्थ्यो । पहाडको गाउँ, भिरालो जमिन, घरमाथि भनौं गाउँकै माथि ठूला पहरा, ठूलाठूला ढुङ्गा थिए । सानो खोल्सा पनि थियो । पानी जहिल्यै आइरहने हुनाले खेतीपाती गर्न सजिलो थियो । भिरालो भएरै होला गाउँको नामनै भिरगाउँ थियो । हाम्रो परिवारमा बा, आमा, दाजु र म गरी चार जनाको परिवार थियो । दाइ एस. एल. सी. गरेर यही गाउँको स्कुलमा पढाउनु हुन्थ्यो । हामीलाई खान लाउन र घर खर्च गर्न कुनै समस्या थिएन ।

एक दिन बेलुका खाना खाएर दाजु र म अगेनुको छेउमा बसेका थियौं । आमा माथिल्लो तलामा सुत्न गई सक्नुभएको थियो । बा रामायणको श्लोक हामीलाई सुनाउँदै हुनुहुन्थ्यो । बाहिर पानी झमझम परिरहेको थियो । अघिल्लो दिन देखि अविरल वर्षा भइरहेको थियो । अचानक एउटा ठूलो आवाज आयो । म कुदेर बाहिर निस्किएँ । घर माथिको ठूलो ढुङ्गा त घर छेउमै आईरहेको जस्तो देखें । म अर्को साइडतिर भाग्दै 'बा, आमा भाग्नुभाग्नु' भन्दै कराउदै भागें । एकै छिनमै ठूलो ढुङ्गा सहित आएको पहिरोले हाम्रो घर कता पुऱ्यायो, थाहा भएन । अन्धकार रातमा म एक्लै रूदैं कराउदै बसें । तर बा, आमा, दाजु अहँ कोही आउनु भएन । चारैतिर अन्धकार थियो । जहाँ पनि पहिरोको खतरा भए जस्तै लागेर छामछाम छुमछुम गर्दै भागें । भाग्दै जाँदा डाडाँ घरे दाइको गोठमा पुगेछु । रातको करिब नौ बजेको थियो होला । एकनासे पानी परिरहेको थियो । जमिन भूइँचालो गए जस्तै हल्लिरहेको थियो । ठूलो आवाज गर्दै पहिरो गईरहेको जस्तो सुनिरहेको थिए। पहिरो बग्दै तल आँधि खोलामै पुग्यो होला जस्तो लाग्यो । घरमा बा, आमा, दाजु भाग्न सक्नु भयो कि भएन, घर

बारी गोठ सबै बगायो होला भन्ने सम्झिदै रूदै कराउँदै गोठमा बसेको थिए। डरले मेरो जिउ थरथर कापिरह्यो। लुगा भरीले पुरै भिजेका थिए ।

भिजेर मुसो जस्तो भएको थिए। लुगा फुकालेर निचोरे र फेरि लगाएँ । जसोतसो बाँच्न सफल भएँ । पानी पर्न अलीक कम भयो । अब यो साईडमा पहिरो पनि जादैन होला भनि सम्झे । अब भने मेरो लागि रूनु कराउनु शिवाय केही रहेन । रातभर गोठमा रोएर बसें । रूदारूदा आँशु पनि सक्किए क्यार, आँखा पुरै सुख्खा भए जस्तो लाग्यो । पारी गाउँमा भाले बासेको सुने। अब उज्यालो हुनै लागेछ भन्ने लाग्यो । पारी पट्टी आगो बलेको पनि देखिन्छ । गोठमा गाई, गोरू, बाच्छा समेत छ वटा रहेछन् । गाईकै बाच्छाको छेउमा गोबरसँग लत्पतिदै बिहानीको प्रतिक्षामा बसेकी थिए । उज्यालो भएपछिका दिन कस्ता हुने हुन् ? अब यी आँखाले के के देख्नु पर्ने हो भन्ने अनेक पीडा आँखा अगाडि नाचिरहेका थिए । चिसो कपडा माटो र गोबरले लत्पतिदाको अवस्था अर्कै थियो । अलिअली मिरमिरे उज्यालो हुँदै थियो भने मेरो मुटु झनझन काँप्न थालेको थियो । बेलुका बा, दाजुसँग बसेर रामायण सुनेको समयमा यो मन कति प्रशन्न थियो, छिनभरमै कहाँ पुऱ्याइ दियो । के गरूँ ? हिजो गाउँ, साथिभाइ घासपात मेलापात स्कुलमा रमाउँदै हिँडेको अकस्मात यस्तो अवस्था देख्नु पर्छ भन्ने मैले सपनामा पनि सोचेको थिइनँ । कसरी यो मनलाई बुझाउनु ? यो गाउँमा अब जिवित कोही छैनन् होला जस्तो लाग्यो । पच्चीस घर र एउटा स्कुल थियो, एकसय साठी भन्दा बढीको बसोबास रहेको थियो । पशुचौपाय दुई सय भन्दा बढी नै थिए होलान् । सबै घर एकै पाटा तिर भएकोले सबै बगायो जस्तो लाग्यो। यस्तै कुरा सोच्दा सोच्दै अलिअलि उज्यालो भयो ।

गोठबाट निस्केर डाँडाबाट गाउँ तिर हेरें । गाउँको त नाम निशाना छैन । आकाश अहिले फाटेको छ । पानी पर्न छाडेको छ । गोठका गाईवस्तु पनि डाडाडुडु गर्न थाले । गाउँको नामो निशाना नदेखेर होला यिनीहरू अत्तालिए झैं देखें । आज यो गोठले यी गाई वस्तु र मलाई बचाएको छ । अब यो साइडमा पहिरो गएन भने बाँचिन्छ जस्तो लाग्यो। अब पुरै उज्यालो भइसकेको थियो। पारी गाउँबाट होहल्ला गरेको सुनियो । के भनेको बुझिन तर अधेंरी खोला उर्लेर आएको देखियो । सायद पुल बगाएर होला । पारीबाट साइसाइ सुईसुई गरेको सुनिन्छ। कोहि कराए जस्तो पनि लाग्छ तर केहि बुझिदैन । म पनि अग्लो

कान्लामा गएर रूदैं रूदैं मलाई बचाउनुहोस् भन्दै कराउन खोजे तर बोली आएन । कपडा देखाए देखुन् भनेर । शरीर पुरै अरअरो भएको थियो, ढाडीएर होला । गाउँघर केहि छैन, लेदो बगिरहेको छ । त्यहाँ गाउँघर, गोठ थियो भनेर भन्नै नसकिने गरि सबै बगिसकेको थियो ।

अब यो बस्तीमा कोही जीवीत छैनन् भन्ने पक्का भयो । अहिले सम्म कोही कतै देखा परेको छैन । कही केही होहल्ला थिएन । गाउँमा करिब ८/९ बजे भित्र त सबै सुति सक्छन् । सबै निदाएको समय भएकोले सबै पहिरोमा बग्नु भएको होला जस्तो लाग्यो । म अभागी किन भागे छु, नभागेको भए सगैं त भइन्थ्यो भनेर आफुलाई आफैदेखि रिस उठ्यो । अब कता जानु, के गर्नु साहारा कोही छैन । फेर्ने कपडा छैन, खानेको त कुरै छोडौ । पारी गाउँबाट कोही आउनुहुन्छ की भन्ने आसामा बसे। खोला तर्न कठीन छ, पूल पनि बगाएको हो भने कोही आउने सम्भव थिएन । अब यी गाईवस्तु खोलेर छाडिदिनु पर्‍यो भनेर सबै गाईगोरू, बाच्छाबाच्छी खोलीदिएँ । सबैसँग रूदै बिदा मागें । रातभर सँगै थियौं अब कताकता हुने हो थाहा छैन तिमीहरू पनि आफै बाँच्ने प्रयास गर भन्दै पल्लो पाखा बारी तिर लगाइ दिएँ । घासको त कमि थिएन, चर्छन् होला । म कामना गर्छु की उनीहरूको परिवार केही बाधा नआवस् म जस्तो परिवारबाट छुट्नु नपरोस् । पशु भन्नु मात्र कति सम्म चेतना हुँदोरहेछ भन्ने गाईको आँशु देखेर थाहा भयो । छेउमा गएर सुमसुम्याएँ गाईले मलाई चाट्यो । गाईका आँशु तप्प तप्प झरे । मेरो भक्कानो फुटेर आयो । लाग्यो, यी नै मेरी आमा हुन् । तर उनको पनि परिवार छोराछोरी थियो । त्यसैले तिमी तिम्रो बाटो जाऊ भनें । गाई बाटो लाग्यो पनि ।

घाम मज्जाले लागेको थियो । भित्र लाएको वस्त्र बाहेक बाहिरी वस्त्र सबै गोवर र हिलो लागेको थियो । हिँड्दाहिँड्दै एक्दमै तिर्खाए जस्तो भोक लागे जस्तो भयो । हात खुट्टा लल्याक् लुलुक् भयो । अब के गर्ने, सकि नसकि हिंड्दै थिएँ। त्यहिं परतिर धारो रहेछ । पहिला पेट भरिने गरी पानी पिएँ । अब चाहिं बाँच्छु जस्तो लागेर आयो । आफु नुहाएँ । लुगा धोएर घाममा सुकाएर पारी पट्टी हेर्दै बसिरहें । देखुन् भनेर कहिले कपडा हल्लाए, कहिले हात तर अहँ ! कसैले मलाई देखेनन्, रूदै बस्नु शिवाय केही रहेन ।

आमा बाबाट कहिल्यै टाढा भएर नबसेकी म उहाँहरूको एकदमै

याद आयो । कतैबाट नानी भन्दै बोलाउनु हुन्छ कि, बहिनी भन्नु हुन्छ कि भनेर कान ठाडो पारेर सुनिरहें । मेरा कान थाके । मेरा आँखा मधुरा भए तर अहँ आमा बाले छोरी पनि भन्नु भएन, दाजुले बहिनी पनि भनेन् । मलाई थाहा छ उहाँहरू यो सन्सारमा हुनुहुन्न तर...तर म यो कुराको कसरी विश्वास गरूँ ? जानेले त एकदिन दुःख पाउनु भयो होला तर मैले त जीवनभर यो पीडा बोकेर बाँच्नु पर्ने भयो । कसरी भुलुम् म मेरा आमा बा, दाजु, साथिभाइ, आफन्तहरू । धिक्कार भो म बाँचेको । सगैं गएको भए पीडा त हुने थिएन । कसो गरूँ, मेरो पीडा को सँग पोखु ? कसलाई सुनाउं ? सुन्ने कोही छैन । अब म पनि त्यहीं पहिरो हुदैं खोलामा गएर फाल हान्छु र सधैंको लागि पीडाबाट मुक्त हुन्छु । मेरा आमाबा सँगै हुन्छु ।

पारीपट्टीबाट सयौं मानिसहरू खोलातिर झरेको देखें । सायद यता पनि आउनुहुन्छ भन्ने आशा लाग्न थाल्यो । सबैले केही बोके जस्तो पनि देखें। पुल बगाएर अस्थाई पुल बनाउन पो होकी भन्ने सम्झें। झोलुङ्गे पुल थियो, मैले जान्दादेखि बाटै । वारीपारी हाम्रो नाता सम्बन्ध नै थियो । विवाह गरेर यताका चेली उता, उताका यता आउनु भएको थियो । यो दृश्य देख्दा पारीपट्टी पनि ठूलै पीर त परेकै थियो । कसैले छोरी, कसैले बुहारी नातिनातीना, भानाभान्जा सबै गुमाउनु भएको थियो। सबैको मन जलेकै होला, रूवाबासी चलेको होला, मन थाम्नै नसकिने यो पीडामा उहाँहरू पनि रूमलिनु भएको होला । अब त यो गाउँकी एक्ली टुहुरी चेली म मात्र हुने भएँ । कसरी मन बुझाउँ । यो मन बुझाउन एकदमै कठिन भएको छ । ♦

## गजल



**टीकाराम दुलाल**

एउटै कुराको डर लाग्छ यो मनमा बारबार
स्वीकार्य होला त ? तिमी ब्राह्मण म परियार

ओठे चिप्ले धेरै हुन्छन् यहाँ अभियान्ताहरू
दुई जात भन्नेले पनि ननाघ भन्छन् सँघार

बोली व्यवहार समानान्तर छ यो समाजमा
अझै पनि तिमी र म सपना देख्दैछौ लगातार

अभिनय गर्नेहरूको असली रूप बुझौ कसरी
दैनिक जीवनमा पनि नाटकले नै गर्छन् सिकार

हामी त प्रेमिल जोडी प्रतिनिधि पात्र मात्र हौं
जात थर र वर्णको कहिले सकिएला कुविचार

# आमा



✍ **प्र.ना.नि. नेत्रहरि काफ्ले**

आमा माया, ममता, स्नेह र प्रेरणाकी खानी हुन् । मानव, जीवजन्तु र चराचुरुङ्गी सबैलाई सबैभन्दा प्रिय लाग्ने शब्द आमा नै हो । मानव जगतमा आमा सृष्टिकर्ता र संरक्षणकर्ता पनि हुन् । आमाले आफ्ना सन्तानप्रति गर्ने मायाको कुनै चीजसँग तुलना गर्न सकिदैन । आफ्ना सन्तानको खुशीका लागि सबै खुशी, ईच्छा, चाहनालाई बलिदान दिन सक्ने एकमात्र व्यक्ति आमा हुन् । सबै आमाले आफ्ना सन्तानले राम्रो काम गरून, समाजमा प्रसिद्धि कमाउन, क्षमतावान र प्रभावशाली भएको हेर्ने इच्छा राखेका हुन्छन् । त्यसैका लागि आमा सन्तानलाई पलपलमा संस्कार, नैतिकता, असल व्यवहार, अनुशासन, कर्तव्य र उत्तरदायित्व बारे प्रशिक्षण गराउँछिन् । आमा मानव जातीको प्रथम गुरू हो । हामीले दुःख कष्ट पिडा र असहज परिस्थितिको सामना गर्नु पर्दा सबैभन्दा पहिला आमा शब्दको उच्चारण गर्छौ जसले हामीलाई उच्च मनोबल प्रदान गरेको अनुभूति हुन्छ । जीवनको पिडादायी र असहज परिस्थितिमा आमाको उपस्थितिको कामना गरिरहेका हुन्छौ । जसको उपस्थितिले जीवनको पिडा र रोगसँगको लडाई जितेको महसुस हुन्छ । अबोध बालक पनि आमाको अनुपस्थितिमा सम्झी सम्झी रोइरहेको हुन्छ । जन्म दिने, हेरचाह, पालनपोषण गर्ने, संरक्षण गर्ने, बोल्न सिकाउने, उपदेश दिने, नैतिक व्यवहार सिकाउने, सधैं चरित्रवान बन्न प्रेरणा दिनुहुने आमाको भूमिका हाम्रो जीवनमा अथाह र अतुलनिय छ ।

आमा भगवानबाट प्राप्त सबैभन्दा सुन्दर उपहार हो । भगवान पुग्न नसकेको ठाउँमा आमाको रूप लिएर आउनु भएको हो भन्ने भनाई छ । आमा मात्र त्यस्तो व्यक्तित्व हुनुहुन्छ जसले आफ्नो सन्तानलाई नौ महिनासम्म आफ्नो पेटमा बोक्नु हुन्छ, तीन वर्ष सम्म पाखुरामा बोक्नु हुन्छ भने सदासर्वदा आफ्नो मुटुमा राख्नु हुन्छ ।

आमा र सन्तानबीच प्रगाढ सम्बन्ध हुन्छ । आमा हाम्रो प्रेरणाको स्रोत, जीवन दर्शन र विज्ञान हो । जसले जन्म दिन्छ, बोल्न सिकाउछ, हिंड्न सिकाउछ, लडेको बेला उठ्न सिकाउँछ, सफलता हाँसिल गर्ने कला सिकाउँछ, त्यसैगरी असफलताको सामना गर्न सिकाउँछ, माया, प्रेम, स्नेह, र सम्मान गर्न सिकाउँछ साथै नैतिकवान, चरित्रवान, असल नागरिक बनाउन सिकाउने आमालाई कलात्मक विज्ञानको रूपमा लिन सकिन्छ । हामीलाई संस्कार सिकाउने आमा नैनिकता सिकाउने आमा, मिठो बोली बोल्न सिकाउने आमा, असल व्यवहार र खराब व्यवहार छुट्याउन सिकाउने आमा, हरेक दुःख सुखमा साथ दिने आमा, उपदेश दिने आमा, प्रेरणा दिने आमा भएकाले आमालाई ज्ञान र विज्ञानको भण्डारको रूपमा चित्रण गरिन्छ ।

आफु मरेर पनि आफ्ना सन्तानलाई बचाउँने महान भावना आमामा हुन्छ । चीनमा एक पटक पहिरोले पुरिएको आमा र बच्चालाई उद्धार गर्न धेरै दिन लाग्दा आमाले बच्चालाई बचाउन आफ्नो स्तन टोकी त्यहाँबाट आएको रगत बच्चालाई तान्न लगाएर बचाएको मर्मस्पर्शी घटनाले आमाको माया सन्तान प्रति कति हुन्छ भन्ने कुरा चित्रण गरेको छ । विश्वका चर्चीत उपन्यासकार म्याक्सिम गोर्कीले पनि आफ्नो प्रसिद्ध उपन्यासको नाम नै आमा राखेका थिए । उक्त उपन्यासमा आमालाई मुख्य पात्रको रूपमा चित्रण गरी आमाको भूमिकालाई क्रान्तिकारी बनाएका थिए । आमा र सन्तानको माया मानवमा मात्र सीमित नभई जनावर, जीवजन्तु र चराचुरुङ्गीमा पनि त्यतिकै प्रगाढ सम्बन्ध रहेको हुन्छ । चराचुरुङ्गीको बचेरा बचेरीहरूले च्यौं च्यौं गरी आफ्नो आमालाई बोलाईरहेका हुन्छन् भने तिनका आमाले टाढा टाढाबाट आफ्नो चुच्चोमा खाने कुरा च्यापेर ल्याई आफ्ना सन्तानलाई खुवाएका हुन्छन् । गाईको बाच्छोले आमाको दुध खान ब्वाँ ब्वाँ गर्छ आमाको खोजी गर्छ भने बाच्छालाई कसैले चलायो भने हान्न खोज्छ । कस्तो माया, कस्तो स्नेह, कस्तो प्रेम, कस्तो सद्भाव जसलाई हामी तुलना र व्याख्या समेत गर्न सक्दैनौं ।

हाम्रो धर्म, संस्कृति, शास्त्रमा पनि आमालाई उच्च आदर एवम् सम्मान गर्नु पर्ने कुरा उल्लेख भएको पाइन्छ । आमाले जति आफ्ना सन्तानको माया गर्छिन् त्यति माया निश्चय नै कसैले पनि गर्न सक्दैन । हाम्रो आमा प्रतिको मान, सम्मान, आदर र विश्वास पनि असीमित छ । हामी घरबाट टाढा जानु पर्दा र बाहिरबाट घर पुग्दा आमालाई ढोग गरी आर्शिवाद

लिने प्रचलन छ जसले गर्दा आमा र सन्तानबीच अगाध माया ममता स्थापित हुनका साथै हाम्रो आचरणमा समेत सुधार आएको पाईन्छ । हाम्रो पूर्वीय दर्शनमा आमालाई उच्च स्थानमा राखिएको छ । बाल्यकालमा आमाले दुःख कष्ट एवम् विभिन्न हण्डर खाएर आफ्ना सन्तानलाई हुर्काएकी हुन्छिन् । त्यसैगरी आमा वृद्ध भएको अवस्थामा सन्तानले पनि आमाले जस्तै माया तथा प्रेम गरून भन्ने हिन्दू धर्मको मूख्य मर्म रहेको पाइन्छ । पश्चिमी संस्कारमा अशक्त आमा बाबुलाई घरमा राख्दा स्याहार पुग्दैन भनि स्याहार सुसार केन्द्र वा वृद्धाश्रममा लग्ने प्रचलन रहेको छ । तर नेपालमा त्यस्तो कार्यलाई राम्रो मानिदैन ।

आमाको गौरव गुरू भन्दा दश लाख, आचर्य भन्दा लाख तथा पिता भन्दा हजार गुणा बढी हुने भनाई छ । आमा जन्मदाता, कार्यको अवलोकन कर्ता, जीवनको पहिलो गुरू, पीडाको मलम, प्रेरणाको स्रोत र भगवानको प्रतिबिम्वको रूपमा लिइन्छ । वास्तवमा आमा परिवारको खम्बा जस्तै हुन जसबाट परिवारको सुरक्षा समेत हुन्छ । आमा सबभन्दा उत्कृष्ट शिक्षक, सहयोगी ऊर्जावान व्यक्तित्व हो । संसारमा आमाको माया अपरम्पार छ । आमाको काख, साथ, माया र प्रेरणा पाएको सन्तानले असल नागरिकको भूमिका निर्वाह गर्न सक्छ भन्ने भनाई छ । त्यसैले आमा मायाको खानी, प्रेरणाको स्रोत, ज्ञान र विज्ञानको प्रचारक हुन् । आमालाई मृत्युपछि श्राद्ध गर्नु भन्दा जीवित रहदै माया गर्नु, सम्मान गर्नु आदर गर्नु नै हाम्रो कर्तव्य हो ।♦

## गजल

**लीलाराज दाहाल**



कालो अतित सम्भिएर रून्छ्यौ कहिले सम्म,
हत्तेरिका यादको माला उन्छ्यौ कहिले सम्म !

भित्रैसम्म हल्लाई जान्छ धोकाको त्यो कम्पन,
यस्तै भड्का मनमनै गुन्छ्यौ कहिले सम्म !

मिलन बिछोड भन्नु पनि घाम छायाँ रैछ,
आँशुले ती नयनलाई धुन्छ्यौ कहिले सम्म !

भित्रैसम्म घोची गयो घृणाको त्यो सुइरो,
उसलाई सम्भी एकोहोरी हुन्छ्यौ कहिले सम्म !

कहाँ हुन्छ मन खाली दुनियाँमा अचेल,
स्मृतिको त्यो पछ्यौरी तुन्छ्यौ कहिले सम्म !

कति आए मित्रताको साइरन बजाउँदै,
धोकै दिने परदेशी चुन्छ्यौ कहिले सम्म

आकाश जस्तै खुल्ला हुन देऊ मनलाई,
उर्लेका ती चाहनालाई थुन्छ्यौ कहिले सम्म !

लघुकथा

# पुरस्कार



✍ अरुण बहादुर खत्री 'नदी'

तिलक प्रसाद स्कुल पढ्दादेखि नै साहित्यमा रूचि राख्थ्यो । साहित्यिक पत्रिकाहरू खोजेर पढ्ने गर्दथ्यो । हरेक शुक्रबारको दिन स्कुलमा उसले आफूले लेखेका कविता सुनाउने र विभिन्न साहित्यकारले निकालेका कृतिहरू पढी समीक्षा लेखी विभिन्न पत्रिकामा प्रकाशित पनि गर्दथ्यो ।

आफ्ना रचनाहरू साहित्यिक पत्रिकामा इमेल गरेर पठाउथ्यो । उसलाई कोही साहित्यकारहरूले मेरो सङ्ग्रह पढी समीक्षा लेखिदिनु है भनेर दिने पनि गर्दथे । उसले धेरै साहित्यकारका किताबको समीक्षा लेखेर छपाउन सफल पनि भयो । उसलाई साहित्यकारहरूले तपाई त राम्रो समीक्षक बन्नु भयो भनि बधाई पनि दिने गर्दथे तर साहित्यिक संस्थाहरूले दिने पुरस्कारमा भने तिलक प्रसादको नाम कहिल्यै पनि आउदैनथ्यो ।

प्रत्येक पटक पुरस्कारमा नाम नपरेपछि उसको मन साह्रै दुख्यो । त्यसपछि उसले आफ्नो कोठामा भरिएका साहित्यिक पत्रिका र सङ्ग्रहहरू कवाडीलाई पठायो । जति लेखेपनि पुरस्कार कतैबाट पाउन नसकेपछि उसले साहित्यीक रचनाहरू लेख्न पनि छोड्यो । उसलाई चिनेका साहित्यकारहरूले उसका रचना पढ्न नपाएकोमा गुनासो पनि गरे । कतैबाट साहित्यिक पुरस्कार पाउन नसकेकोले लेख्नै छाडिदिएको कुरा उसले सबै साथीहरूलाई बतायो ।

"कर्म गर फलको आशा नगर" भन्ने नेपाली उखान जस्तै निरन्तरता दिँदै जादा एक न एक दिन राम्रै फल पाइन्छ भनी उसको कवयित्री साथी संगीताले सम्झाउन पुगिन् । त्यसपछि तिलकप्रसादले निरन्तररूपमा आफ्ना साहित्यीक रचनाहरू प्रकाशित गर्दै गयो र नभन्दै साठी वर्ष नाघेपछि उसलाई ठाउँ ठाउँबाट सम्मान र पुरस्कारको लागि निम्तो आउन थाल्यो । त्यसपछि उसको मन खुशी हुन थाल्यो र साहित्यमा नै भिजेर समय बिताउदै गयो । ♦♦♦

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४५ साल अङ्क, ३ को **द्वैमासिक पुलिस प्रकाशनमा** प्रकाशित प्रहरी नायव उपरीक्षक कल्याण तिमिल्सिनाद्वारा लिखित **बाल अपराध नियन्त्रणमा प्रहरीको भूमिका'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– *सम्पादक*

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा जन्मन्छ, समाजमै बढ्छ, वयस्क, बुढो हुन्छ अनि समाजमै पार्थिव शरीर छोडेर जान्छ । मानिस जब समाजमा जन्मन्छ र उसको बढ्ने क्रम शूरू हुन्छ तव विभिन्न प्रकारका व्यक्तिहरू सँग उसको सम्पर्क हुन जान्छ । यदि उसको राम्रो मान्छेसँग सँगत भयो र राम्रो सामाजिक वातावरण पायो भने ऊ सानै उमेरबाट राम्रो हुन गई ठूलो भएपछि देशको एउटा सभ्य नागरिक बन्न जान्छ भने गलत मान्छेको सँगत भएमा नराम्रो सामाजिक वातावरण पाएमा सानै उमेरबाट अपराध प्रवृत्तिको हुन गई बाल अपराधी बन्नुको साथै ठूलो भएपछि क्रुर अपराधी पनि बन्न पुग्छ । त्यसैले उसले कुनै पनि मान्छे जन्मदै अपराधी भएर जन्मिन्न ऊ जहाँ जस्तो वातावरणमा हुर्किन्छ त्यस्तै बन्न पुग्दछ ।

बाल अपराधको सम्बन्धमा प्रत्येक देशको आ-आफ्नो छुट्टै दृष्टिकोण रहेको छ । तापनि सामान्य अर्थमा एउटा निश्चित उमेरको बालक जसले सामाजिक मान्यताको विपरित कार्य गर्दछ त्यो बाल अपराध हो । प्रत्येक देशमा यो निश्चित गरिएको उमेर त्यो देशको व्यवस्था, हावा-पानी, माटो सुहाउँदो त्यो देशको कानूनले निश्चित गरेको हुन्छ । जस्तै कानूनी रूपमा भारतमा १२ वर्ष मुनिकालाई, इजिप्टमा १८ वर्ष मुनिकालाई, इराकमा १५ वर्ष मुनिकालाई, इरानमा १८ मुनिकालाई नेपालमा १६ वर्ष मुनिकालाई, जापानमा २० वर्ष मुनिकालाई र अमेरिकाको ३३ वटा राज्यमा १८ वर्ष मुनिकालाई र ३ वटा राज्यमा २१ वर्ष मुनिकालाई नाबालकको श्रेणीमा राखेको छ र यस्तो नाबालकले गरेको अपराधलाई बाल अपराध भनिन्छ । यिनीहरूलाई सजाय हुंदै नहुने व्यवस्था छैन तापनि एउटा वयस्कले गरेको अपराधभन्दा कम सजाएको व्यवस्था गरिएको छ ।




पति : (रिसाउदै) अहिले सम्म खाना पाकेको छैन् ? म बाहिर जान्छु मेरो लागि नपकाउनु ।
पत्नि : केबल ५ मिनेट त पर्खनुस् ।
पति : किन ५ मिनेटमा खाना तयार हुन्छ ?
पत्नि : होइन म पनि तयार हुन्छु नि तपाईसँग जान ।

♦ ♦ ♦

**लामखुट्टेहरू एक आपसमा कुरा गर्दै :**
पहिलो : ओई, भन त मान्छेहरू हामी भन्दा कति गुना साना हुन्छन् ?
दोस्रो : कहाँ सानो हुनु नि ? लाखौं गुना ठूला हुन्छन् ।
दोस्रो : कसरी ?
पहिलो : ए मूर्ख तिनिहरू हामी भन्दा साना नभए हामी छिर्न नसक्ने झुलमा कसरी छिर्छन् त ?

♦ ♦ ♦

**(नेपाली व्याकरण पढाउदै एक शिक्षिका)**
शिक्षिका : भन त निरू नेपाली व्याकरणमा क्रिया र कालको के सम्बन्ध छ ?
निरू : मिस ! काल आएपछि मात्र क्रिया गरिन्छ । अर्को कुरा कालले मान्छे खान्छ तर क्रिया मान्छेले खान्छ ।

♦ ♦ ♦

गलफ्रेन्ड : म फेल हुन चाहन्छु ।
ब्वाइफ्रेन्ड : किन नि ?
गलफ्रेन्ड : ड्याडीले म फस्ट भए भने कार किनी दिन्छु, सेकेन्ड भए भने ल्याप्टप किनीदिन्छु, अनि फेल भए भने बिहे गरि दिन्छु भन्नु भएको छ क्या ।

**सङ्कलनः- प्र.ह.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स. २०५४ साल श्रावण २० गतेबाट चेलीबेटी बेचबिखान तथा बालयौन शोषण नियन्त्रण विषयमा नेपाल प्रहरी र यूनिसेफबीच ५ वर्षिय कार्य योजनामा सम्झौता गरिएको थियो ।
- वि.स. २०४३ कार्तिक ८ गते नेपाल प्रहरीमा कम्प्युटर प्रणालीको आरम्भ भई कम्प्युटर शाखाको स्थापना भएको थियो ।
- वि.स. २०४७ भाद्र २२ गते क्षेत्रीय प्रहरी गणको दरबन्दी निकासा भएको थियो ।
- वि.स. २०५० चैत्र ५ गते दङ्गा नियन्त्रण प्रहरी गणको स्थापना भएको थियो ।
- वि.स. २०४१ जेठ १ गतेबाट प्रहरी केटाको लागि गुल्मको स्थापना गरिएको थियो ।

**सङ्कलनःप्र.ना.नि. संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**मन्दिरा देवी धुजु श्रेष्ठ विरुद्ध नेपाल सरकार, मुद्दा (बैंकिङ्ग कसूर (ने.का.प.२०७६, अंक ४, निर्णय नं. १०२४१)**

खातामा चेकमा उल्लेख गरिए बमोजिम पर्याप्त रकम नभएको भन्ने चेक जारी गर्ने व्यक्तिलाई चेक जारी गर्ने बेलामा थाहा जानकारी भएको र उक्त तथ्य थाहा हुँदाहुँदै निजले दोस्रो व्यक्तिलाई रकम उल्लेख गरी चेक जारी गरेको हो भने त्यस्तो कार्य जानी जानी गरेको मान्नु पर्ने हुन्छ । वस्तुतः चेक जारी गरिने तर चेक भुक्तानी हुन नसक्ने अवस्थाको पूर्व जानकारी सहित चेक काट्ने तथा त्यसको आधारमा भुक्तानी लिने दिने कार्यले नै कसूरलाई स्थापित गर्ने नगर्ने सम्बन्धमा भूमिका खेल्ने । एउटै विषयवस्तुमा दुईतर्फ मुद्दा चल्न सक्ने नसक्ने विषयमा हेर्दा एउटा कार्यले एकभन्दा बढी कसूर कायम हुन सक्ने कानूनी व्यवस्था भएको स्थितिमा बाहेक एउटा कार्यको एउटै कसूर हुने हुन्छ । एउटा कसूरमा एउटा अदालतमा मुद्दा चलेपछि सोही कसूरका सम्बन्धमा अर्को अदालतमा मुद्दा चल्न सक्दैन र यदि मुद्दा चलेमा अभियुक्तलाई दुई पटक खतरामा पारेको मानिने । कसैले कुनै व्यक्तिलाई रकम उल्लेख गरी चेक काटी दिएमा र उक्त चेकको रकम खाम्ने गरी खातामा पर्याप्त रकम नभएको अवस्थामा चेक फिर्ता भएको विषय एकै पटक ठगी र बैंकिङ कसूर दुई वटा कसूर हुन सक्ने नदेखिने ।

**सङ्कलनः प्र.स.नि. जनक आचार्य**

**गजल**

✍ **आर्दश पुरुष**

भएपछि बा बिरामी, छैन गाउँघर म सँग
कुरूवा बस्न थाल्यो, रात दिन बगर म सँग ।।

खुशी उहिल्यै गएको हो ,मेरो मुहार छोडी
छिमेकी होस् भन्दै, मागियो खबर म सँग ।।

म मर्दा ऊ मरेको हो, पराईको शहरमा
मुलुकको काखमा मर्ने, थियो रहर म सँग ।।

नआऊ छेउ छाउ, मट्टितेल जस्तो मान्छे
खरानी बन्न सक्छौ, जब जुध्छ नजर म सँग ।।